# मानव बेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनका लागि पीडित तथा साक्षीको सुरक्षा सबलीकरण

# प्रशिक्षण निर्देशिका

प्रशिक्षण निर्देशिका

प्राज्ञिक सहयोग

**काठमाडौं स्कुल अफ ल**

दधिकोट-९, भक्तपुर

प्रकाशक

**कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)**

तीनकुने, काठमाडौं

| | | |
|---|---|---|
| सल्लाहकार | : | एसोसिएट प्रो. डा. युवराज संग्रौला<br>एसोसिएट प्रो. गीता पाठक संग्रौला<br>एसोसिएट प्रो. किशोर सिलवाल<br>एसोसिएट प्रो. प्रकाश के.सी. |
| स्रोत व्यक्ति | : | राममणी गौतम<br>अन्जन कुमार दाहाल |
| परियोजना संयोजक | : | कपिल अर्याल |
| अनुसन्धानकर्ता | : | जोनी मैलानी<br>पुष्पा पोखरेल |
| भाषा सम्पादन | : | रामचन्द्र फुयाल |
| डिजाइन | : | महेश्वर फुयाल |


प्रकाशक : **कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)**
पो.ब.नं. ६६१८, तीनकुने, काठमाडौं, नेपाल
फोन : ९७७-१-२०४२२६८
फ्याक्स : ९७७-१-४११२२९३



सर्वाधिकार© : कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)



प्रकाशन मिति : २०६५ (March, 2009)

सहयोग : दी एसिया फाउण्डेशन

रमेश चन्द्र ठकुरी

[illegible]

[illegible]

[illegible]

मिति : [illegible]

## शुभकामना सन्देश।

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

धन्यवाद।

[illegible]

रमेश चन्द्र ठकुरी

[illegible]

# प्राक्कथन

मानव बेचबिखन तथा ओोसरपसार संगठित रूपमा गरिने अपराध भएको हुँदा पीडित तथा साक्षीको सुरक्षालाई गम्भीरतापूर्वक हेरिनु पर्दछ । विगतमा पीडितले पटकपटक अदालतमा उपस्थित हुनुपर्ने बाध्यता थियो । पीडितले अदालतमा उपस्थित भई बयान प्रमाणित नगरेको कारणबाट कैयौं मुद्दाहरूमा अभियुक्तले सफाइ पाएका छन् । पीडित र साक्षीको पर्याप्त सुरक्षा नभएको कारणबाट उनीहरूले बयान फेर्ने, मुद्दामा बेवास्था गर्ने र असहयोग गर्ने परिपाटी भएको पाइन्छ ।

अपराधीहरू सजिलैसँग पीडित र साक्षीसम्म पुग्ने, उनीहरूलाई ललाईफकाई गर्ने वा डर, धम्की दिने जस्ता समस्याहरूलाई मनन गर्दै 'मानव बेचबिखन तथा ओसारपसार अपराध नियन्त्रण ऐन, २०६४' निर्माण भई लागू भएको छ । जसअन्तर्गत पीडित तथा साक्षीले असुरक्षा महसुस गरेमा सुरक्षा माग गर्नसक्ने व्यवस्था गरेको छ । यस ऐनका विभिन्न सकारात्मक पक्षहरूमध्ये यसले गरेको मानव बेचबिखनको परिभाषा पनि एक हो । विगतमा महिलाको शरीर मास्ने र बेच्ने कार्यमा मात्र सीमित रहेर गरेको परिभाषामा निकै सुधार गरी मान्छेको शरीर किन्ने-बेच्ने, मानिसलाई किन्ने-बेच्ने उद्देश्यले ओसारपसार गर्ने, पुरुषले वेश्यागमन गर्नु र गैरकानुनी रूपमा मानव अंग झिकेर किनबेच गर्नु जस्ता कार्यलाई समेत यस ऐनले समेटेको छ ।

अनुसन्धान गर्ने प्रहरी, अभियोजन तयार गर्ने न्यायाधिवक्ता र न्याय दिने न्यायाधीश, त्यस्तै अन्य सरोकारवालाहरू जस्तै, प्रमुख जिल्ला अधिकारी, कानुनव्यवसायी, गैरसरकारी संस्थामा काम गर्ने व्यक्तिहरू र समुदायका अन्य व्यक्तिहरूमा यस 'मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४' को बारेमा पर्याप्त जानकारी उपलब्ध गराउने उद्देश्यले दि एसिया फाउन्डेसनको सहयोगमा कानुन अन्वेषण तथा स्रोत विकास केन्द्रले यो तालिम निर्देशिका तयार गरेको हो । विशेष गरी प्रहरी र सरकारी वकिललाई यस ऐनका पीडित र साक्षीको सुरक्षासम्बन्धी व्यवस्थासँग परिचित गराई उनीहरूलाई यो ऐनको प्रयोग सही किसिमले गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले यो निर्देशिका तयार गरिएको हो ।

यो निर्देशिका तयार गर्दा बाँके, मकवानपुर र भक्तपुरमा न्यायाधीश, जिल्ला न्यायाधिवक्ता, वकिल, प्रहरी र नागरिक समाजका व्यक्तिहरूसँग मानव बेचबिखन तथा ओसारपसार मुद्दाहरूसँग सम्बन्धित कानुनी र व्यवहारिक कठिनाइहरूमा केन्द्रित रहेर विशेष छलफल गरिएको थियो । यो निर्देशिका तयार पार्नका लागि अनुसन्धान गर्ने जोनी मैनाली र पुष्पा पोखरेल तथा प्राज्ञिक सहयोग पुऱ्याउने डा. युवराज संग्रौला, सह-प्राध्यापक किशोर सिलवाल, गीता पाठक र प्रकाश के.सी. लाई धन्यवाद दिन चाहन्छौं । त्यसैगरी यस निर्देशिका तयार गर्न स्रोत व्यक्तिको रूपमा आफ्नो सल्लाह र सुझाव दिनुहुने राममणि गौतम र अन्जनकुमार दाहाल धन्यवादको पात्र हुनुहुन्छ । यो निर्देशिका तयार गर्नमा यस परियोजनाका संयोजक कपिल अर्यालको महत्वपूर्ण योगदान छ । यस निर्देशिकाको 'मनोसामाजिक परामर्श' अध्यायको लेखनमा सहयोग पुऱ्याइदिनु भएकोमा पिपिआरलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

यस निर्देशिकामा शुभकामना मन्तव्य दिनुभएकोमा प्रहरी महानिरीक्षक श्री रमेशचन्द ठकुरीलाई पनि धन्यवाद दिन चाहन्छौं । निर्देशिका तयारीका क्रममा विभिन्न किसिमले सहयोग पुऱ्याउने प्रदीप पाठक, सुखदेव सापकोटा, प्रविण सुवेदी र अरुणा जोशीका साथै भाषा सम्पादन गर्नुहुने श्री रामचन्द्र फुयाल, डिजाइन तथा लेआउट गरी सहयोग गर्नुहुने महेश्वर फुयाल, विनोद शिवभक्ति र प्रकाश कार्की धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा मानव बेचबिखन तथा ओसारपसार अपराधमा पीडित तथा साक्षीको सुरक्षाको विषयलाई गहनतापूर्वक लिएर यस विषयमा अनुसन्धान र कार्यक्रम सहयोग गर्न सहयोग गरेकोमा दि एसिया फाउन्डेसनलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

**– कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)**

# विषयसूची

## भाग १

१. परिचयात्मक ....... ९
१.१. तालिम कार्यक्रमको सार-सङ्क्षेप ....... ९
२. मानव बेचबिखन तथा ओसारपसारको अर्थ र परिभाषा ....... १०
२.१. मानव बेचबिखन तथा ओसारपसारको अर्थ र परिभाषा ....... १०
२.२. मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीबीच फरक ....... १५
२.३. मानव बेचबिखन तथा ओसारपसार र देहव्यापारबीच फरक ....... १५
२.४. मानव बेचबिखन तथा ओसारपसार र बसाइँसराइबीच फरक ....... १६
३. मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य र कारणहरू ....... २०
३.१ मानव बेचबिखन तथा ओसारपसारका उद्देश्यहरू ....... २०
३.२ मानव बेचबिखन तथा ओसारपसारका प्रमुख कारणहरू ....... २३
४. मानव बेचबिखन तथा ओसारपसारका तौर–तरिकाहरू र वर्तमान अवस्था ....... २८
४.१ मानव बेचबिखन तथा ओसारपसारका तौर-तरिकाहरू ....... २८
४.२ मानव बेचबिखन तथा ओसारपसारको वर्तमान अवस्था ....... ३०

## भाग २

५. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू . ३५
५.१ संविधान ....... ३५
५.२. कानुन ....... ३६
५.३ मानव बेचबिखन तथा ओसारपसारको अपराधसँग सम्बन्धित अन्य ऐनहरू .... ४२
५.४ अन्तर्राष्ट्रिय कानुनी प्रावधान ....... ४३
६. मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजनको अवस्था ....... ४५
७. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध जाहेरी दर्ता, अनुसन्धान र अभियोजनका चुनौतीहरू ....... ४७
७.१ मुद्दाको जाहेरीको चरणका चुनौतीहरू ....... ४७
७.२ अनुसन्धानका चरणको चुनौतीहरू ....... ५१
७.३ अभियोजनको चरणका चुनौतीहरू ....... ५६
८. मानव बेचबिखन तथा ओसारपसारको मुद्दामा पुर्पक्ष, फैसला र फैसला कार्यान्वयनका चुनौतीहरू ....... ६१
८.१ पुर्पक्षको चरणका चुनौतीहरू ....... ६१

८.२ फैसला र फैसला कार्यान्वयनका चरणका चुनौतीहरू ................................ ६७

९. मानव बेचबिखन तथा ओसारपसार मुद्दाका अपराधीहरूको सफल अभियोजनका लागि पीडित तथा साक्षीको भूमिका ................................ ७७

९.१ पृष्ठभूमि ................................ ७७

९.२. छलफल र अभ्यास ................................ ७८

१०. पीडित तथा साक्षीको सुरक्षाको वर्तमान अवस्था ................................ ८३


## भाग ३


११. मानव बेचबिखन तथा ओसारपसार अपराधको पीडित तथा साक्षीलाई मनोसामाजिक परामर्श ................................ ८७

११.१ मनोसामाजिक सुस्वास्थ्य भनेको के हो ? ................................ ८८

११.२ मनोसामाजिक रूपले स्वस्थ्य ................................ ८८

११.३ मनोसामाजिक रूपले अस्वस्थ्य ................................ ८९

११.४ बेचबिखन तथा ओसारपसारमा परेका पीडित व्यक्तिको मनोसामाजिक सु-स्वास्थ्य बनाउन गर्नुपर्ने कुराहरू ................................ ८९

१२. मानव बेचबिखन तथा ओसारपसारका अपराधीहरूको सफल अभियोजन तथा साक्षी र पीडितहरूको सुरक्षाका लागि सरोकारवालाहरूको दायित्व र भूमिका ........... ९०

१२.१ साक्षी र पीडितहरूको सुरक्षाका लागि सरोकारवालाहरूको दायित्व र भूमिका . ९०

१२.२ अपराधीहरूको सफल अभियोजनका लागि सरोकारवाला र भूमिका पहिचान .. ९१

# भाग १

**लक्ष्य :**

- मानव बेचबिखन तथा ओसारपसारको अर्थ, परिभाषा र बेचबिखन, ओसारपसार, बसाइँसराइ, वेश्यावृत्ती र मानव तस्करीबीचका फरकहरूका विषयमा जानकारी गराउनु,
- मानव बेचबिखन तथा ओसारपसारका उद्देश्य र कारणहरूका बारेमा जानकारी गराउनु,
- मानव बेचबिखनको वर्तमान अवस्था र यसका तौर-तरिकाका बारेमा जानकारी गराउनु ।

**परिच्छेदको खाका**

## परिच्छेदको खाका

| सत्र | विषय | प्रशिक्षण विधि | प्रशिक्षण स्रोतहरू | समय |
|---|---|---|---|---|
| १. | परिचयात्मक | | | ३० मि |
| २. | मानव बेचबिखन तथा ओसारपसारको अर्थ र परिभाषा | - मस्तिष्क मन्थन<br>- समूह छलफल<br>- प्रवचन<br>- वृत्तचित्र प्रदर्शन<br>- घटना अध्ययन | क. न्यायदूत, वर्ष ३८, पूर्णाङ्क १७०, अङ्क ५, मङ्सिर/पुस २०६४, पेज ८-१२<br>ख. Prevention of Trafficking and support of trafficked persons, Published by, the Asia Foundation, Herions Project Population Council, 2001, p. 7-9<br>ग. मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अधिकारमा आधारित उपायबारे दिग्दर्शन, सेलर्ड पेज ७-१८ | १२० मि |
| ३. | मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य र कारणहरू | - मस्तिष्क मन्थन<br>- समूह छलफल<br>- प्रवचन | क. Prevention of Trafficking and support of trafficked persons, Published by, the Asia Foundation, Herions Project Population Council, 2001, p. 15-18<br>ख. Human Rights and Trafficking in Persons: A hand book, 2000, Published by Global Alliance Against Trafficking in women, page. 45-51<br>ग. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अधिकारमा आधारित उपायबारे दिग्दर्शन, सेलर्ड पेज २५-३२ | ९० मि |
| ४. | मानव बेचबिखन तथा ओसारपसारका तौर–तरिकाहरू र वर्तमान अवस्था | - समूह छलफल<br>- प्रवचन | क. Status and Dimension of trafficking with Nepales context, UNIOEM and IIDS<br>ख. Trafficking of Girls and women in Nepal, Yubaraj Sangroula, 2001, Kathmandu School of Law, p. 29-36<br>ग. नेपालमा चेलीबेटीको देहव्यापार यथार्थ तथ्य, चुनौतीहरू, गौरी प्रधान, (प्रकाशक), नेपाल बाल मजदुर सरोकार केन्द्र (CWIN), २०४८ पे. ३२-४२ | ६० मि |

सत्र १

समय : ३० मि.

# परिचयात्मक

**उद्देश्य**

- सहभागीहरूलाई प्रशिक्षणको उद्देश्यबारे जानकारी गराउनु,
- सहभागी र सहजकर्ताबीच परिचय गर्दै कार्यक्रम सञ्चालनका लागि सहज वातावरण तयार गर्नु ।

## १.१. तालिम कार्यक्रमको सार-सङ्क्षेप

यो दिग्दर्शन समुदायका व्यक्ति तथा स्थानीय नेता, वकिल तथा सरकारी वकिल, कानुन कार्यान्वयनका जिम्मेवार व्यक्तिहरू तथा दूतावासमा काम गर्ने विदेशी सेवाअन्तर्गतका कर्मचारीहरूलाई तयार पारिएको हो । यो तालिम विभिन्न लक्षित समूहलाई बेग्लाबेग्लै राखी वा कुनै दुई वा तीन समूहलाई संयुक्त रूपमा पनि गर्न सकिन्छ । जीवन्त छलफल तथा प्रभावकारी बनाउने तालिममा बढीमा ३० जनासम्म सहभागी राखी सञ्चालन गरेमा बढी फलदायी हुन्छ ।

यस तीन दिने तालिम कार्यक्रमबाट जनसमुदायमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ को बारेमा जनचेतना बढ्ने छ जसले गर्दा पीडित तथा साक्षीले मानव बेचबिखन तथा ओसारपसार मुद्दा प्रहरीमा जाहेरी गर्नेछन् भन्ने लक्ष्य राखिएको छ । त्यसैगरी यो तालिमले स्थानीय नेताहरू यस नयाँ ऐनप्रति सकारात्मक हुनेछन् र उनीहरूले पीडित तथा साक्षीलाई आवश्यकता अनुसार कहाँ जाने भनी बताउन सक्नेछन् भन्ने लक्ष्य राखिएको छ। स्थानीय मिडियाले मानव बेचबिखन तथा ओसारपसार अपराध नियन्त्रणसँग सम्बन्धित सूचना तथा समाचारलाई महत्त्वका साथ सम्प्रेषण गर्नेछन् । कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले पीडित तथा साक्षीलाई पर्याप्त सुरक्षा प्रदान गर्नेछन् जसले गर्दा उनीहरू मानव बेचबिखन तथा ओसारपसार अपराधबारे जाहेरी दर्ता गर्नेछन् । दूतावासका कर्मचारीहरू पीडितलाई उचित सुरक्षा प्रदान गर्ने र पुनर्लाभको लागि कार्य गर्नेछन् । वकिल र सरकारी वकिलहरू पीडितलाई मनोसामाजिक सहयोग गर्न सक्षम हुनेछन् ।

सत्र २

समय : १२० मि.

# मानव बेचबिखन तथा ओसारपसारको अर्थ र परिभाषा

**उद्देश्य**

यस सत्रको प्रशिक्षणपश्चात् सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसारको अर्थ, परिभाषा र मानव बेचबिखन तथा ओसारपसार, मानव तस्करी, देहव्यापार र बसाइँसराइको फरक छुट्याउन सक्नेछन् । साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डअनुसार मानव बेचबिखन तथा ओसारपसार अपराधको अर्थ र परिभाषासँग परिचित हुनेछन् ।

**यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू**

१. मानव बेचबिखन तथा ओसारपसारको अर्थ, परिभाषा
२. मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीबीच फरक
३. मानव बेचबिखन तथा ओसारपसार र देहव्यापारबीच फरक
४. मानव बेचबिखन तथा ओसारपसार र बसाइँसराइ बीच फरक
५. राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डअनुसार मानव बेचबिखन तथा ओसारपसार अपराधको अर्थ र परिभाषा


## २.१. मानव बेचबिखन तथा ओसारपसारको अर्थ र परिभाषा

विभिन्न देशहरूका घरेलु कानुनहरूमा मानव बेचबिखन तथा ओसारपसारलाई भिन्नभिन्न तवरले परिभाषित गरिएको पाइन्छ । मानव बेचबिखन तथा ओसारपसारको उद्देश्यअनुसार परिभाषा पनि फरक रहेको पाइन्छ । त्यसैगरी मानव बेचबिखन तथा ओसारपसारलाई अन्तर्राष्ट्रिय कानुनले विगतमा सारै सङ्कुचित दायरामा राखेर परिभाषित गरेको पाइन्छ ।

### २.१.१ नेपाली कानुनमा मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ ले मानव बेचबिखन अपराध ठहरिने र मानव ओसारपसार अपराध ठहरिने गरी दुई वर्गमा यसलाई राखेको छ । जसअर्न्तगत निम्न अवस्थाहरू भएमा मानव बेचबिखन भएको मानिने छ ।

(क) मानिस किन्नेबेच्ने काम गर्नु



(ख) फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनु

(ग) कानुन विपरीत मानिसको अङ्ग झिक्नु

(घ) वेश्यागमन गर्नु

निम्न कार्यहरूलाई मानव ओसारपसार अपराध ठहरिने भनी वर्गीकरण गरेको छ ।

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस् पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।

विगतमा नेपाली कानुनले मानव बेचबिखन तथा ओसारपसारलाई जीउ मास्नेबेच्ने र चेलीबेटी बेचबिखनमा सीमित राखेर हेरेको थियो जसले गर्दा मानव बेचबिखन तथा ओसारपसारसँग जोडिएका धेरै मुद्दाहरू अनुत्तरित थिए ।

### २.१.२ अन्तर्राष्ट्रिय कानुनमा मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

मानव बेचबिखन धेरै पुरानो विकृति हो । यो संसारका अधिकांश देशहरूमा प्रयोगमा थियो । तसर्थ अन्तर्राष्ट्रिय कानुन हालको जस्तो विकसित नहुँदा पनि मानव बेचबिखन तथा ओसारपसार रोक्न, दबाउन वा नियन्त्रण गर्न धेरै पहलहरू भएका पाइन्छन् । हाल आधुनिक अन्तर्राष्ट्रिय कानुनको विकासपश्चात् मानव बेचबिखन तथा ओसारपसारलाई विगतमा भन्दा केही फरक गरेर हेर्ने गरेको पाइन्छ ।

मानव बेचबिखन तथा ओसारपसार रोक्न, दबाउन वा नियन्त्रण गर्न निम्न अन्तर्राष्ट्रिय कानुनहरू निर्माण भएका छन् ।

**Laws Relating to Trafficking and Human Rights**

- International Agreement for the Suppression of the "White Slave Traffic," 18 May 1904, 35 Stat. 1979, 1 L.N.T.S. 83, *entered into force* 18 July 1905.
- International Convention for the Suppression of the "White Slave Traffic," May 4, 1910, 211 Consol. T.S. 45, 1912 GR. Brit. T.S. No. 20, *as amended by* Protocol Amending the International Agreement for the Suppression of the White Slave Traffic, and Amending the International Convention for the Suppression of the White Slave Traffic, May 4, 1949, 2 U.S.T. 1999, 30 U.N.T.S. 23, *entered into force* June 21, 1951.
- Convention for the Suppression of the Traffic in Persons and of the Exploitation of the Prostitution of Others, 96 U.N.T.S. 271, *entered into force* July 25, 1951.
- Slavery, Servitude, Forced Labour and Similar Institutions and Practices Convention of 1926 (Slavery Convention of 1926), 60 L.N.T.S. 253, *entered into force* March 9, 1927.
- Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, Supplementing the United Nations Convention Against Transnational Organized Crime, G.A. Res. 25, annex II, U.N. GAOR, 55th Sess., Supp. No. 49, at 60, U.N. Doc. A/45/49 (Vol. I) (2001), *entered into force* Dec.25, 2003.
- Protocol Against the Smuggling of Migrants by Land, Sea and Air, Supplementing the United Nations Convention Against Transnational Crime, G.A. Res. 55/25, annex III, U.N. GAOR, 55th Sess., Supp. No. 49, at 65, U.N. Doc. A/45/49 (Vol. I) (2001), *entered into force* Jan. 28, 2004.
- Brussels Declaration on Preventing and Combating Trafficking in Human Beings
- Council of Europe Convention on Action against Trafficking in Human Beings
- UNICEF Guidelines for the Protection of the Rights of Children Victims Trafficking in Southeastern Europe (2003).
- Inter-American Convention on International Traffic in Minors, Mar. 18, 1994,

OEA/Ser.K/XXI.5, CIDIP-V/doc.36/94 rev. 5, 79 O.A.S.T.S., 33 I.L.M. 721 (1994).

- United Nations High Commissioner For Human Rights Principles and Guidelines on Human Rights and Trafficking, E/2002/68/Add.1 (2002).
- WHO Ethical and Safety Recommendations for Interviewing Trafficked Women (2003).
- OptionalProtocol to the Convention on the Rights of the Child on the sale of children, child prostitution and child pornography, G.A. Res. 54/263, Annex II, 54 U.N. GAOR Supp. (No. 49) at 6, U.N. Doc. A/54/49, Vol. III (2000), *entered into force* January 18, 2002.
- The Miami Declaration of Principles on Human Trafficking (Feb. 10, 2005), 1 Intercultural Human Rights L. Rev. 11 (2006).

### २.१.३ परम्परागत अन्तर्राष्ट्रिय कानुनको दृष्टिमा मानव बेचबिखन तथा ओसारपसार

मानव बेचबिखन तथा ओसारपसार रोक्न, दबाउन वा नियन्त्रण गर्न केही कानुनहरू लिग अफ नेसन्स भन्दा अगाडि ग्रहण गरिएका छन्, केही लिग अफ नेसन्स कायम रहेको अवस्थामा ग्रहण गरिएका छन् र केही संयुक्त राष्ट्र संघको स्थापनापछि ग्रहण गरिएका छन् ।

परम्परागत अन्तर्राष्ट्रिय कानुनले गरेको परिभाषामा निम्न कमजोरीहरू थिए ।

क) कुनै जातिविशेषको बेचबिखन तथा ओसारपसारलाई मात्र लक्षित गरियो ।

ख) ती वेश्यावृत्तिको अवधारणाभन्दा टाढा पुग्न सकेनन् । अर्को शब्दमा भन्ने हो भने तिनले मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई वेश्यावृत्तिसित मात्र जोडेर हेरे ।

ग) महिला तथा बालिकाहरूको बेचबिखन तथा ओसारपसारलाई मात्र जोड दिए ।

घ) बलपूर्वक भर्तीको विषयलाई मात्र जोड दिइयो ।

ङ) अन्तर्राष्ट्रिय सीमा नाघेर हुने बेचबिखन तथा ओसारपसारलाई मात्र जोड दिएकाले आन्तरिक बेचबिखन तथा ओसारपसार ओझेलमा पार्‍यो ।

समग्रमा भन्नुपर्दा यी तत्त्वहरूले मानव बेचबिखन तथा ओसारपसार आधारभूत मानवअधिकारको हनन् हो भन्ने अवधारणाको द्रुत विकासमा बाधा पुर्‍यायो ।

### २.१.४ आधुनिक अन्तर्राष्ट्रिय कानुनमा मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण र वेश्यावृत्ति तथा अन्य शोषणको अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (Convention for the Suppression of the Traffic in Persons and of the Exploitation of the Prostitution of Others), १९४९ ले निम्न ४ वटा सन्धिहरूलाई एकीकृत गरी एउटै बनायो ।

१) गोरा दास बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सम्झौता (The International Agreement for the Suppression of White Slave Traffic) १९०४

२) गोरा दास बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Suppression of the White Slave Traffic) १९१०,

३) महिला तथा बालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Suppression of the Traffic in Women & Children) १९२१ र

४) पूर्ण बयस्क महिलाहरूको ओसरपसार तथा बेचबिखनसम्बन्धी महासन्धि (International Convention for the Suppression of Traffic in Women of Full Age), १९३३ ।

- संयुक्त राष्ट्रसंघ को स्थापनाले मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण र वेश्यावृत्ति तथा अन्य शोषणको अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि लागू गर्नका लागि एउटा आशालाग्दो अवस्थाको सृजना गर्‍यो । यस महासन्धिले मानव बेचबिखन तथा ओसारपसार, चाहे त्यो ऐच्छिक होस् या त्यसको गन्तव्य जहाँसुकै होस्, लाई सजायको भागिदार बनायो । राष्ट्रिय सीमाभित्रको मानव बेचबिखन तथा ओसारपसारलाई पनि यसले आफ्नो परिभाषाभित्र समेट्यो ।

  तथापि सन् १९४९ को महासन्धि पनि विगतका कैयौं अन्तर्राष्ट्रिय दस्तावेजझैं मानव बेचबिखन तथा ओसारपसारलाई वेश्यावृत्तिसित जोडन चुकेन । त्यो पनि मानव बेचबिखन तथा ओसारपसार वेश्यावृत्तिकै लागि हुन्छ भन्ने परम्परागत समस्याबाट मुक्त हुन सकेन । पूर्व सन्धिहरूझैं यस महासन्धि पनि महिलाहरूको ओसारपसारमा मात्र केन्द्रित रह्यो तर उनीहरूको शोषित अवस्थाको बारेमा भने मौन रह्यो ।

- सन् १९७९ मा महिलाविरुद्ध सबै प्रकारका हिंसा अन्त्य गर्ने महासन्धि [Convention on the Elimination of All forms of Discrimination Against Women (CEDAW)] ले सन् १९४९ को महासन्धिकै पङ्क्तिमा महिलाविरुद्धका सबै हिंसामाथि रोक लगायो । विगतका महासन्धिहरूले झैं यसले पनि मानव बेचबिखन तथा ओसारपसारसन्बन्धी ठोस परिभाषा दिन सकेन । यस महासन्धिले पनि वेश्यावृत्तिलाई नै मानव बेचबिखन तथा ओसारपसार बढाउने प्रमुख कारकतत्त्वको रूपमा पहिचान गरेको छ । यी दुई महासन्धिहरूले वेश्यावृत्ति र मानव बेचबिखन तथा ओसारपसारको सम्बन्धमा देहायका समान दृष्टिकोणहरू राख्दछन् :

  क) व्यवसायिक यौनशोषणका लागि गरिने मानव बेचबिखन तथा ओसारपसार आफैंमा शोषण हो ।

  ख) वेश्यावृत्ति दासता हो र यसले बलपूर्वक वेश्यावृत्तिमा लगाइएका महिला तथा बालबालिकाहरूको मानव सम्मानको उल्लङ्घन गर्छ ।

- सन् १९९८ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघ महासभाले महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारको नियन्त्रण, रोक तथा सजायसम्बन्धी आलेखसहितको अन्तर्राष्ट्रिय साङ्गठनिक अपराधविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको मस्यौदा विस्तृतीकरणका लागि एउटा तदर्थ समिति स्थापना गर्‍यो । यो आलेख मानव बेचबिखन तथा ओसारपसारको सम्बन्धमा पहिलो अन्तर्राष्ट्रिय आलेख थियो जसले मानव बेचबिखन तथा ओसारपसारको बढ्दो खतरालाई साङ्गठनिक अपराधको दृष्टिकोणले हेरेको थियो । दुर्भाग्यवश, पहिलेका अन्य कानुनी संयन्त्रझैं यो आलेख पनि पीडितको मानवअधिकार संरक्षणलाई जोड दिन असफल रह्यो । बरु यो पनि अपराध नियन्त्रण तथा रोक लगाउने दृष्टिकोणबाट मात्रै विकसित भयो । तथापि यसले पहिलो पटक मानव बेचबिखन तथा ओसारपसारलाई साङ्गठनिक अपराधको रूपमा परिभाषित गर्‍यो ।

- महासभाले १५ नोभेम्बर २००० मा अन्तर्राष्ट्रिय साङ्गठनिक अपराधको विरुद्ध महासन्धि तथा मानव तस्करी नियन्त्रणसम्बन्धी आलेख ग्रहण गर्‍यो र १२ डिसेम्बर २००३ मा हस्ताक्षरका लागि खुला गर्‍यो । यसरी मानव तस्करविरुद्धको महासन्धि तथा आलेखले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको निर्माण गर्‍यो । उक्त आलेखले अन्य दुई

संयन्त्रका साथ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध कारबाही गर्न सरकारहरूबीच सीमापारी सहयोगका लागि कानुनी संयन्त्रको निर्माण गरेको छ । अझ बढी यी संयन्त्रहरूले पक्ष राष्ट्रहरूलाई मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध नियन्त्रण गर्न पर्याप्त कानुन प्रत्याभूत गर्न बाध्य पार्दछन् ।[१]

## २.२. मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीबीच फरक

मानव बेचबिखन र तस्करी सामान्य रूपमा हेर्दा उस्तै देखिए तापनि यी दुईबीच ठूलो भिन्नता छ । मानव बेचबिखन देशभित्र र देशबाहिर (विदेशमा) दुवैतिर हुनसक्छ तर मानव तस्करी जहिले पनि सीमा पारीमात्र हुन्छ अथवा मानव तस्करीमा एउटा देशको सीमा काटेर अर्को देशको सीमा पार गराउनु जरुरी हुन्छ ।

मानव बेचबिखनमा पीडितको कहिल्यै सहमति हुँदैन अथवा मानब बेचिबखनमा पीडितको पनि सहमति थियो भन्ने कुरालाई अस्वीकार गरिन्छ र अभियुक्तले पीडितको पनि सहमति थियो भन्ने आधारमा सजायबाट उन्मुक्ति पाउन सक्दैन । मानव बेचबिखनमा पीडितलाई आफू बेचिदैछु भन्ने कुरा वा परिणाम थाहा हुँदैन । मानव बेचबिखन तथा ओसारपसारको मुख्य तत्त्व नै ललाई-फकाई, प्रलोभन, डर वा अन्य तरिकाबाट झुक्याएर विश्वासमा लिइन्छ । मानव बेचबिखनमा पीडितलाई कहाँ गइँदैछ के गरिँदैछ भन्ने परिणामबारे गलत जानकारी दिइएको हुन्छ ।

मानव तस्करीमा पीडित आफैंले गैरकानुनी ढङ्गबाट, जाली कागजात बनाई विदेशको प्रवेशाज्ञा बेगर अर्को देश छिर्न अपराधीहरूलाई सहयोग गर्दछ । मानव तस्करीमा पीडितलाई परिणामबारे थाहा हुन्छ । कहिलेकाही मानव तस्करीबाट सुरु भएको घटना बेचबिखनमा परिणत हुनसक्छ ।

मानव तस्करीलाई एउटा गैरकानुनी कार्यको रूपमा हेरिन्छ तर मानव बेचबिखनलाई सिर्फ एउटा अपराधिक कार्यको रूपमा मात्र हेरिनु हुँदैन । यो मानवअधिकारको जघन्य उल्लङ्घन र मानवताविरुद्धको अपराध हो ।

## २.३. मानव बेचबिखन तथा ओसारपसार र देहव्यापारबीच फरक


देहव्यापार मानव शरीरलाई यौन साधनको रूपमा प्रयोग गरेर आर्थिक लाभ लिने कार्य हो । आफ्नो इच्छाअनुसार देहव्यापार गर्न पाउनु अधिकार हो वा होइन अथवा देहव्यापार शारीरिक शोषण हो भन्ने सवालमा विभिन्न महिलावादी सिद्धान्तहरूबीच भिन्न-भिन्न मत पाइन्छ ।

---

[१] **Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, Supplementing the United Nations Convention Against Transnational Organized Crime Article 3**

(a) "Trafficking in persons" shall mean the recruitment, transportation, transfer, harbouring or receipt of persons, by means of the threat or use of force or other forms of coercion, of abduction, of fraud, of deception, of the abuse of power or of a position of vulnerability or of the giving or receiving of payments or benefits to achieve the consent of a person having control over another person, for the purpose of exploitation. Exploitation shall include, at a minimum, the exploitation of the prostitution of others or other forms of sexual exploitation, forced labour or services, slavery or practices similar to slavery, servitude or the removal of organs;

(b) The consent of a victim of trafficking in persons to the intended exploitation set forth in subparagraph (a) of this article shall be irrelevant where any of the means set forth in subparagraph (a) have been used;



देहव्यापारलाई उमेर पुगेका व्यक्तिले स्वेच्छाले राख्ने यौन सम्पर्क भन्दा अलग गरेर हेर्नुपर्छ । देहव्यापारमा एउटाको शरीरको पैसा तिरेर अर्कोले यौन चाहना पूरा गर्दछ । यसमा शरीरलाई एउटा वस्तुको रूपमा मात्र हेरिन्छ ।

मानव बेचबिखन देहव्यापारको लागि मात्र हुँदैन । स्वेच्छाले देहव्यापार गर्नु अन्य कानुनको दायरामा आउन सक्छ तर मानव बेचबिखन तथा ओसारपसार ऐनले कसैलाई वेश्यावृत्तिमा लगाउन नहुने र त्यसरी लगाएमा दण्डनीय हुने कुरा उल्लेख गरेको छ । साथै वेश्यागमन गरेमा पनि दण्डनीय मानेको छ । देहव्यापारमा पीडितको आफ्नै रोजाइ पनि हुनसक्छ तर मानव बेचबिखनमा पीडितको रोजाइ भन्ने कुरालाई मान्यता दिँदैन वा पीडितको रोजाइ भन्ने हुँदैन ।

## २.४. मानव बेचबिखन तथा ओसारपसार र बसाइँसराइबीच फरक

प्राकृतिक कारण र मानव सिर्जित कारणहरूले गर्दा बसाइँसराइ हुने गर्दछ । बाढी, पहिरो, भूकम्प महामारी जस्ता कुराहरू प्राकृतिक कारण हुन् भने डर, धम्की, युद्ध, विकासनिर्माण, सरकारको बस्ती हटाउने निर्णय जस्ता कुराहरू मानव सिर्जित कारणहरू हुन् । अनियन्त्रित र अव्यवस्थित बसाइँसराइ कहिलेकाहीँ मानव बेचबिखनको कारण बन्दछ । यस्तो प्रकारले बसाइँसराइ भएमा कुनै ठाउँका व्यक्तिको सही तथ्याङ्क थाहा पाउन सकिँदैन । व्यक्तिहरू कहाँ गए, किन गए, सङ्ख्या घटबढ भयो की, कोही हराइरहेको छ कि भनी पत्ता लगाउन गाह्रो हुन्छ । बसाइँसराइमा झुक्यान हुँदैन म यो ठाउँ छाडेर अर्को ठाउँमा बस्न जाँदैछु भन्ने कुरा (परिणाम) थाहा हुन्छ ।

| **मानव बेचबिखन** | **बसाइँसराइ** |
| --- | --- |
|  |  |

## सारांश

मानव बेचबिखन तथा ओसारपसारमा पीडितको सहभागिता वा मञ्जुरी हुँदैन ।

यो मानवता विरुद्धको अपराध हो ।

मानव बेचबिखन तथा ओसारपसारका कारण देहायका अवस्थाहरू सृजना हुन्छन्:

(क) मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरू आफ्ना परिवारजन वा कानुनी अविभावकबाट बिछोडिन्छन् । जुनसुकै उद्देश्यले गरेको भए तापनि यो स्थिति सबै प्रकारका मानव बेचबिखन तथा ओसारपसारमा अवस्थित रहन्छ ।

(ख) मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरू, रोजगारदाता वा उपयोगकर्ताहरूको लाभको लागि श्रमशोषण जसबाट पीडितलाई सीमित लाभ हुने वा कुनै पनि फाइदा नहुने अवस्था ।

(ग) पीडितको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको व्यापक उल्लङ्घन ।

(घ) मानव बेचबिखन तथा ओसारपसारमा परेको व्यक्तिलाई एकलासमा राख्नु, उसलाई स्वतन्त्रतापूर्वक हिँडडुल गर्न प्रतिबन्ध (यात्राका लागि आवश्यक कागजातहरूको जफत) लगाउनु र सार्वजनिक जीवन र सहभागितामा रोक लगाउनु ।

(ङ) यौनशोषणका साथै यौन सेवा वापत उपलब्ध पारिश्रमिकमाथि शोषण ।

(च) अङ्ग प्रत्यारोपणको उद्देश्यले गरिने मानव बेचबिखन तथा ओसारपसारमा अङ्गहरू प्राप्त गरी उपयोगकर्ताको लाभका लागि बिक्री गरिन्छ जुन जीवन र व्यक्तिमाथिको हस्तक्षेप हो ।

(छ) मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई यौन तथा श्रमशोषणका क्रममा यातना दिने तथा दुर्व्यवहार गरिन्छ ।

**उपरोक्त विषयमा छलफल गरिसकेपछि सहभागीलाई चार समूहमा विभाजन गरी तलको घटनामाथि छलफल गराइ मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी, देहव्यापार र बसाइसराइकाबीच फरक छुट्याउन लगाउनुहोस् जसले सहभागीहरूलाई अवधारणागत प्रस्टताका लागि थप मद्दत गर्दछ ।**

**(तलका घटनाहरू अध्ययन गर्नुहोस्, समूहमा छलफल गर्नुहोस् र सोधिएको प्रश्नको कारणसहित उत्तर दिनुहोस्)**

## घटना १

पारिवारिक मित्रहरूले सोनियालाई संयुक्त राज्य अमेरिका आउने निम्तो दिए र हप्ताको १०० डलर पाउने गरी घरको काम गर्न उनी सक्छिन् भनी उनीलाई बताए। सोनियालाई नक्कली यात्रा कागजातहरू दिइएको थियो र उनको नयाँ रोजगारदातासित संयुक्त राज्य अमेरिका पठाइएको थियो। यो कार्य अवैधानिक थियो भन्ने कुरा उनलाई थाहा थियो तर उनीलाई पैसा पनि चाहिएको थियो त्यसैले उनले जोखिम उठाइन्।

**छलफलका लागि प्रश्न**

सोनीया मानव बेचबिखन तथा ओसारपसारको शिकार भएकी थिइन् वा तस्करीको ?

**घटना १ पूरक**

सोनियाको संयुक्त राज्य अमेरिकामा तस्करी भएको थियो। उनी अवैध रूपमा संयुक्त राज्य अमेरिका प्रवेश गर्दै छिन् भन्ने पूर्ण जानकारीसहित स्वेच्छाले प्रवेश गर्दै थिइन्।

संयुक्त राज्य अमेरिका पुग्नासाथ सोनियालाई एकान्तमा एक्लै राखियो। उनलाई छिँडीमा सुत्नका लागि ठाउँ दिइयो र कसैसित नबोल्नु भनी निर्देशन दिइयो। बोलेमा अध्यागमन कार्यालयमा बुझाइदिने धम्की पनि दिइयो। सोनियालाई काम गरेबापतको तलब कहिल्यै दिइएन र उनीलाई त्यहाँ कसैले सहयोग गर्दैनन् भन्ने अनुभव हुन थाल्यो।

फेरि पनि सोनिया मानव बेचबिखन तथा ओसारपसार को पीडित हुन् या तस्करीको यस सन्दर्भमा सोनियालाई घरबाहिर निस्कन बन्देज छ। कसैसँग बोलेमा उनकै देशमा फिर्ता पठाइदिने धम्कीसहित उनलाई काम गर्न बाध्य पारिनेछ र उनी अनैच्छिक श्रम गर्न विवश छिन्।

**छलफलका लागि प्रश्न**

सोनियामाथि भएको यो पछिल्लो घटना के हो ?

## घटना २

मानव स्रोत छनौट तथा भर्ती गर्ने भारतको एउटा कम्पनीले घण्टाको १० डलरको दरले सं.रा.अ. मा काम गर्नका लागि वेल्डरहरूको माग गऱ्यो। उक्त कम्पनीले प्रत्येक सम्भावित कामदारबाट फिर्ता नहुने गरी २५०० डलर निवेदनशुल्क उठायो। सं.रा.अ नपुग्दै बाटोमा कामदारहरूलाई करारमा हस्ताक्षर गराइयो। करारबमोजिम कामदारहरूले अर्को छ महिनासम्म प्रतिघण्टा ३ डलरभन्दा पनि कम रकममा काम गर्नुपर्ने थियो। उनीहरूलाई या करारमा हस्ताक्षर गर्नु नभए घर फर्काइनेछ भनी धम्की दिइयो।

कामदारहरूले सोचे, उनीहरूको सम्पूर्ण बचत लगानी भइसकेको छ र उनीहरू सं.रा.अ.का लागि प्रस्थान गरिसकेका थिए । सं.रा.अ. पुग्नासाथ उनीहरूलाई कारखानाको भुइँतलामा बन्दी जस्तै गरी राखियो र कारखाना मालिकले उनीहरूका राहदानी आफ्नो कब्जामा लिए ।

**छलफलका लागि प्रश्न**

कामदारहरू मानव बेचबिखन तथा ओसारपसार को पीडित हुन् या तस्करीका ?

## घटना ३

कानुन लागू गर्ने स्थानीय निकायले खानतलासी पूर्जी जारी गरी एउटा वेश्यालयमा छापा माऱ्यो र ३ जना १७ वर्षीय किशोरीहरूलाई वेश्यावृत्तिमा संलग्न भएको आरोपमा पक्राउ गऱ्यो । पारिवारिक सेवा विभागले ती तीन नाबालकहरूको अवैध प्रवेशको सन्दर्भमा अध्यागमन तथा भन्सार कार्यालयलाई सूचना दियो । अध्यागमन तथा भन्सारका प्रतिनिधिहरूले ती तीन नाबालकहरूसँगको अन्तर्वार्ताबाट उनीहरूलाई अबैध रूपमा सं.रा.अ मा तस्करी गरिएको कुरा पत्ता लगाए ।

**छलफलका लागि प्रश्न**

ती किशोरीहरू मानव बेचबिखन तथा ओसारपसार का पीडित हुन्, या तस्करीका ?

## घटना ४

सं.रा.अ.का कुनै एक दम्पतीले भारतस्थित उनीहरूका नातेदारलाई शिक्षाका लागि ती नातेदारकी छोरीलाई सं.रा.अ पठाउन आग्रह गरे । ती दम्पती ती किशोरीका काका काकी थिए । सं.रा.अ स्थित ती काका काकीले ती भारतीय किशोरीलाई खाने बस्ने व्यवस्था मिलाई सहयोग पनि गर्ने आश्वासन दिए । विद्यार्थी प्रवेशाज्ञा (Student visa) पाउन सहयोग होस् भनी काका काकीले ती किशोरीलाई सं.रा.अ. को एउटा विद्यालयमा भर्ना पनि गरिदिए । किशोरीलाई विद्यार्थीको प्रवेशाज्ञा दिइयो र शिक्षाका लागि सं.रा.अ प्रवेश गर्ने अनुमति पनि । ती किशोरी सं.रा.अ. पुग्नासाथ उनका काकाकाकीले ती किशोरी विद्यालय जाने छैनन् भनी बन्देज लगाए । उनीहरूको उद्देश्य किशोरी विद्यालय गई शिक्षा हासिल गरुन् भन्ने थिएन । विद्यालय भर्ना त प्रवेशाज्ञाको लागि मात्र थियो । यस सन्दर्भमा किशोरीलाई कुनै करकाप वा बलजफ्तीमा नपारी प्रवेशाज्ञाको किर्तेद्वारा सं.रा.अ. मा तस्करी गरिएको थियो ।

आगामि धेरै हप्तासम्म किशोरीलाई भुइँतल्लामा निरन्तर थुनेर राखियो र यदि उनले भाग्ने कोसिस गरिन् भने प्रवेशाज्ञा किर्तेको अभियोगमा उनलाई पक्राउ गरिन्छ भन्ने धम्की पनि दिए । बिस्तारै उनका काकाले उनलाई स्थानीय होटलमा लगे र सरसफाइ तथा अन्य रेखदेखको कार्यमा संलग्न गराए । किशोरीलाई उनको कामको भुक्तानी दिइएन, उनका व्यक्तिगत परिचयका आधारहरू जफत्त गरियो र सधै प्रवेशाज्ञा किर्तेको अभियोग जुनसुकै बखत पक्राउ पर्ने कुराको याद दिलाउँदै निरन्तर शोषण गरियो ।

**छलफलका लागि प्रश्न**

यो घटना मानव बेचबिखनको हो वा मानव तस्करीको हो ?

सत्र ३

समय : ९० मि.

# मानव बेचबिखन तथा ओसारपसारको उद्धेश्य र कारणहरू

## उद्धेश्य

यस सत्रको प्रशिक्षणपश्चात् सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य तथा कारणहरूको बारेमा जानकारी प्राप्त गरी त्यस्ता कारणहरूको विरुद्धमा वकालत गर्न सक्षम हुनेछन् ।

## यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू

१) के-के उद्देश्यका लागि मानव बेचबिखन तथा ओसारपसार हुने गर्दछन्,

२) मानव बेचबिखन तथा ओसारपसार हुनुको आर्थिक तथा सामाजिक कारणहरू,

३) मानव बेचबिखन तथा ओसारपसार हुनुका अन्य कारणहरू ।

**मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य र कारणहरू के–के हुन सक्छन् सहभागीहरूसँग तलको सामग्रीका आधारमा छलफल र विश्लेषण गर्ने**

## ३.१ मानव बेचबिखन तथा ओसारपसारका उद्धेश्यहरू

मानव बेचबिखन तथा ओसारपसार यौनशोषण, घरेलु श्रम, मनोरञ्जन, बँधुवा मजदुर, अङ्ग व्यापार जस्ता विविध उद्देश्यका लागि गरिन्छ। यसका अतिरिक्त अरू पनि थुप्रै शोषणपूर्ण रूपहरू हुनसक्छन्। मानव बेचबिखन तथा ओसारपसारका उद्देश्यहरू यस प्रकार छन् :

### ३.१.१ यौनशोषण

यौनशोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसार सबैभन्दा पुरानो स्वरूपको मानव बेचबिखन तथा ओसारपसार हो र यसका विविध आयामहरू छन्। उहिले यौनशोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसार बलपूर्वक वेश्यावृत्ति र यौन दासताका लागि गरिने मानव ओसरपसार तथा

बेचबिखन भनी बुझिन्थ्यो । अहिले, मानव बेचबिखन तथा ओसारपसार यौन पर्यटक, बाल यौन दुराचार र अश्लील प्रदर्शनीका लागि गरिन्छ । दक्षिण एसियाली राष्ट्रहरूमा यौन पर्यटन र बाल यौन दुराचार व्यापक हुँदै गएको छ । विशेष गरी बालबालिकाहरू यसप्रकारको दुरूपयोग तथा शोषणका लागि जोखिममा पारिएका छन् । नेपालबाट भारत र बंगलादेशबाट भारत र पाकिस्तान र खाडी मुलुकहरूमा बढीजसो मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू घट्ने गर्छन् । पीडितहरूमाथि हुने देहायका क्रियाकलपाहरूले यौनशोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसारको परिणाम निम्त्याउँछः-

- मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरू दलाल वा वेश्यालयका मालिकहरूका आर्थिक लाभका लागि इच्छाविपरीत यौन सेवा उपलब्ध गराउन बाध्य पारिन्छन् । यसबाट स्वयं पीडितहरूलाई चाहिँ नगन्य वा शून्य लाभ हुन्छ ।
- यौन सेवा प्रदान गर्न नचाहनेहरूमाथि बल प्रयोग गरिन्छ । बल प्रयोग गर्ने क्रममा उनीहरूमाथि दलाल वा पिम्पहरूद्वारा बलात्कारलगायत अन्य यातना दिन लगाइन्छ ।
- थुनेर राखिन्छ जहाँबाट भाग्न प्रायः असम्भव हुन्छ ।
- एचआईभी/एड्स जस्ता यौनजन्य रोग सर्ने खतरा रहन्छ ।
- सेवा उपभोगीहरूबाट शारीरिक र मानसिक यातना दिइन्छ ।
- बधुँवाको अवस्था रहन्छ ।

उल्लेखित क्रियाकलापहरूले पीडितको आधारभूत मानवअधिकारको हनन् गर्छन् । त्यसकारण राज्यको फौजदारी न्याय व्यवस्थाभित्र पुनर्स्थापनात्मक उपयहरू समाविष्ट गर्नु जरुरी छ ।

### ३.१.२. भीख माग्न लगाउनु

विशेषगरी महानगरहरूमा भीख माग्ने काममा लगाउनका लागि पनि महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार गरिने गरिएको पाइन्छ । अनाथ तथा शारीरिक र मानसिक रूपमा अपाङ्ग बालबालिकाहरू यस प्रकारको जोखिममा पर्ने गरेका छन् ।

### ३.१.३. घरेलु र अन्तर्देशीय धर्मपुत्र/पुत्री ग्रहण

धर्मपुत्र/पुत्री राख्ने उद्देश्ले गरिने मानव ओसरपसार तथा बेचबिखन अर्को स्वरूपको मानव बेचबिखन तथा ओसारपसार हो । यस स्वरूपको मानव ओसरपसार तथा बेचबिखनबाट गरिब आमाबाबु र त्यागिएका बालबालिकाहरू जोखिममा पर्दछन् । धर्मपुत्र/पुत्री राख्ने आमाबाबुहरूले विभिन्न सङ्घसंस्थाहरूका साथै दलालहरूमार्फत ठूलो रकम भुक्तानी गर्छन् । मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्नहरूले यसबाट ठूलो लाभ प्राप्त गर्छन् ।

### ३.१.४. ऊँट दौडमा सइसको रूपमा प्रयोग

ऊँट दौडमा सइसको रूपमा साना केटाकेटीहरूको प्रयोग गरिन्छ जसले उनीहरूको जीवन जोखिममा पर्दछ । यी बालबालिकाहरू कुपोषणले ग्रस्त हुन्छन् र ऊँटको पिठ्युँमा कम तौल परोस् भनी ती केटाकेटीहरूलाई आधा पेट खुवाइन्छ । यसभन्दा बढी उनीहरूलाई ऊँटको पिठ्युँमा बाँधिन्छ ता कि उनीहरू हाम नफालुन् र नखसुन् । भारत तथा बंगलादेशबाट वर्षेनी धेरै बालबालिकाहरू मध्यपूर्वमा ऊँट दौडमा सइसको रूपमा प्रयोग गर्न बेचबिखन तथा ओसारपसार गरिन्छ ।

### ३.१.५. मानवअङ्ग व्यापार

यो नयाँ स्वरूपको मानव बेचबिखन तथा ओसारपसार हो । मानव अङ्ग व्यापारको लागि मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्य आकर्षक व्यवसाय भएको छ । गरिब मानिस तथा बालबालिकाहरूलाई ठूलो रकमको लोभ देखाएर आफ्नो अङ्ग दान गर्न आकर्षित गरिन्छ तर उनीहरूमाथि प्रायः छल गरी उनीहरूको भित्री अङ्ग झिकेर बेचबिखन गरिन्छ । पछिल्लो समयमा नेपालका विभिन्न गाउँहरूबाट सोझा र गरिब मानिसहरूलाई ललाइफकाई विभिन्न प्रलोभनमा पारी भारतमा लगेर उनीहरूको मिर्गौला बेच्ने गरेको अवस्था छ ।

### ३.१.६. मनोरञ्जनमा प्रयोग

मनोरञ्जनका लागि पनि मानव बेचबिखन तथा ओसारपसार गरिने गरिन्छ । महिला तथा बालबालिकाहरूलाई सर्कसमा काम गराउनका लागि बेचबिखन तथा ओसारपसार गरिन्छ । उनीहरूलाई राम्रो तलब तथा रोमाञ्चक जीवनको झूठो आश्वासन दिइन्छ तर पछि गएर उनीहरूलाई अत्यन्त थोरै तलब दिइन्छ र समयसमयमा यौन दुर्व्यवहार र शोषण गरिन्छ ।



### ३.१.७. बलपूर्वक विवाह

कहिलेकाहीँ मानिसहरूलाई अवैध विवाह गर्ने र गराउने उद्देश्यले बेचबिखन तथा ओसारपसार गरिन्छ । ती मानिसहरूको विवाहका लागि सहमति हुँदैन । बेहुला वा बेहुलीहरूको भावनाको कदर नगरी सामाजिक वा पारिवारिक दबाबमा पारी उनीहरूलाई बिहे गर्न बाध्य पारिन्छ । यसप्रकारको बलपूर्वक गरिने शास्त्रीय विवाहले पनि मानिसहरूमाथि शोषण हुने खतरा रहन्छ र मानव बेचबिखन तथा ओसारपसारको परिणाम ल्याउँछ ।



### ३.१.८. परम्परागत प्रचलनहरू

धेरै महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार समाजमा विद्यमान परम्परागत प्रचलनहरू कायम राख्नका लागि पनि गरिन्छ ।

केही परम्परागत प्रचलन जस्तै, देवदासी, जोगिनी, मेनकाटिसी लगायतका देवदेवीहरूप्रति समर्पित महिलाहरूको रूपमा भारतका धेरै राज्यहरू जस्तै, आन्ध्रप्रदेश, कर्नाटक, महाराष्ट्र आदिमा महिलाहरूको बेचबिखन तथा ओसारपसार गरिन्छ । यस्ता महिलाहरूलाई वेश्यावृत्तिमा पनि लगाइन्छ । नेपालमा देउकीको रूपमा महिलामाथि यस प्रकारको शोषण गरिन्छ । त्यस्तै केही समुदायहरू जस्तै भारतमा बेडिया, नट, कन्जर, ढोली र नेपालमा वादी समुदायहरूमाझ प्रचलित वेश्यावृत्ति स्वीकार्य पाइन्छ ।

## ३.२ मानव बेचबिखन तथा ओसारपसारका प्रमुख कारणहरू

मानव बेचबिखन तथा ओसारपसारका लागि केही जटिल प्रमुख कारणहरू जिम्मेवार रहेका देखिन्छन् । यी कारणहरूमा आर्थिक सामाजिक कारण प्रमुख छन् जसले मानिसहरूलाई ओसारपसार तथा बेचबिखनको खतरामा पार्दछन् । यसका अतिरिक्त धेरै कानुनी तथा संरचनागत कारणहरू छन् जसले मानव बेचबिखन तथा ओसारपसारलाई बढावा दिन्छन् । यस क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसारलाई बढावा दिने केही कारण तथा परिस्थितिहरू यस प्रकार छन् ।

### ३.२.१. आर्थिक सामाजिक कारणहरू

#### *२.४.१.१ गरिबी र बेरोजगारी*

मानव बेचबिखन तथा ओसारपसार र गरिबीबीच बलियो सम्बन्ध छ । गरिबीले मानव बेचबिखन तथा ओसारपसारको खतरा निम्त्याउँछ तर गरिबी मात्र मानव बेचबिखन तथा ओसारपसारका लागि एकलौटी कारण भने होइन ।




क) गरिबीले मानिसहरूलाई बसाइँसराइका लागि बाध्य पार्छ । एक स्थानबाट अर्को स्थानमा हुने बसाइँसराइले मानिसहरूको सामुदायिक संरचना तथा सुरक्षा सञ्जाल ध्वस्त पारिदिन्छ । अर्को शब्दमा भन्नुपर्दा बसाइँसराइ भई आएका वा गएका मानिसहरू यस्ता अपराधको बढी जोखिममा परिरहेका हुन्छन् ।

ख) गरिबी मानवशरीर दलालहरूका लागि ठूलो अवसर बन्छ । गाउँबस्ती जति गरिब हुन्छ, मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूलाई गरिब मानिसहरूलाई लोभ्याई आकर्षित गर्न त्यत्तिकै सजिलो हुन्छष्र ।

ग) गरिबीको कारण बालबालिकाहरूले उचित शिक्षा प्राप्त गर्न सक्दैनन् । फलस्वरूप उनीहरूमा चेतनाको अभाव रहन्छ । धेरै साना नानीहरूलाई अरूको घरमा घरेलु नोकरको रूपमा काम गर्न पठाइन्छ । अभिभावकसँग अलग्याइएका यस्ता साना नानीहरू जोखिममा पर्दछन् ।

घ) गरिबीलाई यौनशोषणको लागि एउटा महत्त्वपूर्ण कारक तत्त्वको रूपमा पहिचान गरिएको छ ।

गरिबी मानव बेचबिखन तथा ओसारपसारमा योगदान गर्ने एउटा महत्त्वपूर्ण कारक तत्त्व हो । बालबालिकाहरूको हकमा भौतिक गरिबीले शोषण बढाउँछ र बालश्रमलाई प्रश्रय दिन्छ । गरिबीले बालबालिकाहरूलाई खतरापूर्ण काममा संलग्न हुन बाध्य पार्छ । तर सबै गरिब बालबालिकाहरू बेचबिखन तथा ओसारपसारको समस्यामा पर्दैनन् । उनीहरू अत्यन्त जोखिममा भने हुन्छन् र उक्त जोखिमलाई लैङ्गिक र जातीय विभेदले अझ बल प्रदान गर्छ । बढी जोखिममा परेकाहरू बेचबिखन तथा ओसारपसारको सिकार हुने सम्भावना पनि बढी रहन्छ ।

गरिबीसँग सम्बन्धित अर्को जोखिमपूर्ण कारक तत्त्व बेराजगारी र जीविकोपार्जनको साधनको अभाव हो । भूमिहीन मानिसहरू पनि बेचबिखन तथा ओसारपसारको खतरामा पर्दछन् ।

जिवीकोपार्जनको साधन गुमेपछि असुरक्षित बसाइँसराइ भएको देखिन्छ । सबै प्रकारका आर्थिक कारणहरूले मानिसहरूलाई अत्यन्त जोखिमपूर्ण र शोषणको अवस्थामा बसाइँसराइका लागि बाध्य पार्दछन् (मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूको लोभमा परी वा नपरी) ।

### २.४.१.२. *अशिक्षा, चेतनाको कमी र गुणस्तर शिक्षाको कमी*

अशिक्षा, चेतनाको कमी र निम्नस्तरको शिक्षाको कारणले विशेष गरी दुई तरिकाबाट मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढाइरहेका छन् । यसले रोजगारीको अवसर तथा आर्थिक सुदृढीकरण घटाउँछ र पढलेख गर्न जान्नेहरूलाई लक्षित गरी सञ्चालित चेतनामूलक कार्यक्रमबाट हुने लाभको अवसरबाट वञ्चित गराउँछ । उदाहरणका लागि बंगलादेशमा जन्म दर्ता गराउनु पर्ने चेतनाको अभावमा जालसाँजीपूर्ण विवाहका माध्यमबाट बालबालिकाहरूको ओसारपसार तथा बेचबिखिनमा संलग्नहरूलाई कारबाही गर्न अप्ठ्यारो परेको छ । कानुन लागू गर्ने निकायहरूमा चेतनाको कमीले पनि यसलाई बढावा दिएको छ ।

### २.४.१.३. *महिला तथा बालिकाविरुद्ध विभेद*

यस क्षेत्रका महिला तथा बालबालिकाहरू महिलाविरुद्ध सामाजिक असमानता र विभेदका कारण बेचबिखन तथा ओसारपसारको खतरामा पर्दछन् । महिला तथा बालिकाहरूलाई उनीहरूका पुरुष सहकर्मी सरह समान पङ्क्तिमा राखी समान व्यवहार गरिन्न र जीवनको विकासका लागि आवश्यक अवसरबाट वञ्चित गरिन्छ । बंगलादेशमा नागरिक कानुन तथा सामाजिक र धार्मिक मान्यताहरूले महिलालाई समाजमा अन्य मानिसहरू (जस्तै, लोग्ने, छोरा, वा परिवार) को मातहतमा राखेको छ । यसले पैतृक सम्पत्तिको हस्तान्तरण, विवाह, सम्बन्धविच्छेद, केटाकेटीको अभिभावकत्व गर्ने जस्ता विषयमा महिलामाथि विभेद गरेको छ । उनीहरूलाई भूमिमाथिको पहुँच र रोजगारीको अवसर आदिबाट वञ्चित गरेको छ । यी कारक तत्त्वहरूले गरिब महिलाहरूलाई एक स्थानबाट अर्को स्थानमा बसाइँसराइ गर्न बाध्य पारेका छन् । महिला तथा बालिकाहरूले समाज र परिवार दुवैभित्र विभेदको सामना गर्छन् ।



अझ जातीय विभेद र सामाजिक स्तरीकरणले महिला तथा बालिकाहरूलाई कथित तल्लो जातमा राखी जोखिममा पारी मानव बेचबिखन तथा ओसारपसारको खतरा बढाएको छ ।

### २.४.१.४. *बसाइसराइ*

विश्वका धेरै भागहरूमा जस्तै दक्षिण एसियामा पनि बसाइँसराइ एउटा साझा समस्याको रूपमा रहेको देखिन्छ । बसाइँसराइ र मानव बेचबिखन तथा ओसारपसारबीच अत्यन्त कडा सम्बन्ध रहेको छ। धेरैपटक मानव बेचबिखन तथा ओसारपसार आर्थिक बसाइँसराइको छायाँभित्र भएको छ । गरिबी, बेरोजगारी, अवसरको अभाव र दैवी विपत्तिको कारण मानिसहरू रोजगारी तथा जीवनको समृद्धिको खोजीमा बसाइँसराइ गर्छन् । बसाइँसराइमा संलग्न महिला तथा बालिकाहरू यौन दुराचार तथा शोषणको शिकार हुने खतरा धेरै छ । बसाइँसराइ आन्तरिक र बाह्य दुवै हुन सक्छन् । दैवी विपत्ति वा मानव सिर्जित दुर्घटनाले ठूलो सङ्ख्यामा मानिसहरूलाई उनीहरूको वासस्थानबाट विस्थापित गरिदिन्छ जसले उनीहरू न्यून वा शून्य जीविकोपार्जनका साधनसहित सुकुम्बासीमा परिणत हुन्छन् । यस्तो अवस्थामा उनीहरू झूटो आश्वासनमा फस्ने र मानव बेचबिखन तथा ओसारपसारको शिकार हुने प्रवल सम्भावना रहन्छ। यसले गाउँदेखि गाउँ, गाउँदेखि सहर वा सहरदेखि सहरमा आन्तरिक बसाइँसराइको चाप वृद्धि गर्छ ।

### २.४.१.५. *भूमण्डलीकरण, औद्योगीकरण र उपभोक्तावाद*

भूमण्डलीकरणले वातावरणको विनास निम्त्याएको छ, स्थानीय आत्मभिर्नर र स्वायत्त उत्पादन र उपभोग प्रणाली नष्ट पारेको छ, स्थानीय आर्थिक प्रणालीबाट ठूलो मात्रामा अलग्याएको छ र बाँच्नका लागि श्रम स्थान्तरण बढाएको छ । भूमण्डलीकरणले समान्यतया मानवअधिकार उल्लङ्घनको परिणाम ल्याएको छ र विशेषतः महिलाहरूको मानवअधिकारको उल्लङ्घन गरेको छ । जस्तो कि विकासको नाममा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको क्षय गरेको छ । भूमण्डलीकरणको अत्यन्त खतरनाक असर भनेको यसले मानव जातिलाई उपभोग्य वस्तुको रूपमा ठान्दछ । आर्थिक भूमण्डलीकरणले रोजगारीका अनगिन्ती अवसरहरू सिर्जना गरे पनि यसले विश्वव्यापी असमानता बढाएको छ । आधुनिक जीवनप्रतिको बढ्दो चाहनाले युवा पुस्ताहरूलाई सहरोउन्मुख बनाएको छ र मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूको जालमा फस्ने खतरा पनि बढाएको छ ।

### २.४.१.६. *परम्परागत, सांस्कृतिक तथा धार्मिक व्यवहारहरू*

दक्षिण एसियामा प्राचीन समयदेखि प्रचलनमा रहेको जवान केटीहरूलाई देवीदेवताका मन्दिरहरूमा देवदासी, जोगिनी, मेनकाटासिन (भारतमा) र देउकी (नेपालमा) का रूपमा समर्पण गर्ने प्रथा अझै जीवित छ । त्यस्ता केटीहरूलाई व्यवसायिक यौन कार्यमा उन्मुख गराइन्छ । भारतका बेडीया, नट, कन्जर, ढोली जस्ता समुदायहरू र नेपालका वादी समुदायमा आज पनि व्यवसायिक यौन कार्य स्वीकार्य छ ।

### २.४.१.७. *साङ्गठानिक आपराधिक कार्य*

साङ्गठनिक आपराधिक क्षेत्रले पनि मानव बेचबिखन तथा ओसारपसारको कार्यबाट उल्लेखनीय

लाभ प्राप्त गरेको छ । अपराधीहरूले बलियो सञ्जाल निर्माण गरेका छन् जसले जोखिममा परेकाहरूलाई सजिलै जालमा पार्दछन् । मनोरञ्जन व्यवसायमा लाग्ने महिला तथा बालिकाहरूका लागि मानव बेचबिखन तथा ओसारपसारको अवस्थामा पुग्नु नै अन्तिम गन्तव्य हुन सक्छ । हजारौं महिला तथा बालबालिकाहरू मनोरञ्जन व्यवसायमा संलग्न छन् जहाँबाट उनीहरूलाई बेचबिखन तथा ओसारपसारमा संलग्नहरूले लोभमा पारी अन्य गन्तव्यमा पुऱ्याउन सक्छन् ।

### २.४.२. अन्य कारणहरू

मानव बेचबिखन तथा ओसारपसार जस्तो कार्यलाई अझ जोखिमपूर्ण बनाउने अन्य कारणहरू पनि विद्यमान छन् । उपलब्ध कानुनहरूको उचित कार्यान्वयनको अभाव, आकर्षक व्यापारको रूपमा मानव बेचबिखन तथा ओसारपसारको बृद्धि (वार्षिक १ करोड अमेरिकी डलर बराबरको व्यापार), साङ्गठनिक अपराधिक सञ्जालको संलग्नता, कार्यशालामा सुरक्षाको अभाव र सम्बन्धित निकायहरूलाई मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी पर्याप्त तालिमको अभाव आदि त्यस्ता कारणहरू हुन् ।

तथापि ध्यान दिनुपर्ने कुरा के हो भने मानव बेचबिखन तथा ओसारपसार माथि उल्लेखित कारणहरूमध्ये कुनै एक मात्र कारणको परिणाम भने होइन बरु सबै कारणहरू उत्तिकै जिम्मेवार छन् । माथि उल्लेख गरेझैं मानव बेचबिखन तथा ओसारपसार अपराध मात्र नभएर मानवअधिकारको गम्भीर उल्लङ्घन हो । यसले मानिसका मौलिक मानवअधिकारहरू जस्तै जीवन तथा स्वतन्त्रताको अधिकार, दासताबाट मुक्ति, यातनाबाट मुक्ति, जीविकोपार्जन माथिको अधिकार, शिक्षा र स्वास्थ्यसेवामाथिको अधिकारबाट पीडितलाई वञ्चित गर्छ । मानव बेचबिखन तथा ओसारपसार जस्ता कार्यले पीडितमाथि गम्भीर सामाजिक, भौतिक र संवेगात्मक असर पार्दछ ।

पीडितलाई सामान्य जीवन जिउन सक्ने बनाउन उसको उद्धार र त्यसपछि अभियोजन र पुर्पक्षको समयमा पीडितलाई सल्लाह सुझाव दिनु र पीडाबाट बचाउन अन्य उपायहरू अवलम्बन गर्नु आवश्यक छ । धेरै देशहरूका कानुनी संरचनाले मानव बेचबिखन तथा ओसारपसारलाई शान्तिसुरक्षासँग सम्बन्धित समस्याको रूपमा नै लिइराखेको छ र पीडितको हित तथा अधिकारमाथि ध्यान दिएको पाइँदैन । फलतः मानवअधिकार हनन् हुने र उपयुक्त उपचार नपाउने मात्र होइन कि पर्याप्त सल्लाह र सुझावसहित फिर्ता पठाई सामाजिक पुनः सम्मिलनमा पनि सहयोग नपुग्ने अवस्था छ । दोषीको पुर्पक्षको समयमा वा अभियोजनको समयमा पनि पीडितलाई सहभागी गराइदैन र उसको भूमिका जाहेरी दिने र साक्षी बस्ने जस्ता कार्यमा मात्र सीमित रहन्छ ।


**सारांश**

सामाजिक परिवेशअनुसार मानव बेचबिखन तथा ओसारपसारका कारणहरू बेग्ला बेग्लै हुन सक्छन् । त्यसैगरी साना केटाकेटी र उमेर पुगेका व्यक्तिको बेचबिखन तथा ओसारपसारका कारणहरू फरक हुन सक्छन् । त्यसमा पनि पुरुष र महिलाको बेग्लाबेग्लै उद्देश्य र कारणका लागि बेचबिखन तथा ओसारपसार हुने गर्दछ ।

सत्र ४

समय : ६० मि.

# मानव बेचबिखन तथा ओसारपसारका तौर-तरिकाहरू र यसको वर्तमान अवस्था

**उद्धेश्य**

यस सत्रको प्रशिक्षणपश्चात् सहभागीहरूले के-कस्तो तौर–तरिका अपनाएर मानव बेचबिखन तथा ओसारपसार हुन्छ भन्ने जानकारी प्राप्त गर्दै यसको वर्तमान अवस्थासँग परिचित हुनेछन् ।

**यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू**

१. मानव बेचबिखन तथा ओसारपसारका तौर-तरिकाहरू के-के हुन सक्छन्

२. मानव बेचबिखन तथा ओसारपसारको वर्तमान अवस्था के-कस्तो छ

## ४.१ मानव बेचबिखन तथा ओसारपसारका तौर-तरिकाहरू


मानव बेचबिखन तथा ओसारपसारका तौर-तरिकाहरू के-के हुन सक्छन् भन्ने बारेमा सहभागीहरूसँग प्रश्न गर्दै र तलको सामग्रीका आधारमा छलफल अगाडि बढाउनुहोस् ।

हाम्रो देशको सामाजिक संरचना, भौगोलिक परिवेश र कमजोर आर्थिक अवस्थाले गर्दा बेचबिखनमा संलग्न दलालहरूले नेपाली महिला तथा बालिकाहरूलाई बेचबिखन गर्नका लागि विभिन्न तौर-तरिकाहरू अपनाउने गरेका छन् । बढ्दो सहरीहरणले गर्दा ग्रामीण क्षेत्रका महिलाहरू अवसरको खोजिमा सहरी क्षेत्रतर्फ आउने क्रम बढ्दो छ । राज्यका कमजोर नीतिका कारण त्यसरी गाउँबाट कामका लागि आउने व्यक्तिहरूको व्यवस्थितरूपमा अभिलेख राख्ने व्यवस्था छैन जसले गर्दा प्रमुख सहर र सोका मार्गहरूको प्रयोगबाट नै बेचबिखन हुने गरेको छ ।

**बेचबिखन कहाँबाट कता भइरहेको छ त ?**

- ग्रामीण क्षेत्रहरूबाट स्थानीय बजारमा,
- स्थानीय सहर बजारबाट राजधानी र अन्य सहरी इलाकाहरूमा,
- नेपालका मुख्य सहरहरूबाट भारतका मुख्य सहरहरूमा,
- भारतका मुख्य सहरहरूबाट अरब राष्ट्रहरूमा समेत नेपाली महिला तथा बालिकाहरूको बेचबिखन हुने गरेको छ,
- त्यसैगरी दलालहरूले विभिन्न बहानाहरू बनाई गाउँबाट सोझै विदेश लग्ने गरेको पनि पाइन्छ ।

## बेचबिखनका तौर–तरिकाहरूलाई यसरी हेर्न सकिन्छः






## ४.२ मानव बेचबिखन तथा ओसारपसारको वर्तमान अवस्था

मानव बेचबिखन तथा ओसारपसारको वर्तमान अवस्था के-कस्तो छ भन्ने सन्दर्भमा तलका आँकडाहरूलाई प्रस्तुत गरी छलफल गराउनुहोस्

लागूऔषध र हातहतियारको तस्करीपछि सबैभन्दा बढी फाइदाजनक आपराधिक कार्यमा मानव बेचबिखन तथा ओसारपसार अपराध मानिन्छ । US Department of State, Trafficking in Persons Report 2004, Washington DC अनुसार संसारमा लगभग मानव बेचबिखन तथा ओसारपसार अपराधबाट अनुमानित ९,५००,०००।- डलर जति वार्षिक लेनदेन हुन्छ । जसमध्ये अनुमानित ४,०००,०००।- डलर जति सिर्फ वेश्यालयहरूबाट लेनदेन हुन्छ ।

मानव बेचबिखन तथा ओसारपसार कार्य ढाँटी, छली, झुक्याएर र लुकेर गरिने प्रकृतिको अपराध भएकोल यसको यकिन अवस्था र वास्तविक तथ्याङ्क पाउन कठिन छ । उक्त प्रतिवेदनले प्रस्तुत गरेको तथ्याङ्क अनुसार वार्षिकरूपमा अनुमानित ७००,००० देखि ८००,००० बालबालिका, महिला तथा पुरुषको सीमापारी बेचबिखन तथा ओसारपसार हुन्छ । त्यसरी सीमा पारी बेचिने मानिसहरूमा ७० प्रतिशत महिला पर्दछन् र त्यसमाथि जम्मा बेचिने सङ्ख्याको ५० प्रतिशत बालबालिका हुने गर्दछन् ।

विभिन्न संघसंस्था तथा व्यक्तिहरूले गरेको अनुसन्धानमा मानव बेचबिखनको तथ्याङ्कमा फरकपन पाइन्छ । Status and Dimentions of Trafficking within Nepalese Context (UNIOEM-Nepal and IIDS) को पृष्ठ १५ मा विभिन्न संस्था तथा व्यक्तिहरूले प्रस्तुत गरेको तथ्याङ्कमा पनि भिन्नता पाइन्छ ।

- विधान आचार्यको १९९८ को Reviews of the studies on trafficking in women and girls. Efforts to prevent trafficking in women and girls: A pre study for media activism. Kathmandu ASMITA. मा उक्त मितिसम्म वार्षिकरूपमा बेचबिखन हुने महिला तथा बालबालिकाहरूको सङ्ख्या २,००,००० भनी उल्लेख भएको छ ।
- अनुराधा कोइरालाको १९९९ को 'Linkages between Migration and Trafficking. Pancl Paper, Kathmandu: Maiti Nepal' मा उक्त मितिसम्म वार्षिकरूपमा बेचबिखन हुने महिला तथा बालबालिकाहरूको सङ्ख्या २,००,००० भनी उल्लेख भएको छ ।
- लक्ष्मी पोखरेलको १९९९ को 'Final Report on Counselling Training and Rehabilitation Center (Jan 1996 to Feb 1999) Kathmandu: ABC Nepal मा उक्त मितिसम्म वार्षिकरूपमा बेचबिखन हुने महिला तथा बालबालिकाको सङ्ख्या २,५०,००० भनी उल्लेख भएको छ ।
- CWIN को १९९६ को चेलीबेटी बेचबिखन समाचार सङ्ग्रहमा वार्षिक रूपमा बेचबिखन हुने महिला तथा बालिकाहरूको सङ्ख्या १,००,०००-२,००,००० भनी उल्लेख भएको छ । सोही सङ्ग्रहमा १९९७ मा उक्त मितिसम्म वार्षिकरूपमा बेचबिखन हुने महिला तथा बालिकाको सङ्ख्या १,००,००० - १,६०,००० भनी उल्लेख भएको छ ।

- Times of India 1989 मा वार्षिकरूपमा बेचबिखन हुने महिला तथा बालिकाहरूको सङ्ख्या १,००,००० भनी उल्लेख भएको छ ।
- गौरी प्रधानको १९९७ को Back Home from Brothels: A case study of the victims commercial sexual exploitation and trafficking across Nepal-India Border. Kathmandu: CWIN मा उक्त मितिसम्म वार्षिकरूपमा बेचबिखन हुने महिला तथा बालिकाहरूको सङ्ख्या ५६,१८० भनी उल्लेख भएको छ ।
- STOP को २००२ को Elthical Provision: A Handbook for the Media on the Issue of Trafficking" New Delhi: Stop and Maiti Nepal को २००२ को Maiti Newsletter, Vol 4, Issue 2, Aug 2002 मा उक्त मितिसम्म वार्षिकरूपमा बेचबिखन हुने महिला तथा बालिकाहरूको सङ्ख्या ५,००० - ११,००० भनी उल्लेख भएको छ ।
- ILO Rapid Assessment 2001 अनुसार वार्षिकरूपमा नेपालबाट १२,००० बालबालिका ओसारपसार गरिन्छन् । माइती नेपालले आफ्नो अनुभवमा आधारित भएर गरेको विश्लेषण अनुसार नेपालको २६ वटा औपचारिक नाकाहरूबाट प्रति महिला २० जना महिलाहरू भारत पुऱ्याइन्छन् । जसअनुसार प्रतिमहिना ५२० जना महिला बेचबिखनको उद्देश्यले नेपालको सीमा कटाइन्छन् । यो हिसाबले प्रतिवर्ष ६२४० (५२० रुx १२) महिलाहरू भारत पुऱ्याइन्छन् । (स्रोत www.maitinepal.org, Last visited 12, nov. 2008) माइती नेपालको विश्लेषणमा भारतका विभिन्न भागमा रहेका वेश्यालयमा लगभग १,५०,००० देखि ३,००,००० नेपाली महिलाहरू यौन शोषणको पीडित भई जीवन बिताइरहेका छन् ।



संयुक्त राष्ट्र संघको लागू औषध र अपराध सम्बन्धी कार्यालयले फेब्रेवरी २००९ मा १५५ राष्ट्रको तथ्यांक संकलन गरी प्रकासित गरेको मानव बेचविखन सम्बन्धी प्रतिवेदनले यस अपराधलाई दासत्वको नयाँ रुप भनी उल्लेख गरेको छ। उक्त प्रतिवेदनले मानव बेचविखनका तौरतरिका, यस विरुद्ध हालसम्म चालिएका कानुनी कदम र हरेक राष्ट्रको मानव बेचविखन सम्बन्धी मुद्दाहरु, पीडित र उक्त मुद्दाको अभियोजनका विषयहरु समावेश गरेको छ। उक्त प्रतिवेदन अनुसार मानव बेचविखनका विभिन्न उद्देश्यहरु मध्ये ७९ प्रतिशत यौन शोषणका लागि हुने गरेको छ। त्यसरी यौन शोषणका पीडित अधिक्तम रुपमा महिला र चेलिबेटी हुने गरेका छन्। अश्चार्य त यो छ कि तथ्य बुझाउने कुल राष्ट्रको ३० प्रतिशत राष्ट्रमा मानव बेचविखनमा संलग्न हुने पीडक धेरै महिला नै हुने गरेको देखाएको छ।

उक्त प्रतिवेदनले मानव बेचविखनको दोस्रो रुप बल पूर्वक श्रमिकका रुपमा राखिने परिपाटी हो भनी देखाएको छ। जस अनुसार १८ प्रतिशत बल पूर्वक श्रमिकको रुपमा बेचिने गरेका छन्। प्राप्त तथ्यांक अनुसार संसारमा मानव बेचविखनका पीडित मध्ये २० प्रतिशत बालबालिका हुने गरेका छन्। विगनको तुलनामा UN Protocol Against Trafficking in Person लागू गर्नु राष्ट्रहरु धेरै नै बढेका छन् (तथ्य संप्रेषण गर्ने १५५ राष्ट्र मध्येमा १२५) तर अन्य धेरै राष्ट्रहरुमा कानुनी दस्तावेज तथा राजनैतिक इच्छा शक्ति न्यून देखिन्छ।[2]

### सारांश

नेपालबाट वार्षिकरूपमा कति मानव बेचबिखन तथा ओसारपसार हुन्छ भन्ने सही तथ्याङ्कको अभाव छ।

# भाग २

**लक्ष्य :**

- सहभागीहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डको बारेमा जानकारी गराउनु,
- सहभागीहरूलाई मानव बेचबिखन तथा ओसारपसार अपराधको अभियोजनको अवस्थाको बारेमा जानकारी गराउनु,
- सहभागीहरूलाई मानव बेचबिखन तथा ओसारपसार अपराधको जाहेरी दर्ता, अनुसन्धान र अभियोजनका चरणका चुनौतीहरूको जानकारी दिंदै विश्लेषण गर्नु ।

**परिच्छेदको खाका**

## परिच्छेदको खाका

| सत्र | विषय | प्रशिक्षण विधि | प्रशिक्षण स्रोतहरू | समय |
|---|---|---|---|---|
| ५. | मानव बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू | - समूह छलफल<br>- प्रवचन | क. यौन शोषणका लागि महिला तथा बालिका ओसार पसार तथा बेचबिखन - अभियोजन तथा न्यायिक कारबाही सम्बन्धी दिग्दर्शन, सेलर्ड, पेज. १३-२८<br>ख. यौन शोषणका लागि महिला तथा बालिका ओसार पसार तथा बेचबिखन - अपराधसम्बन्धी अनुसन्धान दिग्दर्शन, सेलर्ड, पेज १३-२९<br>ग. Regional Study for the Harmonization of Anti Trafficking Legal Framework in India, Bangladesh and Nepal with International Standards, Terre des Homes, KSL, SALS Forum, European Commission, P. 42-60 | ६० मि |
| ६. | मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजनको अवस्था | - समूह छलफल<br>- प्रवचन | क. यौन शोषणका लागि महिला तथा बालिका ओसार पसार तथा बेचबिखन - अभियोजन तथा न्यायिक कारबाहीसम्बन्धी दिग्दर्शन, सेलर्ड, पेज. २९-६०<br>ख. यौन शोषणका लागि महिला तथा बालिका ओसार पसार तथा बेचबिखन अपराधसम्बन्धी अनुसन्धान दिग्दर्शन, सेलर्ड, पेज २९-६६<br>ग. महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०६२-६३ | ६० मि |
| ७. | मानव बेचबिखन तथा ओसारपसार विरुद्ध जाहेरी दर्ता, अनुसन्धान र अभियोजनका चुनौतीहरू | - समूह छलफल<br>- प्रवचन | क. यौन शोषणका लागि महिला तथा बालिका ओसार पसार तथा बेचबिखन अभियोजन तथा न्यायिक कारबाहीसम्बन्धी दिग्दर्शन, सेलर्ड, पेज. १३-२८<br>ख. यौन शोषणका लागि महिला तथा बालिका ओसार पसार तथा बेचबिखन अपराधसम्बन्धी अनुसन्धान दिग्दर्शन, सेलर्ड, पेज १३-२९ | १२० मि |
| ८. | मानव बेचबिखन तथा ओसारपसारको मुद्दामा पुर्पक्ष, फैसला र फैसला कार्यान्वयनका चुनौतीहरू | - समूह छलफल<br>- प्रवचन | क. यौन शोषणका लागि महिला तथा बालिका ओसार पसार तथा बेचबिखन अभियोजन तथा न्यायिक कारबाहीसम्बन्धी दिग्दर्शन, सेलर्ड, पेज. ६२-८६ | ६० मि |
| ९. | मानव बेचबिखन तथा ओसारपसार मुद्दाका अपर ाधीहरूको सफल अभियोजनका लागि पीडित तथा साक्षीको भूमिका | - समूह छलफल<br>- प्रवचन | क. अपराधशास्त्र, माधव प्रसाद आचार्य, रत्न पुस्तक भण्डार, चौथौ संस्करण, २०५७, पेज १९२-२०२<br>ख. यौन शोषणका लागि महिला तथा बालिका ओसार पसार तथा बेचबिखन - अभियोजन तथा न्यायिक कारबाहीसम्बन्धी दिग्दर्शन, सेलर्ड, पेज. २९-६० | ९० मि |
| १०. | पीडित तथा साक्षीको सुरक्षाको वर्तमान अवस्था | - समूह छलफल<br>- प्रवचन | क. अपराधशास्त्र, माधवप्रसाद आचार्य, रत्न पुस्तक भण्डार, चौंथौ संस्करण, २०५७, पेज १९२-२०२<br>ख. यौन शोषणका लागि महिला तथा बालिका ओसार पसार तथा बेचबिखन - अभियोजन तथा न्यायिक कारबाहीसम्बन्धी दिग्दर्शन, सेलर्ड, पेज. २९-६० | ६० मि |

सत्र ५

समय : ६० मि.

# मानव बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू

## उद्देश्य

यस सत्रको प्रशिक्षणपश्चात् सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डको बारेमा जानकारी गरी तुलनात्मक विश्लेषण गर्न सक्नेछन् ।

## यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू

१) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कुन-कुन संवैधानिक अधिकारहरू प्रयोग गर्न सकिन्छ

२) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनको व्यवस्था र अन्य कानुनी व्यवस्था के-कस्ता छन्

३) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध के-कस्ता अन्तर्राष्ट्रिय कानुनी व्यवस्था छन्

## ५.१ संविधान

नेपालको अन्तरिम संविधानमा व्यवस्थित केही मौलिक अधिकारहरूलाई मानव बेचबिखन तथा ओसारपसारका पीडितको अधिकारको सन्दर्भमा लिन सकिन्छ ।

(१) धारा २० ले महिलाको हकसम्बन्धी व्यवस्था गरेको छ । जसअन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने, कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने र प्रत्येक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने भनी उल्लेख गरेको छ ।

(२) धारा २२ : बालबालिकाको हकसम्बन्धी व्यवस्था गरेको छ । जस अन्तर्गत प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने, प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने, प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुने । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ भनी उल्लेख गरेको

छ । साथै असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुने, कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन भनी उल्लेख गरेको छ ।

(३) धारा २९ : शोषणविरुद्धको हकसम्बन्धी व्यवस्था गरेको छ । जस अन्तर्गत :

- (क) प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ ।
- (ख) प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन ।
- (ग) मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।
- (घ) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन भनी उल्लेख गरेको छ ।

राज्यका नीतिहरूअन्तर्गत धारा ३५(९) मा राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, बृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनी उल्लेख गरेको छ ।

## ५.२. कानुन

**मानव बेचबिखन तथा ओसारपसार अपराध नियन्त्रण ऐन २०६४**

जीउ मास्नेबेच्ने कार्य र वेश्यावृत्तिमा लगाउने कार्यलाई नेपाल कानुनले धेरै अघिदेखि गम्भीर कसुर मानी आएको छ । संवत् ०६४ सालको ऐन आउनुपूर्व यस सम्बन्धमा मुलुकी ऐनको महल र जीउ मास्नेबेच्ने कार्य नियन्त्रण ऐन ०४३ प्रचलनमा थिए । संवत् २०६४ मा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन लागू भएपछि जीउ मास्नेबेच्ने कार्य नियन्त्रण ऐन २०४३ खारेज भयो ।

तर मुलुकी ऐनको व्यवस्थालाई यसले पनि बचेखुचेकै शैलीमा भएपनि जीवित रहन दिएको छ । पछि बनेको ऐनले हालसम्मका कानुनलाई संहिताबद्ध गरी एउटै कानुन बनेको भए राम्रो हुने थियो तर त्यसो भएको छैन । संवत् २०६४ को कानुन आउनुपूर्व ६ किसिमका कार्यलाई जीउमास्नेबेच्ने अपराध मानिएका थिए ।

१. मानिस बेच्ने,

२. बेच्ने उद्देश्यले विदेश लानु,

३. वेश्यावृत्तिमा लगाइदिनु,

४. बाँधा, कमारो, दास बनाउनु,

५. संरक्षकको मञ्जुरीबेगर नाबालकलाई स्थानान्तरण गर्नु,

६. मानिस किन्नु ।

यी मध्ये अघिल्लो तीनवटा कसुर ०४३ सालको ऐनले नियन्त्रण गरेको थियो र पछिल्लो तीनवटा कसुर जीउ मास्नेबेच्नेको महलले नियन्त्रण गरेको थियो ।

स्वेच्छाले वेश्यावृत्तिमा लाग्नु कानुनले कुनै कसुर ठहऱ्याएको थिएन । महिलालाई गाउँबाट बेच्ने उद्देश्यले

सहरमा ल्याई, लुकाई राखेको स्थितिमा फेला परेमा जीउ मास्नेबेच्नेको महलमा षड्यन्त्रको व्यवस्था नभएकोले कानुनी कारबाही हुन सक्ने स्थिति थिएन । अदालतले यस्ता मुद्दा उद्योग पनि नठहर्ने फैसला गर्ने गरेको थियो ।[३] यस्तै प्रकृतिको अर्को कसुरमा ०४३ सालको ऐन लगाई उद्योग ठहर्ने फैसला भएको देखिन्छ ।[४] २०४३ सालको ऐनले यो स्थितिमा सुधार गरि षड्यन्त्र सम्बन्धी कानुनको व्यवस्था गऱ्यो ।

ऐनले षड्यन्त्र शब्द प्रयोग नगरी प्रपञ्च शब्द प्रयोग गऱ्यो । ०४३ सालको ऐनले बाधा, कमारो, दास बनाउने कसुरलाई किन समेट्न चाहेन प्रस्ट छैन । त्यस्तै किन्नेलाई पनि बेच्ने सरह सजाय हुन्छ भनी मुलुकी ऐनकै व्यवस्था किन कायम राखियो स्पष्ट थिएन । नाबालकलाई संरक्षकत्वबाट छुटाउने कसुर पनि मुलुकी ऐनमा ०४३ सालको ऐन आएपछि पनि यथावत् रह्यो । ०६४ सालको ऐनले किन्नेबेच्ने दुवैलाई एउटै स्तरको कसुरदार मानी सजायको व्यवस्था गरेको छ । तर बाधा, कमारो, दास बनाउने कार्यलाई मानव बेचबिखनको कसुर मानी प्रस्ट परिभाषा गर्न किन चुक्यो प्रस्ट छैन ।

कसुर गर्ने अभिप्रायले मानव ओसारपसार गर्नेलाई संवत् ०६४ सालको ऐनले षड्यन्त्र नमानी ओसारपसार कसुर ठहर्ने छुट्टै कानुनी व्यवस्था गरेको छ ।

मुलुकी ऐनले जीउ मास्नेबेच्ने कसुरमा २० वर्ष कैद तोकेको थियो । ०४३ सालको ऐनले यसमा १० देखि २० वर्षसम्म कैद हुने व्यवस्था गऱ्यो । हालको ०६४ सालको ऐनले २० वर्ष कैद हुने व्यवस्था गरेको छ । त्यस अतिरिक्त ओसारपसार गरे बापत थप सजाय पनि हुन्छ । यसरी ०४३ सालको ऐन प्रयोग गरी एउटा केटी बेचे पनि चारवटा केटी एकै साथ बेचे पनि न्यूनतम् सजाय १० वर्ष कैद तोक्ने अदालती शैलीमा ०६४ सालको कानुनले कठोर प्रहार गरेको छ ।[५] दोहोऱ्याएर त्यही कसुर गर्नेलाई थप सजाय हुने व्यवस्था पुराना कानुनमा थिएन । यो न्यूनतालाई हालको कानुनले परिपुर्ति गरेको छ ।

०६४ सालपूर्वका ऐन अनुसार जीउ मास्नेबेच्ने प्रयोजनका निमित्त सोह्र वर्षको उमेरलाई नै नाबालक मानेको स्थिति थियो । तर नाबालक केटी बेचिए पनि अभियोक्ताले नाबालकलाई संरक्षकत्वबाट छुटाएको छुट्टै आरोप र केटी बेचेकोमा छुट्टै आरोप लाग्न सक्ने कानुनी व्यवस्था हुँदा हुँदै त्यही शैलीमा अभियोजन गर्ने गरेको देखिदैनथ्यो । हालको कानुनले नाबालकको ओसारपसार बेचबिखन गरेको ठुलो कसुर मानी बढि दण्डको व्यवस्था गरेको छ । कसुरको गम्भीरता यसरी छुट्याउने प्रयास भएको छ । यति हुँदाहुँदै पनि सोह्र वर्ष मुनिका नाबालकलाई संरक्षकत्वबाट छुटाई लगेको कसुरमा कारबाही गर्न जीउ मास्नेबेच्नेको महल नै सक्रिय हुनुपर्ने स्थिति ०६४ सालको ऐनपछि पनि रहेको छ । यस अतिरिक्त मुलुकी ऐनको बाह्रौ संशोधनले "अपहरण गर्ने तथा बन्धक लिनेको" महल थप गरी नाबालकलाई संरक्षकको मञ्जुरी वेगर दूषित मनसायले अन्यत्र लैजानु अपहरण अपराध ठहर्ने थप कानुनी व्यवस्था गरेको देखिन्छ । यसरी एउटै कसुरमा दोहोरो कानुनी प्रावधान एउटै ऐनमा किन राख्नुपऱ्यो भन्ने स्पष्ट छैन । यसलाई कानुनी त्रुटि नै मान्नु पर्ला । त्यस अतिरिक्त ०६४ सालको ऐनले मानव बेचबिखनको प्रसङ्गमा नाबालक भन्नाले १८ वर्ष मुनिको व्यक्तिलाई जनाउँछ भनी उमेरको हद बढाएको उल्लेखनीय छ । यसबाट नाबालकलाई जाच्ने दुईवटा मापदण्ड खडा भएको छ । "अपहरण" प्रयोजनको निमित्त सोह्र वर्षमुनिका व्यक्तिलाई नाबालक मान्नु पर्ने साविकको स्थिति यथावत छ । मानव बेचबिखनको प्रयोजनको निमित्त नाबालक भन्नाले १८ वर्ष मुनिको व्यक्तिलाई मान्नुपर्ने स्थिति कायम हुन आएको छ । यो दोहोरो मापदण्ड कायम राख्न किन आवश्यक देखियो बुझ्न सकिंदैन ।

---

३ श्री ५ को सरकार वि. संग्रामे भन्ने हर्कबहादुर समेत २०४५, ने.का.प., पृ. १२६३

४ श्री ५ को सरकार वि. बकुट तामाङ्नी समेत, २०४५ ने.का.प. पृ. ११६३

५ कृष्ण प्रसाद पुडासैनी समेत वि. श्री ५ को सरकार, २०५४ ने.का.प. पृ. ५०३ । यसमा दुई केटी बेचिएका र १५ वर्ष सजाय भएको । पासाङ दावा तामाङ वि. श्री ५ को सरकार (२०५८) ने.का.प. पृ. १८८ चार केटी बेचिएको १० वर्ष कैद सजाय ।

वेश्यागमन हालसम्म कसुर ठहरिएको थिएन । यसलाई हालको ०६४ सालको ऐनले कसुर घोषित गरेको छ । पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था बाँधा, कमारो, दासको कसुरमा बाहेक अरूमा ०६४ सालको ऐन भन्दा पहिलेका कानुनमा थिएन् । पीडितलाई सामाजिक पुनर्स्थापनाको व्यवस्था पनि थिएन । यस्तो व्यवस्था हालको कानुनले गरेको छ ।

उपर्युक्त परिवेशमा २०६४ सालमा बनेको ऐनको स्वरूपको चिरफार, मुल्याङ्कन गर्नुपर्ने भएको छ । यसलाई तलका अनुच्छेदहरूमा प्रस्तुत गरिन्छ ।

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४** ले उल्लेख गरेका महत्त्वपूर्ण व्यवस्थाहरू विश्लेषणात्मक रूपमा तल प्रस्तुत गरिन्छन् ।

१. **मानव बेचबिखन अपराध ठहरिने :**

ऐनको दफा ४(१) ले मानव बेचबिखन कसुरको परिभाषा गरेको छ । सो बमोजिम देहाय बमोजिमको काम गर्नु मानव बेचबिखन अपराध ठहरिन्छ ।

(क) मानिस किन्नेबेच्ने काम गर्नु - सो गर्नेलाई २० वर्ष कैद र २ लाख जरिवाना हुन्छ ।

*(दफा १५.१(क))*

ख) फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनु - यो कसुर गर्नेलाई १० देखि १५ वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ । *(दफा १५.१ (ख))*

ग) कानुनविपरीत मानिसको अङ्ग झिक्नु - यो कसुर गर्नेलाई १० वर्ष कैद र दुई लाखदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना हुन्छ । *(दफा १५(१)(ग))*

घ) वेश्यागमन गर्नु - यो कसुर गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजारदेखि पाँच हजार रूपैयाँसम्म जरिवाना हुन्छ । *दफा १५.१(घ)*

२. **मानव ओसारपसार अपराध ठहरिने :**

ऐनको दफा ४(२) ले मानव ओसारपसारको परिभाषा गरेको छ । सोअनुसार देहायबमोजिमको काम गर्नु मानव ओसारपसार कसुर गरेको ठहरिन्छ ।

(क) किनबेच गर्ने उद्देश्यले मानिसलाई विदेशमा लैजानु - किन्नेबेच्ने उद्देश्यले विदेश लानेलाई १० देखि १५ वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।

(ख) किनबेच गर्ने उद्देश्यले नाबालकलाई विदेश लैजानु - यो कसुर गर्नेलाई १५ देखि २० वर्ष कैद र एक लाखदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।

(ग) वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश लैजानु - यो कसुर गर्नेलाई १० देखि १५ वर्षसम्म कैद र पचास हजारदेखि एक लाखसम्म जरिवाना हुन्छ ।

(घ) वेश्यावृत्तिमा लगाउने उद्देश्यले नाबालकलाई विदेश लैजानु - यो कसुर गर्नेलाई १५ देखि २० वर्षसम्म कैद र एक लाखदेखि दुई लाख रूपैयासम्म जरिवाना हुन्छ ।

(ङ) स्वदेशभित्रै एक ठाउँबाट अर्को ठाउँमा किनबेच गर्ने उद्देश्यले लैजानु - यो कसुर गर्नेलाई १० वर्ष कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।

(च) स्वदेशभित्रै एक ठाउँबाट अर्को ठाउँमा किनबेच गर्ने उद्देश्यले नाबालकलाई लैजानु - यो कसुर

गर्नेलाई १० देखि १२ वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना हुन्छ।

(छ) स्वदेशभित्रै एक ठाउँबाट अर्को ठाउँमा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लैजानु - यो कसुर गर्नेलाई १० वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ।

(ज) स्वदेशभित्रै नाबालकलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले एक ठाउँबाट अर्को ठाउँमा लैजानु - यो कसुर गर्नेलाई १० वर्षदेखि १२ वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना हुन्छ।

(झ) शोषण (बाधा, कमारो, दास बनाउनु वा मानव अङ्ग झिक्नु) गर्ने उद्देश्यले स्वदेशभित्र स्थानान्तरण गरेकोमा १ वर्ष देखि २ वर्षसम्म कैद हुन्छ। विदेशमा स्थानान्तरण गरेको भए २ वर्षदेखि ५ वर्षसम्म कैद हुन्छ।

३. **शोषण गर्ने** (बाधा, कमारो, दास बनाउनु वा मानव अङ्ग झिक्नु) वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले ललाईफकाई, झुक्याई, जबरजस्ती गरी स्वदेश वा विदेशमा स्थानान्तरण गर्नु :

"शोषण गर्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले कुनै प्रकारले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जवरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस् पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने" (ऐनको भाषा जस्ताको तस्तै उदृत) कार्य गरेमा दफा ४.२(ख) बमोजिमको कसुर गरेको ठहर्छ। यस दफाबमोजिमको कसुर गर्नेलाई ७ वर्षदेखि १० वर्षसम्म कैद हुन्छ। यो ऐनले पूरा काम भईनसकेको तर कसुरतर्फ अग्रसर भइ राखेको अवस्थालाई समेट्न खोजेको देखिन्छ। यसका दुईवटा प्रतिबन्धात्मक वाक्यांश छन् -

(१) किनबेच वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई स्थानान्तरण गरेको वा किनेबेचेकोमा यो दफा प्रयोग हुँदैन। माथि बुँदाबुँदामा उल्लेख भएबमोजिम नै सजाय हुन्छ।

(२) शोषण गर्ने उद्देश्यले स्थानान्तरण भएकोमा पनि यो दफा प्रयोग हुँदैन। यसमा दफा १५.१(च) बमोजिम सजाय हुन्छ।

४. **दुरुत्साहन, षड्यन्त्र वा उद्योग :**

दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई सम्बन्धित कसुरमा उल्लेखित सजायको आधा सजाय हुने व्यवस्था छ।

५. **सजाय खापिने :**

(क) किन्ने, बेच्ने र वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किनेबेचेको र वेश्यावृत्तिमा लगाएको दुवै सजाय खापी सजाय हुन्छ। अर्थात्, किनेबेच बापत् २० वर्ष कैद र जरिवाना तथा वेश्यावृत्तिमा लगाएबापत १० देखि १५ वर्ष कैद र जरिवाना हुन्छ।

(ख) किन्नेबेच्ने र जबरजस्ती वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा यी दुवै खतको सजाय खापिन्छ। अर्थात्, २० वर्ष कैद र जरिवाना र ७ देखि १० वर्ष सम्म कैद हुन्छ।

(ग) किन्नेबेच्ने, वेश्यावृत्तिमा लगाइदिने र जबरजस्ती स्वेदश वा विदेशमा स्थानान्तरण गर्ने व्यक्ति एउटै भएमा सबै कसुरको खत खापिन्छ। अर्थात् बेचेकोमा २० वर्ष कैद, बेच्ने उद्देश्यले विदेश

लगेकोमा १० वर्षदेखि १५ वर्षसम्म कैद र ७ देखि १० वर्षसम्म कैद हुनसक्ने देखिन्छ ।

घ) मानिस किन्नेबेच्ने, वेश्यावृत्तिमा लगाउने वा लाग्ने, मानिसको अङ्ग झिक्ने (कसुर दफा ३) कसुर गर्ने व्यक्ति सार्वजनिक पद धारण गर्ने व्यक्ति रहेछ भने निजलाई ऐनले हुने सजायमा २५% थप सजाय हुन्छ ।

ङ) उपर्युक्त दफा ३ को अपराध संरक्षकले गरेकोमा वा हाडनाताका मान्छेले गरेमा ऐनले हुने सजायमा १०% थप सजाय हुन्छ ।

च) एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः यो ऐनबमोजिमको कसुर गरेमा प्रत्येक पटक निजले पाउने सजायमा चौथाइ थप हुन्छ ।

## ६. कसुरदारले सजायमा छुट पाउन सक्ने :

कसुरदार पहिलो पटके रहेछ र निजले स्वेच्छिाले कसुर साबित भई अरू प्रमाण जुटाउन प्रहरीलाई सघाएमा वा अरू कसुरदार वा गिरोहलाई पक्रन सघाएमा निजलाई कानुनले हुने सजायमा २५% छुट हुन सक्तछ ।

यस्तो व्यक्तिले अदालतमा बयान फेरेमा वा निजले गरेको सहयोग अरू प्रमाणबाट प्रमाणित नभएमा निज उपर पुनः मुद्दा दायर गर्न सकिन्छ ।

तर निम्न ३ अवस्थामा कसुरदारले सजायमा छुट पाउँदैन

क) मुख्य कसुरदार भएमा,

ख) बालबालिकाको बेचबिखन वा ओसारपसार गरेको भएमा,

ग) एकपटक सजायको छुट पाइसकेको व्यक्तिले पुनः कसुर गरेको देखिएमा ।

## ७. कसुर नियन्त्रण एवं पुनर्स्थापना प्रयोजनको निमित्त समिति गठन हुने :

यस ऐनबमोजिमको कसुर नियन्त्रण गर्न पीडितलाई समाजमा पुनर्स्थापना गर्न र सरकारी र गैरसरकारी निकायबीच समन्वय स्थापना गर्न एक राष्ट्रियस्तरको समिति गठन हुने व्यवस्था छ र उक्त समितिलाई स्थानीय तहमा सघाउन जिल्ला तहमा जिल्ला समिति गठन हुने प्रावधान छ । यी समितिका कामकारबाही नियमद्वारा नियन्त्रित-निर्देशित रहन्छन् ।

## ८. पीडितले क्षतिपूर्ति पाउने :

अदालतले माथि उल्लेखित सजायका अतिरिक्त कसुरदारलाई भएको जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराइदिने व्यवस्था छ । पीडितको मृत्यु भइसकेको भए निजको छोराछोरी वा निजमाथि आश्रित आमाबाबुले पाउने व्यवस्था रहेको छ। पीडितका नाबालक छोराछोरी र आश्रित आमाबाबु नभएमा त्यस्तो रकम पुनर्स्थापना कोषमा जम्मा हुन्छ ।

## ९. सम्पत्ति जफत हुने :

(क) कसैले यो ऐन बमोजिम हुने कसुर गरी सोको आम्दानीबाट घरजग्गा वा अरू सम्पत्ति जोडेको रहेछ भने सो सम्पत्ति जफत हुन्छ ।

(ख) यो ऐनबमोजिमको कसुर मानिने कार्य गर्न गराउन जानी जानी आफ्नो घरजग्गा वा सवारी साधन प्रयोग गर्न दिएमा त्यस्तो घरजग्गा वा सवारी साधन पनि जफत हुन्छ ।

## १०. आत्मरक्षाको अधिकार :

आफूलाई किन्नबेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको थाहा पाई त्यस्तो व्यक्तिको पञ्जाबाट उम्कन खोज्दा बल प्रयोग नगरी नहुने देखिएमा र त्यसरी बल प्रयोग गर्दा त्यस्तो व्यक्तिको मृत्यु भएमा वा घायल भएमा समेत बात लाग्दैन ।

## ११. सुराकीले पुरस्कार पाउने :

सुराकीको कारणबाट पीडितको उद्धार भएमा वा कसुरदारलाई सजाय भएमा कसुरदारले तिरेको जरिवानाको १०% पीडित उद्धार कोषबाट सुराकीले पाउँदछ । सूचना दिने व्यक्ति धेरैजना भएमा त्यस्तो पुरस्कार दामासाहीले दिइन्छ । त्यस्ता सुराकीको नाम ठेगाना गोप्य रहन्छ ।

## १२. कार्यविधि :

(क) यो कसुरमा जोसुकैले उजुरी दिन सक्तछ । *दफा ५(१)* उजुरवालाले आफ्नो नाम ठेगाना गोप्य राख्न अनुरोध गर्न सक्तछ । *दफा ५(२)* निजले अदालती कारबाहीको सिलसिलामा सुरक्षाको माग गरेमा निजलाई सुरक्षा दिन सकिने प्रावधान गरिएको छ ।

(ख) पीडित स्वयंले उजुरी गरेकोमा प्रहरीले उक्त उजुरीलाई जिल्ला अदालतबाट तुरुन्त प्रमाणित गराउनुपर्दछ । *दफा ६(१)* कसुर भएको वा कसुरदार रहे बसेको इलाका भन्दा फरक बेइलाकाको अदालतमा त्यस्तो उजुरी प्रमाणित गराउन आएमा पनि अदालतले प्रमाणित गरिदिनुपर्ने व्यवस्था छ । *दफा ६(२)* यस्तो पीडित पक्षलाई पछि मुद्दामा साक्षी सरह अदालतमा उपस्थित हुन बाध्यता छैन । तर निजको उजुरी प्रमाण लाग्छ ।

(ग) प्रहरी सहायक निरीक्षक (असई) तहका व्यक्तिले कसुरदारलाई बिनापक्राउ पुर्जी गिरफ्तार गर्न पाउँछन् । निजले आवश्यकतानुसार कुनै पनि स्थानको तलासी लिन सक्तछन् । अपराध हुँदा सवारी साधनको प्रयोग गरेको भए सो साधन नियन्त्रणमा लिन सक्तछन् । तलासी मुचुल्का तयार गर्दा सम्भव भएसम्म गाउँ विकास समितिको प्रतिनिधिको रोहवरमा काम सम्पन्न गर्नुपर्दछ । तलासी मुचुल्काको एकप्रति सम्बन्धित घरधनी वा सवारीधनीलाई दिनुपर्दछ ।

(घ) मानव बेचबिखन गरेकोमा, वेश्यावृत्तिमा लगाइदिएकोमा र मानव अङ्ग झिकेकोमा कारबाही गर्दा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्दछ ।

(ङ) यो ऐनबमोजिम अभियोग लागेको व्यक्तिले आफू निर्दोष छु भन्ने प्रमाणको भार बहन गर्नुपर्छ ।

(च) पीडित पक्षले यस ऐनअन्तर्गत चलेको मुद्दामा छुट्टै कानुन व्यवसायी राख्न चाहेमा पाउँछ ।

(छ) पीडितले भाषा नबुझ्ने भएमा अदालतको अनुमित लिएर दोभासे राखिदिनुपर्छ ।

(ज) कुनै पनि नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार नेपाल सरकारले गर्ने व्यवस्था छ । पीडितलाई आवश्यकताअनुसार उपचार तथा पुनर्स्थापना केन्द्रमा राख्ने दायित्व नेपाल सरकारमा रहन आएको छ । *दफा १३(१)* सोही उद्देश्यले स्थापना भएको संस्थाले नेपाल सरकारको स्वीकृति लिई पुनर्स्थापनाको जिम्मा लिन सक्तछ । त्यस्तो संस्थाको नेपाल सरकारद्वारा नियमित अनुगमन हुन सक्तछ । *दफा १३(२)* यस्तो संस्थालाई नेपाल सरकारले नियमानुसार आर्थिक सहयोग दिने व्यवस्था छ । *दफा १३(३)*

केन्द्रमा रहेका/बसेका व्यक्तिलाई सामाजिक पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गर्ने प्रयत्न गरिनेछ । केन्द्रले पीडितलाई परामर्श र औषधी उपचारको व्यवस्था गर्नेछ । केन्द्रमा रहेका

पीडितलाई निजका इच्छाविरुद्ध काममा लगाउन पाइदैन । नेपाल सरकारले नियम बनाई केन्द्रमा रहेका पीडितलाई सीपमूलक तालिम, रोजगारी, पारिवारिक पुनर्स्थापना जस्ता कार्य गर्नुपर्नेछ। पुनर्स्थापना केन्द्रका लागि नेपाल सरकारले एउटा छुट्टै पुनर्स्थापना कोष खडा गर्नुपर्ने व्यवस्था छ। यस कोषमा नेपाल सरकारबाट प्राप्त रकम, स्वदेशी विदेशी संस्थाले सहयोग गरेको रकम र कसुरदारले जरिवाना वापत तिरेको आधा रकम जम्मा हुन्छ।

(झ) यो ऐनबमोजिमको कसुरमा अभियोक्ताले मुद्दा दायर गर्दा नैतिक पतन देखिने फौजदारी कसुर भनी दावा लिन सक्तछ ।

(ञ) यो ऐनबमोजिमको अनुसन्धान गर्दा बाधा-विरोध गर्नेलाई रु. १० हजारसम्म जरिवाना हुन्छ।

(ट) यस ऐनबमोजिम पीडितको नाम, ठेगाना, तस्वीर र अन्य विवरण पीडितको स्वीकृतिबेगर पत्र पत्रिकामा छाप्न वा प्रचारप्रसार गर्न पाइँदैन।

(ठ) यो ऐनबमोजिमको काम कारबाही बन्द इजलासमा गरिन्छ र त्यसमा पक्ष विपक्ष निजका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिले मात्र प्रवेश पाउन सक्तछन्।

(ड) ऐनको बर्हिक्षेत्रिय प्रयोग : यो ऐन बमोजिम कसुर ठहरिने कार्य विदेशमा गरिएको रहेछ भने पनि नेपालमा कारबाही चलाउन सकिन्छ।

(ढ) यो ऐनको प्रयोजनको निमित्त बालिका भन्नाले १८ वर्षमुनिको व्यक्तिलाई जनाउँछ। शोषण भन्नाले दास तुल्याउने, बाधा बनाउने र कानुनविपरीत मानव अङ्ग झिक्ने कार्यलाई जनाउँछ।

(ण) यो ऐनको कसुर सरकारवादी भई मुद्दा चल्दछ।

(त) यो ऐनले जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ खारेज गरेको छ र उक्त ऐन बमोजिम चलेको मुद्दा यसै ऐनबमोजिम चलेको मानिनेछ भन्ने प्रबन्ध गरेको छ ।

## ५.३ मानव बेचबिखन तथा ओसारपसारको अपराधसँग सम्बन्धित अन्य ऐनहरू

### (क) बालबालिकासम्बन्धी ऐन, २०४८ :

यस ऐनको प्राथमिक उद्देश्य बालबालिकाको अधिकार तथा उनीहरूको सर्वोत्तम भलाइको संरक्षण गर्नु हो। यसरी यो ऐनले बालबालिकाको स्याहार सम्भार, सुरक्षा र विकासलाई प्राथमिकता दिने हुँदा राज्यले बालबालिकालाई कुनै पनि शोषणबाट सुरक्षित राख्नु यसको दायित्व हुन आउँछ। तसर्थ बालबालिकालाई अनैतिक क्रियाकलापमा[६] लगाएमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ आकर्षित हुन्छ।

### (ख) बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ :

यस ऐनले बालबालिकालाई निजको इच्छा विरुद्ध काममा लगाउन निषेध गरेको छ।[७] यसरी निजलाई काम लगाउने सिलसिलामा सिमाना पारी लगेमा मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र पर्न आउँछ।

---

[६] दफा १६: बालबालिका सम्बन्धी ऐन, २०४८

[७] दफा ४ : बाल श्रम (निषेध र नियमत गर्ने) ऐन, २०५६

(ग) **सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ :**

यस ऐनले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधहरूमा अनुसन्धान, अभियोजन र कार्यान्वयन गर्ने अधिकार राज्यमा हुने व्यवस्था गरेको छ । यस ऐनले यस अपराधलाई राज्यविरुद्धको अपराध भनेर परिभाषित गरेको छ । तसर्थ, राज्यले नै यस सम्बन्धी अपराधमा छानविन तथा अभियोजन लगाउने काम गर्छ । यस ऐनअन्तर्गत राज्यले कुनै पीडित वा अन्य व्यक्तिबाट उजुरी भएपश्चात् अनुसन्धानको कार्य सुरु गर्छ । त्यो उजुरी सरकारी न्यायाधिवक्ताद्वारा टिपोट गरेपश्चात् न्यायाधीशद्वारा प्रमाणित गर्ने कार्य जिल्ला अदालतमा हुन्छ । अनि मात्रै पीडित यस मुद्दाको महत्त्वपूर्ण साक्षी हुन पुग्छ ।

## ५.४ अन्तर्राष्ट्रिय कानुनी प्रावधान

अन्तर्राष्ट्रिय कानुनको सान्दर्भिकता राष्ट्रिय कानुनलाई परिमार्जन एवं आधुनिकीकरण (Rationalization) गर्न महत्त्वपूर्ण रहन्छ । नेपालले संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय श्रम संगठनका मानवअधिकारसम्बन्धी श्रेणीगत अनुबन्ध वा सन्धि अनुमोदन एवं सम्मिलन गरेको छ । उक्त अन्तर्राष्ट्रिय कानुनी दस्तावेज कुनै राष्ट्रले अनुमोदन वा सम्मिलन गरेपश्चात् उक्त राष्ट्र समानता, न्याय एवं अविभेदको सिद्धान्त अवलम्बन गरी राष्ट्रियता, लिङ्ग, जात, धर्म, सामाजिक उत्पत्ति र अन्य कुनै कुराको आधारमा भेदभाव नगर्ने सिद्धान्त अवलम्बन गर्नुपर्छ । सोही अनुरूप उक्त अन्तर्राष्ट्रिय सन्धि-सम्झौता पूर्णरूपमा पालना गर्न पक्ष राष्ट्रले अन्तर्राष्ट्रिय कानुनसँग बाझिएका राष्ट्रिय कानुन सोही अनुरूप परिमार्जन गर्दै लैजानुपर्छ ।

### परम्परागत अन्तर्राष्ट्रिय कानुनी प्रावधान

दोस्रो विश्वयुद्ध अगावै मानव बेचबिखनसम्बन्धी ४ वटा अन्तर्राष्ट्रिय सन्धि ग्रहण गरिसकिएको थियो । International Agreement for the Suppression of White Slave Traffic, 1904 नै महिला र चेलिबेटी बेचबिखन विषयक अन्तर्राष्ट्रिय सन्धि हो जुन मानव बेचबिखनसम्बन्धी प्रथम अन्तर्राष्ट्रिय सम्झौता हो । उक्त सम्झौताको मूल उद्देश्य महिला तथा चेलिबेटीलाई अनैतिक प्रयोजनका लागि जबरजस्ती वा हानिकारक कार्यमा लगाइने कार्यविरुद्ध लड्नु थियो । अपराधीलाई सजाय गर्नका निमित्त राज्यलाई बाध्य गराउन असमर्थ रहनुले उक्त सन्धिको महत्व न्यून हुन गयो । तसर्थ साविकका कमी कमजोरीहरू सच्याउँदै सन् १९१० मा उक्त सन्धिलाई परिमार्जन गरि International Convention for the Suppression of the White Slave Traffic निर्माण गरियो । उक्त परिमार्जित सन्धिको प्रमुख विशेषता मानव बेचबिखनको अपराधीलाई दण्डित गर्न राज्यलाई बाध्य गराइएको एवं देशभित्रको परिधिमा हुने मानव बेचबिखनसमेत पहिचान गरेको थियो ।

सोही अनुरूप सन् १९२१ मा International Convention for the Suppression of the Traffic in Women and Children ग्रहण गरियो । उक्त सन्धिले महिला तथा चेलिबेटी मात्र नभई पुरुषसमेत मानव बेचबिखनको पीडित हुन सक्ने यथार्थलाई स्वीकार गऱ्यो ।

त्यसरी नै सन् १९३३ मा ग्रहण गरिएको International Convention for the Suppression of Traffic in Women of Full Age ले अगाडिका सन्धि-सम्झौताका कमी कमजोरीलाई परिमार्जन गर्ने प्रयास गऱ्यो । यस सन्धिको मुख्य उपलब्धि नै यसले मानव बेचबिखनको परिभाषाको दायरा ठूलो बनायो । साविकका मानव बेचबिखनसँग सम्बन्धित सबै सन्धिले जबरजस्ती एवं हानिकारक भर्तिलाई मात्र समेटेका थिए भने यस सन्धिले स्वेच्छिक भर्ती समेतलाई मानव बेचबिखनको दायराभित्र पर्नसक्ने प्रावधान राख्यो । तर स्वेच्छिक भर्तीको विषय राज्यको सीमा भित्र लागु गर्न अझ यो सन्धि असमर्थ रह्यो । तसर्थ माथिका कुनैपनि अन्तर्राष्ट्रिय सन्धि

पस्–सम्झौताले मानव बेचबिखनको अवधारणालाई उचित मूल्याङ्कन गर्न असमर्थ रहे ।

माथिका ४ वटा सन्धि Convention for the Suppression of the Traffic in Persons and of the Exploitation of the Prostitution of others ले संगठित एवं सञ्चित गर्‍यो । उक्त महासन्धिको सबल पक्ष भनेको उक्त महासन्धिको कार्यान्वयन पक्ष हो । संयुक्त राष्ट्रसंघको स्थापनाले उक्त महासन्धिको कार्यान्वयनमा विश्वसनीयता सृजना गरेको थियो । उक्त महासन्धि मानव बेचबिखनसम्बन्धी संयुक्त राष्ट्रसंघको स्थापनापश्चात् ग्रहण गरिएको प्रथम अन्तर्राष्ट्रिय दस्तावेज थियो ।

तसर्थ उक्त महासन्धिले जबरजस्ती वा स्वेच्छिक भर्ती एवं अन्तर्राष्ट्रिय, अन्तर्देशीय एवं राष्ट्रिय परिधिभित्र गरिएको बेचबिखनको अपराध होस् राज्यले अपराधिलाई दण्डित गर्नुपर्ने प्रावधान गर्‍यो ।

तर उक्त  सन्धिले मानव बेचबिखनको अवधारणालाई पूर्णरूपमा वेश्यावृत्तिसँग मात्र सम्बन्धित गराएर यसको दायर साघुर्‍याएको थियो । साबिकका ४ सन्धि-महासन्धिले उक्त दायरा साँघुरो नगरी ‘अनैतिक प्रयोजनका लागि’ भनी साधारण परिभाषा गरेका थिए । सोही अनुरूप उक्त महासन्धिले मानव बेचबिखनका पीडित महिला मात्र इङ्गित गरी बालबालिका तथा पुरुषलाई इङ्गित गरेको छैन । तसर्थ उक्त महासन्धि मानव बेचबिखनको स्पष्ट अवधारणासँग मेल खाएको देखिँदैन । उक्त महासन्धिले वेश्यावृत्ति प्रतिशोधित गर्ने तर्फ सोचेको भए तापनि पीडित शास्त्रीय दृष्टिकोणको अभाव भने यथावत् देखिन्छ । यसले मानव बेचबिखनका पीडितको मानव मर्यादातर्फको विषयलाई आत्मसात गरेको छैन ।

सन् १९९८ मा संयुक्त राष्ट्रसंघको साधारणसभाले स्थापना गरेको तदर्थ समितिले Protocol to Prevent, Suppress and Punish Trafficking in Women and Children International Convention against Transnational organized crime लाई ग्रहण गरेको छ । मानव बेचबिखन अपराध Organized Criminal Phenomena को उक्त आलेखलाई मानब बेचबिखनविरुद्धको प्रथम आधुनिक अन्तर्राष्ट्रिय कानुको रूपमा चिनिन्छ ।

तर उक्त Protocol को मानवअधिकारको दृष्टिकोण भन्दा पनि अपराध नियन्त्रण तर्फको जोडले यसलाई पूर्ण सफल कानुनको रूपमा लिइदैन । तर पनि यसले मानव बेचबिखनका क्रियाकलापलाई स्पष्टरूपमा अपराधको संज्ञा भने दिएको छ ।

तसर्थ Protocol to 'Prevent, Suppress and Punish Trafficking in Person' / Convention Against Transnational Organized Crime / Protocol to Suppress Smuggling of Persons, लाई संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् २००० मा ग्रहण गर्‍यो र हस्ताक्षका लागि खुला गर्‍यो । तसर्थ उक्त महासन्धि र Protocol मानव बेचबिखनसम्बन्धी आधुनिक अन्तर्राष्ट्रिय कानुन रहेका छन् ।

**सारांश**

माथिको सामग्रीमा आधारित भई छलफल गरिसकेपछि राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डबीचमा भएका फरकको छलफल गराउने

# मानव बेचबिखन तथा ओसारपसार अपराधको अभियोजनको अवस्था

## उद्देश्य

यस सत्रको प्रशिक्षणपश्चात् सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसार अपराधको अभियोजनको वर्तमान अवस्थाका बारेमा जानकारी प्राप्त गर्नेछन् ।

## यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू

१) मानव बेचबिखन तथा ओसारपसार अपराधको अभियोजनको अवस्था के-कस्तो छ, सफलताको मात्रा कति छ ?

वर्तमानमा मानव बेचबिखन तथा ओसारपसार अपराधको अभियोजनको अवस्था के-कस्तो छ तलको सामग्रीका आधारमा सहभागीसँग छलफल गर्ने

मानव बेचबिखन तथा ओसारपसार अपराध संगठित रूपमा हुने अपराध भएकाले यसमा पीडित तथा साक्षी जाहेरी गर्न हिच्किचाउँछन् । अनुसन्धान भई अभियोजित मुद्दाहरूको पनि सफलता एकदम न्यून छ । महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित आर्थिक वर्ष २०६२/०६३ को प्रतिवेदन अनुसार मानव बेचबिखन तथा ओसारपसार अपराधमा सफलता निम्न तालिकाबाट स्पष्ट हुन्छ ।

**१. महान्यायाधिवक्ताको कार्यालयबाट आर्थिक वर्ष २०६२/०६३ मा जीउ मास्नेबेच्ने सम्बन्धी मुद्दाको बहस पैरवी गरिएको मुद्दाहरूको तथ्याङ्क**

| आर्थिक वर्ष | लगत | | | फछ्र्यौट | | | | कसुर ठहर भएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | कसुर ठहर भएको | सफाइ भएको | जम्मा | बाँकी | |
| २०५९/०६० | ६४ | ७० | १३४ | ११ | १७ | २८ | १०६ | ३९.२९ |
| २०६०/०६१ | १०६ | २५ | १३१ | १७ | १३ | ३० | १०१ | ५६.६७ |
| २०६१/०६२ | १०१ | १६ | ११७ | १६ | १३ | २९ | ८८ | ५५.१७ |
| २०६२/०६३ | ८८ | १४ | १०२ | ४ | ९ | १३ | ८९ | ३०.७७ |

२. **पुरावेदन सरकारी वकिल कार्यालयहरूबाट जीउ मास्नेबेच्नेसम्बन्धी मुद्दामा सम्पादित कार्यहरूको तुलनात्मक विवरण** (आर्थिक वर्ष २०६२/०६३)

| आर्थिक वर्ष | लगत | | | फछ्र्यौट | | | | कसुर ठहर भएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | कसुर ठहर भएको | सफाइ भएको | जम्मा | बाँकी | |
| २०५९/०६० | ४३ | २९ | ७२ | २९ | २६ | ५५ | १७ | ५२.७३ |
| २०६०/०६१ | १७ | २६ | ४३ | ४ | ५ | ९ | ३४ | ४४.४४ |
| २०६१/०६२ | ३४ | ३९ | ७३ | ११ | १२ | २३ | ५० | ४७.८३ |
| २०६२/०६३ | ५० | ४४ | ९४ | ९ | १० | १९ | ७५ | ४७.३७ |

३. **जिल्ला सरकारी वकिल कार्यालयबाट जीउ मास्नेबेच्नेसम्बन्धी मुद्दामा गरिएको बहसपैरवीको लगत फछ्र्यौट विवरण** (आर्थिक वर्ष २०६२/०६३)

| आर्थिक वर्ष | लगत | | | फछ्र्यौट | | | | कसुर ठहर भएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | कसुर ठहर भएको | सफाइ भएको | जम्मा | बाँकी | |
| २०५९/०६० | ६४ | ६९ | १३३ | ३२ | १८ | ५० | ८३ | ६४.०० |
| २०६०/०६१ | ८३ | ९० | १७३ | ५७ | ३१ | ८८ | ८५ | ६४.७७ |
| २०६१/०६२ | ८५ | ११८ | २०३ | ६० | ३५ | ९५ | १०८ | ६३.१६ |
| २०६२/०६३ | १०८ | ७५ | १८३ | ३७ | २२ | ५९ | १२४ | ६२.७१ |

४. **महानगरीय प्रहरी आयुक्तको कार्यालयअन्तर्गतका प्रहरी परिसर तथा वृत्तहरूमा मिति २०६५।०५।३० गतेदेखि मिति २०६५।०७।१७ गतेसम्म दर्ता भएको अपराधहरूको विवरण**

| जिल्ला | मिति | अपराध | सङ्ख्या |
|---|---|---|---|
| काठमाडौं | २०६५।०५।२३-०५।२९ | मानव बेचबिखन तथा ओसारपसार | १ |
| काठमाडौं | २०६५।०५।३०-०६।०५ | अपहरण तथा शरीर बन्धक | १ |
| ललितपुर | २०६५।०६।०६-०६।१२ | बाल विवाह | १ |
| काठमाडौं | २०६५।०६।०६-०६।१२ | बहु विवाह | २ |
| काठमाडौं | २०६५।०६।१३-०६।१९ | अपहरण तथा शरीर बन्धक | १ |
| काठमाडौं | २०६५।०६।२०-०६।२६ | अपहरण तथा शरीर बन्धक | १ |
| काठमाडौं | २०६५।०७।०४-०७।१० | बहु विवाह | २ |
| | | अपहरण तथा शरीर बन्धक | १ |
| काठमाडौं | २०६५।०७।११-०७।१७ | अपहरण तथा शरीर बन्धक | १ |

## सारांश

जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतबाट मानव बेचबिखन तथा ओसारपसार मुद्दामा भएका फैसला हेर्ने हो भने जिल्लाबाट पुनरावेदन र पुनरावेदनबाट सर्वोच्च अदालतसम्म पुग्दा कसुर ठहर हुने सङ्ख्या र सफाइ पाउनेको सङ्ख्या लगभग उत्तिनै पाइन्छ। के कति कारणले यस्तो हुने गर्दछ, सहभागीसँग छलफल गरी निचोड निकाल्ने।

सत्र ७

समय : १२० मि.

# मानव बेचबिखन तथा ओसारपसार मुद्दाको जाहेरीदर्ता, अनुसन्धान र सफल अभियोजनका चुनौतीहरू

## उद्देश्य

यस भागको प्रशिक्षणपश्चात् सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसार अपराधको जाहेरी दर्ता, अनुसन्धान र अभियोजनका चरणका चुनौतीहरू के-के छन् समस्या पहिचान र विश्लेषण गर्न सक्नेछन् ।

## यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू

१) मानव बेचबिखन तथा ओसारपसार अपराधको उजुरीसम्बन्धी व्यवस्था,

२) जाहेरी दर्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू,

३) मानव बेचबिखन तथा ओसारपसार अपराधको जाहेरी दर्ताका चरणका चुनौतीहरू के-के छन् समस्या पहिचान र विश्लेषण,

४) अनुसन्धान र अभियोजनको चरण र सम्बद्ध कानुनहरू,

५) सबुद प्रमाण सङ्कलनसम्बन्धी व्यवस्था

६) अभियुक्तलाई हिरासतमा लिने र म्याद थप सम्बन्धी व्यवस्था

७) अभियुक्तसँग बयान लिंदा अपनाउनुपर्ने कार्यविधि

८) अनुसन्धान तहकिकातको सन्दर्भमा प्रतिरक्षी कानुन व्यवसायीले ध्यान दिनुपर्नेसम्बन्धी कानुनी व्यवस्था

९) अनुसन्धान र अभियोजनको चरणका चुनौतीहरू के-के छन् समस्या पहिचान र विश्लेषण ।

## ७.१ मुद्दाको जाहेरीको चरणका चुनौतीहरू

नेपालको फौजदारी न्याय व्यवस्थामा जाहेरी अनिवार्य कानुनी प्रक्रिया मानिन्छ। अनुसन्धान अधिकारीले जाहेरी अनिवार्य नै मान्दछन् र वास्तवमा अपराध अनुसन्धान अगाडि बढाउन यो अत्यावश्यक नै हुन्छ भन्ने मान्यता नेपालमा रहेको छ। अपराध अनुसन्धान, त्यसको सञ्चालन र फैसलालगायत नीतिनिर्माण तथा कार्यान्वयन र सजायको उपयुक्त नीति प्रत्येक देशको फौजदारी न्यायव्यवस्थाको ढाँचा अनुरूप हुन्छ। नेपालको फौजदारी न्यायमा यसको आफ्नै मौलिक संस्थागत ढाँचा छ। व्यक्तिको स्वतन्त्रता र सुरक्षा,

अपराधको निष्पक्ष र स्वतन्त्र अनुसन्धान र नागरिकहरूलाई उपद्रो, सङ्घर्ष वा प्रकोपहरूबाट संरक्षण गर्नु प्रहरीको सबैभन्दा महत्त्वपूर्ण दायित्व हुन् । प्रहरी कार्यपालिकाको तर्फबाट समाजमा कानुन कार्यान्वयन गर्ने सबैभन्दा विस्तृत र पहिलो निकाय हो ।

### ७.१.१. मानव बेचबिखन तथा ओसारपसार अपराधको उजुरीसम्बन्धी व्यवस्था

उक्त ऐनमा व्यवस्था भएबमोजिम मानव बेचबिखनविरूद्धको अपराधको उजुरी सम्बन्धित पीडित व्यक्तिको परिवार वा अन्य सामाजिक संघसंस्थाहरूबाट नियमितरूपले पर्न सकिरहेको छैन भने यस विषयमा अनुसन्धान गर्ने जिम्मेवार प्रहरी निकायका कर्मचारीहरूसमेत संवेदनशील हुन सकिरहेको पाइँदैन, जसले गर्दा घटित अपराधको अनुपातमा जाहेरी वा उजुरी नआई यस अपराधसँग सम्बन्धित शङ्कित व्यक्ति वा गिरोहलाई कानुनबमोजिम कारबाही हुन सकिरहेको देखिंदैन ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिमको आपराधिक कार्यको उजुरी दिने प्रक्रिया यसप्रकार रहेको छ ।

(१) दफा ३ बमोजिमको कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नुपर्नेछ । (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ५)

मानव बेचबिखन तथा ओसारपसार अपराधमा जाहेरी वा उजुरीको ठूलो महत्त्व छ । सामान्यतया यस्ता अपराधमा स्वयम् पीडितले भोगेका अनुभवहरू सूचनाको रूपमा अङ्कित भएका हुन्छन् ।

### ७.१.२. जाहेरी दर्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू

मानव बेचबिखन तथा ओसारपसारविरूद्धको उजुरी दिंदा खुलाउनु पर्ने कुराहरूलाई दृष्टिगत गरी उजुरी लिनुपर्दछ । यस्तो अपराधमा पीडित हुने वर्ग अशिक्षित र नेपाली भाषा बुझ्न नसक्ने पनि हुन सक्दछन् । सोसमेत विचार गरी आवश्यक परेको खण्डमा दोभाषे समेतको सहयोग लिई उजरी लिनुपर्दछ र यसबखत ध्यान दिनुपर्ने कुराहरू निम्न हुन सक्दछन्:

- कानुनबमोजिम रितपूर्वकको दरखास्त छ कि छैन ।
- जाहेरी दरखास्त कुनै व्यक्तिमार्फत पठाइएको खण्डमा त्यस्ता व्यक्तिलाई भर्पाइ नदिने गरेको पाइएकोले भर्पाइ दिनुपर्दछ ।
- जाहेरी दरखास्त सम्बन्धमा थप कुराहरू खुलाउने प्रयास भएको पाइँदैन ।
- जाहेरी दिन आउने पीडित पक्षलाई प्रोत्साहित गरिनुको सट्टा दुरुत्साहित, उच्छृंखल भएर प्रश्नहरू सोध्ने वा सिधै आँखा जुधाएर कुरा गर्ने गर्नु हुँदैन ।
- पुरुष कर्मचारीहरूले अस्वाभाविक हाउभाउ गर्नु हुँदैन ।

- पीडित पक्षलाई विभिन्न समस्याहरू परिरहेको हुन सक्छ जस्तै खाना नखाएर भोकै हुन सक्छ, बस्नको निमित्त समस्या हुन सक्छ त्यस्तो अवस्थामा सम्बन्धित संघसंस्थामा पठाएर पुनर्स्थापनाको निमित्त सहयोग गर्ने प्रयास गर्नुपर्छ ।
- उजुरी दिने वातावरण बनाउन मुख्य प्रवेशद्वारदेखि नै कर्मचारीलाई सचेत गराउनु पर्दछ ।
- कर्मचारीहरूलाई लैङ्गिक (जेण्डर) सचेतना तालिम प्रदान गरिएको हुनुपर्दछ । किनकि पीडित महिला वर्गलाई प्रहरी कार्यालयमा आउँदा अनावश्यक हैरानी दिइने गरेको छ भन्ने गुनासो छ ।
- उजुरी लिइसकेपछि दर्ता गरेर दर्ता नं. तुरुन्तै दिनु पर्दछ र कहिले, कहाँ कोसँग सम्पर्क राख्न आउने भन्ने कुरा स्पष्ट भनिदिनुपर्दछ ।
- जाहेरी दरखास्त लेख्न पीडित पक्षलाई समस्या भए वा लेख्न नजान्ने भए प्रहरीबाट लेखिदिने व्यवस्था मिलाउनुपर्दछ ।
- प्रहरी कार्यालयबाट एकै खालको ढाँचा (Format) बनाएर जाहेरी दरखास्तसम्बन्धी सूचनाहरू राख्ने व्यवस्था मिलाउन सकिन्छ ।
- मुद्दा दर्ता प्रहरी आफैंले गर्न सक्दछ ।
- मानव बेचबिखन तथा ओसारपसार अपराधमा प्रमाण स्वयम् बेचिने मानिस नै भएकोले सो प्रमाण प्रहरीले अनुसन्धानबाट जुटाउने प्रयास गर्नुपर्नेमा सुरुमा जाहेरी लिंदा नै प्रमाण छैन, किन मुद्दा दर्ता गर्ने भन्ने प्रश्न गर्नु हुँदैन ।

(इ) प्रारम्भिक प्रतिवेदन सरकारी वकिललाई पठाउनुपर्ने व्यवस्था

- सरकारी मुद्दासम्बन्धी ऐनअनुसार प्रहरी अधिकृतले अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन सरकारी वकिललाई बुझाएपछि अनुसन्धानको प्रक्रिया अगाडि बढ्छ । सामान्यतः जाहेरी दर्ता भएपछि सो प्रतिवेदन पेस गर्ने गरिन्छ ।

(ई) प्रारम्भिक प्रतिवेदनको आधारमा अनुसन्धान सम्बद्ध अधिकारीलाई निर्देशन दिने ।

- प्रारम्भिक प्रतिवेदनको आधारमा सो अपराधका सम्बन्धमा कसरी अनुसन्धान गर्नुपर्दछ भन्ने सम्बन्धमा सरकारी वकिलले सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिन सक्दछ । उक्त निर्देशनको पालना गर्नु अनुसन्धान अधिकारीको कानुनी कर्तव्य हुन्छ ।
- यस मुद्दामा अभियुक्त पक्राउ गर्न विशेष जोड दिनुपर्दछ ।
- पीडितको राहतको निमित्त व्यवस्था मिलाउनेसम्बन्धी ज्ञान सम्बद्ध अधिकारीलाई जानकारी हुनुपर्दछ । सोहीअनुसार पीडितको पुनर्स्थापनाको निमित्त आवश्यक व्यवस्था मिलाउन सक्दछ ।

### ७.१.३. समग्रमा जाहेरी दर्ताको चरणका चुनौतीहरू निम्न छन्

१. शारीरिक तथा मानसिक रूपले विक्षिप्त भएर बसेको बेला कहाँ जाने, के गर्ने, कसलाई भन्ने जस्ता कुराहरूको सही सल्लाहको अभाव हुनु ।

२. परिवार-नातेदारबाट जाहेरी दर्ता गर्न हौसला नदिइनु, इज्जत, मर्यादा, सामाजिक कलङ्क जस्ता कुराहरूलाई बढावा दिइनु ।

३. जाहेरी दर्ता गर्न पैसा लाग्दैन, वकिल चाहिदैन, प्रहरीले नै जाहेरी लेखी दर्ता गरिदिन्छन् भन्ने जानकारीको अभाव हुनु ।

४. सामाजिक असहयोग (सबैले छिःछिः दूरदूर गर्ने, लागिपरी मद्धत नगर्ने, सबै गल्ती र दोष बेचिनेमाथि थोपर्ने) हुनु ।

५. प्रहरी थाना, चौकीमा गोपनीयताको सुरक्षा नहुने ।

६. पीडितमाथि हाँसीमजाक गर्ने, हेयको दृष्टिले हेर्ने, आत्मसम्मानमा ठेस पुग्ने खालका बोली व्यवहार गरिने आदि हुनु ।

७. कतिपय ठाउँमा प्रहरीले 'वकिललाई लेखाएर लेराउ' भनी पठाइदिने गर्नु ।

८. लाज सङ्कोच र डरले सबै व्यहोरा दुरुस्त बताउन नसक्नु ।

९. प्रस्ट भन्न नसक्दा र लामो समय लिँदा प्रहरीले झर्कोफर्को गर्ने ।

१०. प्रहरीबाट प्रमाण मागिनु, प्रमाण जुटाउन र पेश गर्न नसक्नु ।

११. नेपाली भाषा बोल्न नजान्ने पीडितको हकमा अनुवादकको अभाव हुनु ।

१२. भौगोलिक रूपमा पुलिस चौकी वा थानाबाट टाढा बस्ने पीडितहरूको हकमा जाने आउने तथा खाजाखर्च जस्ता कुराहरूको समस्या हुनु ।

१३. लेखपढ गर्न नजान्ने पीडितको हकमा दस्तखत गर्नुपूर्व आफूले विश्वास गरेको मान्छेबाट पढ्न सुन्न पाइने व्यवस्थाको अभाव हुनु ।

१४. पीडितको हकमा अन्य कसैले जाहेरी लिएर आएको छ भने दर्ता गर्न कठिनाइ हुनु ।

१५. जाहेरी दरखास्त कुनै व्यक्तिमार्फत पठाइएको खण्डमा त्यस्ता व्यक्तिलाई भर्पाई नदिने गरिएको वा दिन आनाकानी गरिने गरिएको ।

१६. पीडित र साक्षीको सुरक्षा हुन्छ भन्ने कुराको ग्यारेन्टी गर्न नसकिनु ।

### ७.१.४. सुझावहरू

- बन्द इजलास (Camera Court) मा सुनुवाइको व्यवस्थालाई प्रभावकारी ढङ्गबाट लागु गरिनुपर्ने ।
- पीडित सहयोग पद्धतिको विकास गर्नुपर्ने ।
- पीडितसँग बयान लिंदा उसैले रोजेको व्यक्तिसँगै राख्न दिनुपर्ने ।
- अन्तर्राष्ट्रिय कानुनहरूले परिवर्तन तथा परिमार्जनसँगसँगै राष्ट्रिय कानुनहरूमा पनि आवश्यकताअनुसार सुधार तथा परिमार्जन गरिनुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार मुद्दाका अभियुक्तहरू धरौटी वा तारेखमा छुट्ने प्रक्रिया हटाउनु पर्ने, भाग्न सक्ने सम्भावना बढ्ने हुँदा थुनामै राख्ने ।

- पीडित तथा साक्षीहरूको सुरक्षाको जिम्मा राज्यले लिनुपर्ने ।
- नियन्त्रण र सन्तुलनको व्यवस्था (Check and Balance System) हुनुपर्ने ।
- सम्बन्धित निकायहरूको व्यवहार राम्रो हुनुपर्ने । मानव बेचबिखन तथा ओसारपासर मुद्दाको अनुसन्धान तहकिकात महिला प्रहरी अधिकृतबाट नै हुनुपर्ने । महिला प्रहरी अधिकृत सम्भव नभएमा महिला प्रहरी कर्मचारीबाट बयान लिने ।
- राज्यले पुनर्स्थापना गृहको व्यवस्था गर्नुपर्ने ।
- बेचिएर फर्किएका महिलाहरूले क्षतिपूर्ति पाउने व्यवस्था हुनुपर्ने ।
- मुद्दाको किनारा छिटोछरितो हुनुपर्ने ।
- विशेष अदालतको व्यवस्था अधिराज्यका प्रत्येक जिल्लाहरूमा हुनुपर्ने ।
- पीडित र साक्षीले नियमानुसार पाउनु पर्ने दैनिक भ्रमण भत्ता सजिलै उपलब्ध गराउनु पर्ने ।

## ७.२ अनुसन्धानका चरणको चुनौतीहरू

सफल अभियोजनको आधार सफल अनुसन्धान हो र सफल अनुसन्धान धेरै हदसम्म अनुसन्धान अधिकृतको संवेदनशीलता र कार्यमा निर्भर गर्दछ । सबै अपराधहरू संवेदनशील हुन्छन् । मानव बेचबिखनसम्बन्धी अपराध तुलनात्मकरूपमा अझै संवेदनशील हुन्छ । यस अपराधको अनुसन्धान गर्ने क्रममा लैङ्गिक संवेदनशीलताको कुरालाई समेत ध्यानमा राख्नुपर्ने भएकाले अनुसन्धान तहकिकातसम्बन्धी जिम्मेवारी दिंदा नै यी पक्षहरूलाई मध्यनजर राख्नुपर्ने हुन्छ । यस्ता अपराधको अनुसन्धान अधिकृत तोक्दा महिला सेल स्थापना भएको स्थानमा सोही सेलमा कार्यरत प्रहरी अधिकृतलाई र अन्य स्थानको हकमा संभव भएसम्म तालिम प्राप्त (सम्बन्धित अपराधको बारेमा) महिला प्रहरी अधिकृतलाई अनुसन्धान अधिकृत खटाउने व्यवस्था हुनुपर्छ । महिलालाई अनुसन्धान अधिकृत तोक्न नसकिने अवस्थामा महिला प्रहरीसमेत संलग्न हुने गरी सम्बन्धित अपराधको बारेमा तालिम प्राप्त, लैङ्गिक सवालमा संवेदनशील प्रहरी कर्मचारीलाई अनुसन्धान तहकिकातसम्बन्धी जिम्मेवारी दिने व्यवस्था हुनुपर्छ । अनुसन्धानमा महिला सहभागिताले अपराधहरूको बारेमा सूचना प्राप्त गर्ने खानतलासी गर्ने सवालमा सकारात्मक प्रभाव पर्न गई अनुसन्धान पक्ष सबल हुन पुग्दछ ।

### ७.२.१. मानव बेचबिखन तथा ओसारपसार अपराधको अनुसन्धान कार्यविधि अन्तर्गत निम्न कार्यहरू गरिन्छन्

क) खानतलासी,

ख) सबुद प्रमाण सङ्कलन,

ग) शङ्कित व्यक्तिको खोजी तथा पक्राउ,

घ) शङ्कित सँग बयान,

ङ) हिरासतमा लिने र म्याद थप ।

### ७.२.२. खानतलासी, शङ्कित व्यक्तिको खोजी तथा पक्राउ कार्यहरूका सम्बन्धमा निम्न कानुनी व्यवस्थाहरू सम्बद्ध छन्

- सरकारी मुद्दासम्बन्धी ऐन २०४९ दफा ४(२), १० (१), (२), (३), र दफा १६

- प्रहरी ऐन २०१२ को दफा १५(१), (ञ) र (ट)
- मुलुकी ऐन अ.बं. को १७२(१), ११६, १७२ नंको देहाय ५, १७२(४),(७)

### ७.२.३. यी कानुनहरूमा निम्न कुराहरू उल्लेख गरिएको छ

- कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसँग सम्बन्धित कुनै व्यक्ति वा दसीप्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको तोकिए बमोजिम खानतलासी लिन सक्ने,
- अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी वा सुराक पाई लिन गएका बखत वा आफ्नो उपस्थितिमा त्यस्तो अपराध भएको देखेमा तुरुन्त अभियुक्तलाई पक्री र अभियुक्त पक्राउ हुन नसकेको अवस्थामा अपराधसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण लाग्ने चीज वा वस्तु फेला परेमा ती सामानहरू समेत घटनास्थलमा अपराध भएको देख्ने व्यक्तिहरू कोही भए निजहरूको रोहवरमा आफ्नो कब्जामा लिई आवश्यकतानुसार ठाडो मुचुल्का खडा गर्नुपर्नेछ र त्यस्तो तहकिकातको कार्य सम्पन्न नभएसम्म त्यस्तो स्थानलाई यथास्थितिमा सुरक्षित राख्नुपर्ने,
- कुनै महिलाको जीउको तलासी लिनुपर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनुपर्ने,
- स्वास्नीमानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नीमानिस सिपाही भएका अड्डाले स्वास्नीमानिस सिपाही र नभएका अड्डाले दुईजना सिपाही पठाई डाकी ल्याउनुपर्छ । लोग्ने मानिसले हात हाली पक्रन हुँदैन । नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनुपर्छ,
- खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने,
- कुनै घर वा ठाउँको तलासी लिनु पर्ने भएमा सो घर वा ठाउँमा बसोबास गरी आएका वा सो घर वा ठाउँको धनी वा जिम्मा लिएको मानिसलाई तलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनुपर्छ,
- वारेन्ट जारी गरी पक्रनु पर्ने मानिसलाई र हतियार खजानासम्बन्धी मुद्दाका अभियुक्तलाई घरभित्र पसी पक्रन पर्दा जुनसुकै बखत भए पनि पक्रन सक्ने,
- अरू मानिसलाई पक्रनु पर्दा घरको चोक आँगनसम्म गई पक्रन हुन्छ । सो ठाउँसम्म जाँदा पक्राउ हुन सकेन भने जनाउ दिई सूर्योदयदेखि सूर्यास्तसम्म घरभित्र पसेर पनि पक्राउ गर्ने
- खानतलासी लिंदा अपराधसँग सम्बन्धित वस्तु फेला परेमा खानतलासी लिने प्रहरी कर्मचारीले मुचुल्का तयार गर्नुपर्छ र त्यस्तो कुनै वस्तु लैजान चाहेमा सरकारी मुद्दासम्बन्धी नियमावली २०५५ को अनुसूची ५ वा ६ बमोजिमको भर्पाई दिएर मात्र लिनु पर्ने,
- खानतलासी लिंदा त्यस ठाउँको स्थानीय निकायको सदस्य वा प्रतिनिधि, कम्तिमा दुईजना भलादमी घरधनी वा उसको एकजना प्रतिनिधि र पाएसम्म जिमिदार, तालुकदारसमेत साक्षी राखी ती सबैको अगाडि आङ खोली केही वस्तु नलिई सो घर वा ठाउँभित्र पसी तलासी लिनुपर्ने,

### ७.२.४ सबुद प्रमाण सङ्कलनसम्बन्धी व्यवस्था

- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधको सम्बन्धमा अपराध प्रमाणित गर्न शङ्कितबाट

नगद रकम, बस, रेल वा प्लेनको टिकट बरामद गर्न सक्ने संभावना हुन्छ। तसर्थ नगद प्राप्त भएमा त्यसलाई अनुसन्धान अधिकृतले आफ्नो कब्जामा लिई आवश्यकतानुसार ठाडो मुचुल्का खडा गर्नुपर्दछ।

- यस अपराधको उपर्युक्त तथ्यहरूलाई प्रमाणित गर्ने प्रमाणको रूपमा कुनै लिखित दसी नहुन सक्दछ। तसर्थ यस्ता अपराधको सबैभन्दा भरपर्दो प्रमाण भनेको पीडित व्यक्ति नै हो। तसर्थ, यो अपराध ठहर गर्न सर्वप्रथम उक्त किटानी पोल उजुरी परेको व्यक्ति अन्यथा प्रमाणित नभएसम्म अपराधी ठहर्दछ। त्यस्ता पीडितको बयान जिल्ला अदालतबाट प्रमाणित गरेपछि त्यो भरपर्दो प्रमाण बन्दछ। किटानी जाहेरी रहेको अवस्थामा निर्दोषिता प्रमाणित गर्नुपर्ने दायित्व प्रतिवादीमा सर्दछ। अतः जाहेरीमा पीडितको बेहोरालाई स्पष्ट ढङ्गबाट उल्लेख गर्न सक्नु सफल अनुसन्धानकै एक पक्ष मानिन्छ।
- पीडितबाट पक्राउ परेको अभियुक्तको सनाखत गराएपछि त्यो दोस्रो प्रमाण बन्दछ।
- पीडितको उजुरवालाको किटानी बमोजिम अभियुक्तहरूको पक्राउ गरी सरकारी वकिलसमक्ष बयान गराइसकेपछि त्यो तेस्रो भरपर्दो प्रमाण बन्दछ।
- पीडितको तथा अभियुक्तको घरगाउँ भएको स्थानमा गई सर्जमिन गरेपछि त्यसले पीडित वा अभियुक्त सो अवधिमा घरगाउँमा थिए, थिएनन् भन्ने कुरा खुल्दछ र त्यो एउटा परिस्थितिजन्य प्रमाण बन्दछ।
- पीडित र अभियुक्त कहीं कतै सँगै हिंडेको देख्ने व्यक्ति रहेछ भने तिनको ठाडो कागज बयान गरी राखेमा त्यसले पनि परिस्थितिजन्य प्रमाणको स्थान लिन्छ।

### ७.२.५. अभियुक्तलाई हिरासतमा लिने र म्याद थपसम्बन्धी व्यवस्था

- मानव बेचबिखन तथा ओसारपसार मुद्दाका अभियुक्तहरूलाई थुनामा राखेर कारबाही गर्नु पर्ने व्यवस्था छ। थुनाले व्यक्तिको वैयक्तिक स्वतन्त्रता प्रत्यक्ष रूपमा बन्देज लगाउछ। अतः कुनै पनि व्यक्तिलाई थुनामा राख्दा अनुसन्धानकर्ताको चाहना वा स्वविवेक भएर मात्रै पुग्दैन, थुनामा राख्ने आधार हुनुपर्दछ र त्यस्तो थुना कानुनद्वारा तोकिएका कार्यविधिद्वारा निर्देशित रहेको हुनुपर्दछ। अतः कुनै व्यक्तिलाई थुनामा राख्नु पर्ने भएमा नेपालको अन्तरिम संविधान तथा नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय दस्तावेजहरूप्रति गम्भीर भएर ध्यान दिनुपर्छ।
- कुनै पनि अभियुक्तलाई पक्राउ पुर्जी दिएर पक्राउ गरेपछि सकेसम्म छिटो बाटाको म्यादबाहेक २४ घण्टा नबढाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्दछ।
- हिरासतमा लिइएको व्यक्तिलाई हिरासत अभिलेख फारम भरी विवरण तयार गरी राख्नुपर्दछ।
- पक्राउ गरिएको व्यक्तिलाई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्दछ।
- थुनामा राखिएको व्यक्तिको शारीरिक जाँच गराउनुपर्छ।
- हिरासतमा यातना र बल प्रयोग गरिनु हुँदैन।

### ७.२.६. अनुसन्धानकर्ताले ध्यान दिनुपर्ने कुराहरू

- अनुसन्धान अधिकृतले अनुसन्धान गतिविधिसम्बन्धी प्रगति विवरण समयसमयमा सरकारी वलिकलाई पठाई निरन्तररूपमा सहयोग र निर्देशन प्राप्त गरी सोहीअनुसार काम अगाडि

बढाउने ।

- घटनासँग सम्बन्धित पीडित पक्ष, साक्षी, गवाह तथा कानुनबमोजिम रोहवरमा राख्नु पर्ने व्यक्तिहरूसँग सम्पर्क र समन्वय राख्ने ।
- अनुसन्धान समूह गठन भई यसमा कुनै विशेषज्ञ व्यक्ति संलग्न छ भने उसको राय, सल्लाह र सुझावलाई ध्यानमा राख्ने ।
- अनुसन्धान समूहमा विशेषज्ञ नभए तापनि तहकिकातको क्रममा कुनै विशेषज्ञको राय लिनु आवश्यक देखिएमा सोसमेत लिने ।
- घटना वा अपराधसँग सम्बन्धित वा प्रकृतिअनुसारको कानुन र तत्सम्बन्धी नजिरहरूको अध्ययन गर्ने ।
- आवश्यकताअनुसार सरकारी वकिलसँग कानुनी परामर्श लिने ।
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको सम्बन्धमा अनुसन्धान गर्दा आवश्यक पर्ने सामग्रीहरूको विषयगत फेहरिस्त तयार गरी साथमा राख्ने ।
- अपराधी वा शङ्कित व्यक्ति पक्राउ परिनसकेको अवस्थामा सो कार्य गर्नको लागि कारबाही अगाडि बढाउने ।
- समान प्रकृतिका अन्य सफल मुद्दाहरूको अध्ययन गर्ने र सो मुद्दाको सम्बद्ध पक्षहरूसँग सर्म्पक राखी आवश्यक राय सल्लाह लिने ।
- पीडित व्यक्तिलाई पीडक पक्षले अनुचित प्रभाव पार्न नसकोस् भन्ने कुरालाई ध्यानमा राखी सोको उचित प्रबन्ध मिलाउने । यसको लागि विभिन्न संघसंस्थाहरूसँग समन्वय राख्ने ।
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको सम्बन्धमा भौतिक सबुतको सम्भावना कम भए तापनि शङ्कित व्यक्ति वा उसको घरबाट बेचबिखनबाट प्राप्त गरेको नगद प्राप्त हुनसक्छ ।
- पीडितबाट अभियुक्तको सनाखत प्रहरीमा भएकोमा उक्त व्यक्तिको सनाखत गर्नको निमित्त अदालतले आदेश गरेका बखत पीडितलाई अभियुक्तको सनाखतको लागि अदालतमा उपस्थित गराउनु पनि अत्यावश्यक हुन्छ र यो कार्य अनुसन्धान अधिकृतले बढी तत्परताका साथ गर्नुपर्दछ ।

### ७.२.७.अभियुक्तसँग बयान लिंदा अपनाउनुपर्ने कार्यविधि

- बयान दिनको लागि अभियुक्तलाई जबर्जस्ती गर्न वा करकापमा पार्न हुँदैन ।
- अभियुक्त अथवा पक्राउमा परेका व्यक्तिहरूलाई सोधपुछ गर्दा वा उनीहरूको बयान लिंदा सर्वप्रथम निम्न कुराहरू स्पष्ट रूपमा भनीदिनुपर्दछ ।
    १. तपाईंले आफ्नो कानुन व्यवसायीसँग सल्लाह गर्न पाउनुहुन्छ ।
    २. तपाईंले आफ्नो कानुन व्यवसायी राख्न सक्नु हुन्न भने निःशुल्क कानुनी सहायताको लागि अनुरोध गर्न सक्नुहुन्छ ।
- माथिका सम्पूर्ण कुराहरू अभियुक्तलाई बुझाई उसले सबै कुरा बुझेपछि यदि ऊ बयान दिन तयार हुन्छ भने मात्र बयान लिनुपर्छ ।
- स्वेच्छाले दिएको बयानलाई भरपर्दो प्रमाणका रूपमा ग्रहण गर्न सकिन्छ । कुनै बयान स्वेच्छाको

बयान हो भन्ने कुरामा विवाद हुन सक्दछ ।

**७.२.८. अनुसन्धान तहकिकातको सन्दर्भमा प्रतिरक्षी कानुन व्यवसायीले ध्यान दिनुपर्नेसम्बन्धी कानुनी व्यवस्था**

- थुना वैधानिक छ वा अवैधानिक बुझ्नु पर्दछ,
- शारीरिक स्थितिको जाँच गरे-नगरेको बुझ्नु पर्दछ,
- यातना दिने वा अपमानजनक व्यवहार गर्ने गरिएको छ वा छैन,
- यसका अतिरिक्त सबै व्यक्तिका मौलिक हकहरू हुन्छन् । विस्तृत जानकारीका लागि नेपालको अन्तरिम संविधान हेर्नुहोस् ।
- दक्ष मानव संसाधन, स्रोत र प्रविधिको अभाव भएमा अनुसन्धानमा चुनौतीहरू थपिन्छन् । नेपालको परिप्रेक्ष्यमा धेरैहदसम्म लागू भएको पढ्न र सुन्न पाइन्छ । कानुनमा एकथरी व्यवस्था भए तापनि व्यवहारमा ती सबै लागू नभएको पनि पाइन्छ । अनुसन्धान अधिकृतले अनुसन्धान सुरू भएदेखि नै विभिन्न चुनौतीहरूको सामना गर्नुपर्दछ ।

**७.२.८. सङ्क्षेपमा अनुसन्धानका चरणको चुनौतीहरू निम्न प्रकार छन् ।**

१. अनुसन्धानकर्तामा लैङ्गिक र भाषिक सचेतनाको कमी ।

२. सामाजिक मनोविज्ञानको ज्ञानको अभाव ।

३. पीडितप्रति संवेदनशील नहुनु, पीडितको कुरा राम्रोसँग नसुन्नु ।

४. सम्बन्धित निकायहरूबीच आपसी समझदारी र सहयोग नहुनु ।

५. अनुसन्धान प्रक्रिया परम्परागत शैलीको हुनु ।

६. अनुसन्धानमा संलग्न हुने सबै प्रहरी कर्मचारीहरूमा आधारभूत तालिम नपुग्नु ।

७. सीप र दक्षताको अभाव ।

८. स्रोत साधन र प्रविधिको अभाव ।

९. बयान लिने क्रममा डर र सङ्कोच हटाउने वातावरणको व्यवस्था गर्न नसकिनु ।

१०. गोपनीयताको रक्षा गर्न नसकिनु ।

११. अनुसन्धानको क्रममा प्रहरी र अदालत धाउँदा लाग्ने खर्च त्यही दिन तुरुन्त पाउने गरी व्यवस्था गर्न नसकिनु ।

१२. खानतलासी गर्दा सभ्य व्यवहारको कमी ।

१३. कतिपय अवस्थामा पीडितलाई प्रहरी गाडीमा राखेर विभिन्न ठाउँठाउँमा घुमाइरहनु (विशेषगरी खानतलासी र पक्राउ गर्नुपर्ने अवस्थामा) ।

१४. सरकारी वकिल र प्रहरीबीच समन्वयको अभाव ।

१५. मिसिल र प्रमाण (सामान) सुरक्षित र व्यवस्थितसँग राख्न कठिनाइ ।

१६. अनुसन्धानकर्ताको सुरक्षाको ग्यारेन्टी गर्न नसकिनु ।

## ७.३ अभियोजनको चरणका चुनौतीहरू

**मानव बेचबिखन तथा ओसरपसार मुद्दाको सफल अभियोजनका चुनौतीहरू**

| |
|---|
| मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजनको चरणका चुनौतीहरू के-के हुन सक्छन् तलको सामग्रीका आधारमा छलफल गर्नेः- |

मानव बेचबिखन तथा ओसारपसार अपराधको अभियोजनको अवस्था मानव बेचबिखन तथा ओसारपसार अपराध संगठित रूपमा हुने अपराध भएकोले यसमा पीडित तथा साक्षी जाहेरी गर्न हिच्किचाउँछन् । अनुसन्धान भई अभियोजित मुद्दाहरूको पनि सफलता एकदम न्यून छ । यस विषयमा पृष्ठ ३७-३८ मा अभियोजनका चरणका अवस्था शीर्षक अर्न्तगत चर्चा गरिसकिएको छ ।

### ७.३.१ मुद्दा अभियोजनसम्बन्धी व्यवस्था

सफल अभियोजन सफल अनुसन्धानमा निर्भर रहन्छ । अभियोजन राज्यका तर्फबाट न्यायपालिकामा मुद्दा दायर गरी त्यसको प्रतिरक्षा गर्ने प्रणाली हो । त्यसैकारण, सरकारको तर्फबाट अभियोजन तयार गर्ने कानुन व्यवसायीले अपराधको अनुसन्धानमा होशियारीपूर्वक नजर राख्नुपर्दछ र सकेसम्म आफैं त्यसमा सरिक हुनुपर्दछ भनिन्छ । अभियोजनअन्तर्गत मूलतः अपराधमा निहित रहेको तथ्यको पहिचान गरी त्यस तथ्यमा प्रयुक्त हुने कानुनको छनौट गरिन्छ । उक्त कानुनले तोकेको सजाय माग गर्ने क्रममा अभियुक्तहरूको अपराधमा रहेको संलग्नताको विचार गरिन्छ र कानुनमा भएको व्यवस्था र अभियुक्तका अवस्थाहरूलाई समेत मध्यनजर राखी अदालतसमक्ष कुन अपराधमा कुन सजाय गर्नुपर्ने हो भन्ने कुरा स्पष्ट ढङ्गबाट माग गरिन्छ ।

वस्तुनिष्ठ अनुसन्धान हुन सकेन भने न्यायोचित अभियोजन हुन सक्ने सम्भावना नै रहँदैन । अर्कातर्फ अनुसन्धान तब मात्र न्यायोचित हुनजान्छ जब अभियोजनकर्ताले अनुसन्धानका प्रक्रियामा राम्ररी नजर राखेको हुन्छ । वर्तमान अवस्थामा अनुसन्धान तथा अभियोजन प्रभावकारी हुन सकिरहेका छैनन् भन्ने व्यापक गुनासो रहेको छ ।

महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित हुने वार्षिक प्रतिवेदनमा अभियोजन गरिएका मुद्दाहरूमा असफलताको सङ्ख्या ठूलो देखाएको छ । अभियोजनको यो ठूलो असफलता अपराधीलाई पक्रन नसकिने अवस्था भन्दा अनुसन्धान प्रभावकारी हुन नसकेको कारणले यो असफलता हात लागेको हो भन्ने अनुमान गरिन्छ ।

अभियोजनको असफलताले मानवअधिकारको व्यापक उल्लङ्घनतर्फ सङ्केत गर्दछ । व्यापकरूपमा अभियोजनको असफलताले निम्न २ वटा कुराहरूलाई संकेत गर्दछ :

(१) नेपाली समाज अपराधीहरूको लागि स्वर्ग छ ।
(२) नेपालमा मानवअधिकार व्यापकरूपमा उल्लङ्घन भइरहेको छ ।

### ७.३.२ अभियोजन तयार गर्दा ध्यान दिनुर्पे कुराहरू

(१) कमजोर अभियोजनले अपराधी छुट्ने मात्रै नभई निर्दोषले सजाय पाउन सक्ने खतरा रहन्छ ।

साथै कमजोर अभियोजनले कमजोर अनुसन्धानका दोषहरूलाई समाप्त गरिदिन्छ । अभियोजन गर्दा पर्याप्त सतर्कता र वस्तुगत प्रमाणमा आधारित हुन सकेमा प्रहरीले अनुसन्धान गर्दा पनि सतर्क र वस्तुगत प्रमाण खोज्नुपर्ने बाध्यता बन्दछ ।

(२) व्यक्तिलाई परेको हानीनोक्सानीमा राज्यले आफ्नो तर्फबाट मुद्दा चलाउने परिप्रेक्ष्यमा गलत अभियोजन भई मुद्दा असफल भएमा पीडितको हक समाप्त हुन्छ किनभने पीडित स्वयम्लाई आफ्नो अधिकार संरक्षणको लागि अदालत प्रयोग गर्ने ढोका बन्द गरिएको छ । यदि अनुसन्धान राम्रो हुन सकेन भने त्यसबाट अपराध गर्ने व्यक्ति छुट्ने मात्र होइन, त्यसले पीडितलाई न्याय पाउनबाट समेत वञ्चित गर्दछ । साथै अनुसन्धान त्रुटिपूर्ण भई निर्दोष व्यक्तिका विरुद्धमा अभियोजन हुन गएमा त्यसबाट त्यस्तो व्यक्ति अन्यायमा पर्ने मात्र नभई स्वयम् पीडित पनि अन्यायमा पर्न जान्छ ।

(३) अनुसन्धान गलत भएमा सुधार गर्ने निकायका रूपमा अभियोजन गर्ने निकाय रहेको छ । त्यस्तै गरी सुरु अदालतले गरेको निर्णय गलत भएमा सुधार्ने माथिल्लो अदालत छ । तर अभियोजन गलत भएमा सुधार गर्ने अवस्था र निकाय दुवैको अभाव छ ।

अतः फौजदारी मुद्दामा अभियोजनको भूमिका अत्यन्त महत्त्वपूर्ण रहन्छ ।

### ७.३.३ सरकारी वकिलले मुद्दा चल्ने–नचल्ने निर्णय गर्नेसम्बन्धी कानुनी व्यवस्था

कुनै पनि मुद्दा अदालतमा प्रचलित कानुन बमोजिम नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित रहेको छ । नेपाल सरकारको हक, हित वा सरोकार भएको मुद्दामा सरकारको तर्फबाट महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकिलहरूले प्रतिनिधित्व गर्दछन् ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन अन्तर्गतको मुद्दामा अनुसन्धान कार्य सम्पन्न गरी प्रहरीको रायसहितको मिसिल प्राप्त भएपछि सम्बन्धित सरकारी वकिलले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णय गर्नुपर्दछ ।

### ७.३.४ मुद्दा चलाउने वा नचलाउने निर्णयमा पुग्न देहायका कुरामा ध्यान दिनुपर्छ :

(क) अनुसन्धान पूर्ण भए-नभएको हेर्ने,

(ख) अनुसन्धान पूर्ण नभएको भए नपुग कुराहरूका हकमा अनुसन्धान गर्न औंल्याउने मुख्य विषयवस्तुहरू,

(अ) जाहेरवाला वा अन्य कुनै व्यक्ति पीडित हो वा होइन,

(आ) मुद्दा अनुसन्धान गर्न अदालतले आदेश दिए-नदिएको के छ,

(इ) पीडित स्वयम् जाहेरवाला भएमा जाहेरी दरखास्त र प्रमाणित बयानको बेहोरा मिले-नमिलेको अवस्था,

(ई) पीडितबाट वा अन्य कुनै स्रोतबाट मुद्दामा प्रमाण लाग्ने भौतिक सबुद के-कति छन् (जस्तै यात्रा टिकट, स्वदेश वा विदेशस्थित कुनै निकायले उद्दार कार्यमा सहयोग गरेको कुनै लिखित प्रमाण छ-छैन ?

(उ) पीडित जाहेरवालाको शारीरिक परीक्षण गराउनु पर्ने अवस्था देखिएकोमा त्यस्तो परीक्षण भए-नभएको,

(ऊ) प्रतिवादीको शारीरिक परीक्षण गराएको छ-छैन,

(ए) प्रतिवादी पक्राउ नपरेको अवस्थामा मुद्दा दायर गर्दा अभियोजनमा प्रतिकूल अवस्था पर्छ-पर्दैन,

(ऐ) पीडितबाहेक अरूको जाहेरी परेको र प्रतिवादी पक्राउ पनि नपरेको अवस्थामा मुद्दा दायर गर्दा अभियोजनमा प्रतिकूल अवस्था पर्छ वा पर्दैन,

*मुद्दा चलाउने वा नचलाउने कुरा महान्यायाधिवक्ताको अधिकारक्षेत्र भित्र पर्ने भए तापनि हाल यो अधिकार प्रत्यायोजित रहेको छ । यद्यपि मुद्दा चल्ने वा नचल्ने कुराको निकासा माथिल्लो निकायबाट हुने भए तापनि जिल्ला सरकारी वकिल कार्यालयको भूमिका नै यस्ता कुरामा महत्त्वपूर्ण रहन्छ । यस्तो निष्कर्षमा पुग्दा जिल्ला सरकारी वकिलले वस्तुगत आधारलाई ग्रहण गर्दै न्यायिक मनको प्रयोग गर्नुपर्दछ ।*

### ७.३.५ मुद्दा नचलाउँदा ध्यान दिनुपर्ने कुराहरू

(१) मुद्दा नचलाउने प्रमाण र आधार के-के छन् ती सबै सबुद प्रमाणको उचित मूल्याङ्कन गरी विश्लेषण गर्नुपर्ने ।

(२) यदि कुनै प्रतिवादीका हकमा मात्र मुद्दा नचलाउने हो भने निजका हकमा मुद्दा नचलाउने आधार कारण के-के हुन् सबै स्पष्टसँग उल्लेख गर्नुपर्छ ।

(३) मुद्दा चलाउन प्रमाणको अभाव छ भन्ने निष्कर्षमा पुगेपछि आधार र कारणहरू खोली निर्णय किताबमा निर्णय लेख्नुपर्छ ।

(४) उक्त निर्णयको प्रमाणित प्रतिलिपि र सक्कल मिसिल तीन दिनभित्र आफूभन्दा माथिको पुनरावेदन सरकारी वकिल कार्यालय वा महान्यायाधिवक्तासमक्ष पठाउनुपर्दछ । आंशिकरूपमा मुद्दा नचल्ने भए सोको जानकारी पुनरावेदन सरकारी वकिल कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा पठाउनुपर्छ ।

(५) राज्यले मुद्दा नचलाउँदा पीडितलाई छुट्टै उपचारको बाटो पनि प्राप्त छैन । अतः मुद्दा नचलाउने निर्णय गर्दा अत्यन्त सावधानीपूर्वक प्रमाणहरूको विश्लेषण गर्नु आवश्यक छ ।

(६) अनुसन्धानको क्रममा सङ्कलन गरिएका दसी प्रमाण वा चिजवस्तु र मिसिलसमेत सुरक्षित राख्नको निम्ति सम्बन्धित प्रहरी कार्यालयमा पठाउनुपर्दछ ।

(७) सरकारी वकिलले मुद्दा नचलाउने निर्णय गरेपछि सोको जानकारी जाहेरवालालाई दिनुपर्दछ । जाहेरवालालाई सो जानकारी प्रहरी कार्यालयले दिनुपर्छ । *(स.मु.स. ऐन, २०४९ को दफा २०)*

### ७.३.६ अभियोगपत्रको तयारी र यससम्बन्धी कानुनी व्यवस्था

प्रतिवादीहरूउपर मुद्दा चल्ने निर्णय गरेपछि सरकारी वकिलद्वारा अभियोगपत्र तयारी गरी सम्बन्धित अदालतसमक्ष पेस गर्नुपर्दछ । सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को अनुसूची १३ को ढाँचामा अभियोगपत्र तयार गरी अपराधसँग सम्बन्धित दसीप्रमाण चिजवस्तु र थुनुवा भए थुनुवासहित म्यादभित्रै सम्बन्धित अदालतमा दायर गर्नुपर्दछ । सामान्यतया अभियोगपत्र तयार गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछः

(क) अभियुक्तहरूको नाम, थर, वतन, उमेर, बाबुको नाउँ (यथासम्भव बाजेको नाउँ) सहित अभियुक्तको पहिचान हुने तथा किटानी रूपमा खुलाउनुपर्दछ ।

(ख) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन अन्तर्गत विभिन्न किसिमका अपराधहरूको छुट्टाछुट्टै सजायको व्यवस्था गरिएकाले कुन अपराध गरेको भनी अभियोग लगाउन खोजीउको हो सो अपराधसँग सम्बन्धित कसुरको नामाकरण गर्नुपर्दछ । जस्तै, वेश्यावृत्तिमा लगाएको, विदेशमा

लगी बिक्री गरेको, बेच्ने उद्देश्यले विदेशमा पु¥याएको, तर हाल सबैजसो मुद्दाहरूको नामाकरण "जीउ मास्नेबेच्ने मुद्दा" भनी गर्ने गरिएको प्रचलनले अपराधका प्रकृति प्रस्ट नहुने हुँदा अपराध भएको प्रकृति प्रस्टिने गरी नामाकरण हुनु जरुरी छ। जसले गर्दा कानुनमा तोकिएबमोजिम सजाय हुन सक्दछ।

(ग) अपराधको सूचना के-कसरी प्राप्त भएको हो सोको छोटकरी विवरण।

(घ) अनुसन्धानको क्रममा सङ्कलित सबुद प्रमाणको वैज्ञानिक परीक्षण गर्न पठाइएको भए सोको प्रतिवेदन प्राप्त भए नभएको तर्फ ध्यान दिनुपर्छ। साथै कुनै सबुद प्रमाणको परीक्षण गर्न पठाउनु पर्ने भए सो परीक्षण गर्न पठाई अभियोगपत्र साथै अदालतमा पेस गर्नुपर्छ। जस्तै, प्रतिवादीहरूमध्ये कुनै एउटा प्रतिवादीले अर्को प्रतिवादीलाई चिठी लेखेर कुनै महिलालाई बेचबिखन गर्ने सरसल्लाह गरेको वा पीडितलाई नै प्रेमजालमा फसाउन पत्र लेखेको पाइएमा पक्राउमा परेको प्रतिवादी भए उसको हस्तलिपि मिल्छ-मिल्दैन भनी प्रतिवेदन प्राप्त गर्नु अत्यावश्यक हुन्छ।

(ङ) मानव बेचबिखन तथा ओसारपसार गरी प्राप्त गरेको नगदी वा जिन्सी बरामद हुन आएमा वा त्यस्तो रकम यकिन भएमा सो रकम जफत गरी पाउन मागदावी लिनुपर्छ।

(च) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन अन्तर्गतको मुद्दामा पटके सजाय हुने व्यवस्था नभए पनि प्रतिवादीले यसअघि पनि सोही कसुरमा सजाय पाएको भए सोको प्रमाण सहितको बेहोरा उल्लेख गर्ने। यद्यपि कुनै पनि व्यक्तिको पूर्वआचरणले अपराध प्रमाणित गर्ने नभए पनि न्यायकर्तालाई उसले गरेको अपराधको निरन्तरताले न्याय सम्पादन गर्ने कार्यमा सहयोग पु¥याउन सक्दछ।

(छ) एकभन्दा बढी प्रतिवादी रहेको मुद्दामा कुन प्रतिवादीले कस्तो अपराध गरेको हो सो कुरा अभियोग खण्डमा बेग्लै प्रकरण खुलाई आधार प्रमाणसमेत देखाई उल्लेख गरी तदनुकूलको दाबी लिनुपर्छ।

(ज) अभियोजन मागदावी लिंदा वास्तविक अपराध र आपराधिक संलग्नताको स्थिति विचार गरी तदनुकूल ठीक अभियोग दावी लिनुपर्छ।

(झ) फरार अभियुक्तका हकमा अदालतबाट वारेण्ट जारी गरिपाऊँ भन्ने बेहोरासमेत उल्लेख गर्नुपर्छ।

(ञ) अभियोगपत्रसाथ कुनकुन कागज प्रमाण संलग्न राखिएको छ भन्ने कुराको स्पष्ट फेहरिस्त पनि अभियोगपत्रमा खुलाउनुपर्दछ।

(ट) अभियोजन गर्दा द्विविधा उत्पन्न भएमा माथिल्लो तहको वा अन्य समकक्षी सरकारी वकिलसँग आवश्यक परामर्श गरी यकिन भएपछि मात्र अभियोगपत्र तयार गर्नुपर्छ।

### ७.३.७ मुद्दाको दायरी र कार्यविधि

(क) अभियोगपत्र दायर गर्नेसम्बन्धी कानुनी व्यवस्था

सरकारी वकिलले मुद्दा चल्ने निर्णय गरेपछि निम्नलिखित कुराहरू खोली अभियोगपत्र तयार गर्नुपर्छः

१. अभियुक्तको पूरा नाम, थर, वतन,
२. अपराधसम्बन्धी विवरण,
४. अभियुक्तउपर लगाइएको अभियोग र साक्षी प्रमाण,
५. अपराध र सजायसम्बन्धी कानुन,
६. मागदाबी लिइएको सजाय,
७. नगदजिन्सी जफत मागदाबी,
८. अन्य आवश्यक कुराहरू

### ७.३.८ अभियोगपत्रको दर्ता र दरपीठसम्बन्धी व्यवस्था

सम्बन्धित सरकारी वकिलद्वारा सम्बन्धित अदालतमा दायर गर्न ल्याइएको अभियोगपत्र रीतपूर्वकको देखिएमा दर्ता गर्ने कर्तव्य अदालतको हो । अभियोगसहित अभियोगपत्र दायर गर्न ल्याएको भएमा स्रेस्तेदार अभियोगपत्र दर्ता गरी, गर्न लगाई बयान कार्यका लागि तुरुन्त सम्बन्धित इजलासमा पेस गर्नुपर्दछ ।

अदालतमा दायर गर्न ल्याएको अभियोगपत्र बेरीतको वा बेढाँचाको देखिएमा कारण स्पष्ट खुलाई दरपीठ गरिदिनुपर्छ । सामान्यतया अदालतमा दर्ता गर्न ल्याएको अभियोगपत्र निम्न अवस्थाको देखिएमा दर्ता नगरी दरपीठ गरी फिर्ता पठाइदिनु पर्छ र सोको एकप्रति अदालतमा राख्नुपर्छ । *जिल्ला अदालत नियमावली, २०५२ को नियम ७(१)(क)* निम्न प्रकारका मुद्दाहरू दरपीठ गरिन्छन् ।

१. हदम्याद नाघेको (Limitation)
२. अधिकारक्षेत्र विहीन (Jurisdiction)
३. हकदैया नभएको (Locus Standi)

साथै अभियोग दावी प्रस्ट नखुलाएको, सङ्कलित सबुदप्रमाण एवम् दशीका सामान संलग्न नगरिएको र बेरित वा बेढाँचा भएको मुद्दा पनि खारेज हुन सक्छ ।

### ७.३.९ पुनः अर्को अभियोगपत्र दायर गर्न सकिने अवस्था

मुद्दाको अनुसन्धानको क्रममा नाउँ मात्र खुलेको वा नाउँसमेत खुल्न नसकेका अभियुक्तका हकमा पछि पक्राउ परेमा वा पछि पूरा नाम, थर, वतन खुलेमा पहिले अभियोगपत्र दायर गर्दा प्रतिवादी नबनाइएको भए पनि पछि पूरक अभियोगपत्र तयार गरी सम्बन्धित अदालतमा अभियोगपत्र दायर गर्न सकिन्छ । पीडित स्वयम् जाहेरवाला नभएको अवस्थामा पछि पीडित उपस्थित भै जाहेरी दिई, बयान प्रमाणित भएपछि उही मुद्दामा थप अन्य व्यक्तिहरूको समेत संलग्नता थियो भन्ने खुलेमा खुल्न आएका अभियुक्तहरूका हकमा थप (पूरक) अभियोगपत्र प्रस्तुत गर्नुपर्दछ । नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा फिरादपत्र प्रतिउत्तरपत्र वा बयान सो मुद्दा हेर्ने अड्डामा एकपटक दिइसकेपछि अरू पनि अभियुक्त हुन् वा छन् भनी उसै मानिसले पछि थपी लेखिदिएको सदर हुँदैन । प्रहरी प्रतिवेदनको हकमा भने यो बन्देज रहने छैन । *(मुलुकी ऐन अ.बं. ८८ नं.)*

### ७.३.१०सङ्क्षेपमा बेचबिखन तथा ओसरपसार मुद्दाको सफल अभियोजनका चुनौतीहरू यसप्रकार छन्

१. अनुसन्धानमा आधारित भएर अभियोजनपत्र तयार गर्नुपर्ने भएकाले यदि अनुसन्धानमा त्रुटि हुनगयो भने सम्पूर्ण अभियोजन गलत र कमजोर हुने खतरा हुन्छ ।
२. अनुसन्धानमा भूमिका न्यून हुनेगरेको र अभियोजकहरू Pro-Active नहुनु ।
३. अनुसन्धानकर्ता र अभियोजकबीच तालमेल, सहयोग र समन्वयनको अभाव ।
४. कार्यभार बढी हुनु, थोरै समयमा धेरै काम गर्नुपर्ने अवस्था ।
५. सुरक्षाको ग्यारेण्टी गर्न नसकिनु ।
६. पीडितलाई न्याय दिलाउनेतर्फ लक्षित भन्दा पनि प्राविधिक हिसाबले आफ्नो जिम्मेवारी पूरा गर्नतिर केन्द्रित ।
७. सिर्फ अनुसन्धान प्रतिवेदनमा निर्भर भएर अभियोजन तयार गरिनु र बहसपैरवी गरिनु, पीडितसँग वार्तालाप भेट नगरिने परिपाटी ।
८. भ्रष्टाचार र अख्तियार दुरूपयोगको व्याप्तता ।
९. सरकारी वकिलहरू आफ्नो कुरा राखेर अर्को मुद्दा छ भन्दै हिड्ने र विपक्षी वकिलको कुरा सुन्न नबस्ने परिपाटी ।
१०. मुद्दा नचल्ने भनी निर्णय हुनसक्ने खतरा ।

सत्र ८

समय : ६० मि.

# मानव बेचबिखन तथा ओसारपसारको मुद्दामा पुर्पक्ष, फैसला र फैसला कार्यान्वयनका चुनौतीहरू

## उद्देश्य

यस सत्रको प्रशिक्षणपश्चात् सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसार अपराधको पुर्पक्ष, फैसला र फैसला कार्यान्वयनका चरणका चुनौतीहरू के-के छन् छलफल गर्ने, विश्लेषण गर्ने र समस्या पहिचान गर्न सक्नेछन् ।

## यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू

१) मानव बेचबिखन तथा ओसारपसार अपराधको पुर्पक्ष, फैसला र फैसला कार्यान्वयनसँग सम्बद्ध कानुन,

२) मानव बेचबिखन तथा ओसारपसार अपराधको पुर्पक्ष, फैसला र फैसला कार्यान्वयनका कार्यविधि,

३) मानव बेचबिखन तथा ओसारपसार अपराधको पुर्पक्ष, फैसला र फैसला कार्यान्वयनका चरणका चुनौतीहरू के-के छन् छलफल गर्ने, विश्लेषण गर्ने र समस्या पहिचान गर्ने ।

## ८.१ पुर्पक्षको चरणका चुनौतीहरू

**मानव बेचबिखन तथा ओसरपसार मुद्दाको पुर्पक्षको चरणका चुनौतीहरू**

मानव बेचबिखन तथा ओसारपसार मुद्दाको पुर्पक्षको चरणका चुनौतीहरू के-के हुन सक्छन् तलको सामग्रीका आधारमा छलफल गर्ने ।

अभियोगपत्रको दायरीसँगै पुर्पक्षको चरण सुरु हुन्छ । यस चरणमा निम्न कार्यहरू गरिन्छन्:

- थुनछेक बहस
- साक्षी उपस्थित गराउने
- साक्षी परीक्षण
- मागदावी माथि बहस र जिरह

### ८.१.१ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा थुनछेक र अन्तर्कालीन आदेशसम्बन्धी कानुनी व्यवस्था

अभियुक्तको बयान लिने कार्य समाप्त भएपछि प्रतिवादीलाई पुर्पक्षको निम्ति थुनामा राखेर कारबाही गर्ने वा धरौट माग गर्ने वा तारेखमा मात्र राख्ने भन्ने आदेश गरिन्छ । मुद्दाको अन्तिम निर्णय वा अन्तिम आदेश हुनुभन्दा अगाडि अदालतबाट विभिन्न समयमा गरिने आदेशलाई अन्तर्कालीन आदेश भनिन्छ । थुनछेकको आदेश, प्रमाण बुझ्ने आदेश वा थुनछेकको आदेशमा परिवर्तन गर्ने जस्ता आदेशहरू अन्तर्कालीन आदेशका उदाहरण हुन् ।

त्यस्तो आदेशलाई समग्रमा थुनछेकको आदेश भन्ने प्रचलन छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ एउटा विशेष ऐन हो । यसमा रहेका विभिन्न व्यवस्थाहरू, प्रचलित मुलुकी ऐन, प्रमाण ऐनका कतिपय स्थापित कानुनका मान्य सिद्धान्तलाई समेत अङ्गीकार गरी विशेष व्यवस्था गरेको पाइन्छ । प्रमाणको भार कतिपय अवस्थामा प्रतिवादीमा रहने व्यवस्था एक उदाहरण हो । यस ऐनअन्तर्गतको मुद्दामा अभियुक्तलाई हुन सक्ने कैदको सजायको आधारमा पुर्पक्षको निम्ति थुनामा राख्ने वा नराख्ने भन्ने कुराको निर्धारण गरिँदैन । थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिब कारण भएमा अदालतले अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सक्छ ।

प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) बाहेक सो दफाका अन्य कानुनसम्बन्धी मुद्दामा कारबाही गर्दा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नुपर्नेछ । *(मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण) ऐन, २०६४ को दफा ८)*

### ८.१.२ थुनछेक आदेशउपर उजुरीसम्बन्धी व्यवस्था

पुनरावेदन सुन्ने अड्डाले तल्लो अदालतले गरेको थुनछेकको आदेशमा परिवर्तन गरे वा परिवर्तन नगरेमा सो पुनरावेदन सुन्ने अदालतले गरेको आदेशउपर पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा कानुनको व्याख्या र कार्यविधिसम्बन्धी जटिल प्रश्नको सम्बन्धमा मात्र सर्वोच्च अदालतमा निवेदन दिन सकिन्छ ।

तर, ५ वर्ष वा सो भन्दा बढी कैद सजाय हुनसक्ने मुद्दामा प्रतिवादीलाई पुर्पक्षको लागि तारेख, जमानत वा थुनामा राख्ने गरी भएको आदेशउपर कानुनी त्रुटि वा कार्यविधिसम्बन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिनलाई यस दफाले बाधा पुऱ्याएको मानिने छैन । *न्या.प्र. ऐन, २०४८ को दफा १६ को प्रतिबन्धात्मक व्यवस्था*

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतका मुद्दामा प्रतिवादीलाई थुनामा राख्ने गरी आदेश भएमा निजले सो आदेश गर्ने अदालतमार्फत नै पुनरावेदन सुन्ने अदालतमा उजुरी दिन सक्नेछ । तर वादी नेपाल सरकारले निवेदन दिंदा सामान्य कार्यविधि अन्तर्गत कै निवेदन दिनुपर्दछ । प्रतिवादीले पुनरावेदन सुन्ने अदालतमा दिने उजुरी र वादी नेपाल सरकारले दिने निवेदनको औचित्य र आशय भने एउटै हो ।

### ८.१.३ साक्षी प्रमाणसम्बन्धी व्यवस्था

#### (क) प्रमाण बुझ्ने आदेश

अदालतमा अभियोगपत्र साथ अभियुक्तलाई समेत पेस गरेको अवस्थामा निजले बयान गरेपछि

थुनछेकको सम्बन्धमा अदालतले आदेश गर्दछ। प्रतिवादी चुक्ता भएको अवस्थामा अभियोगपत्रको साक्षी प्रमाण खण्डमा उल्लेख भएका र प्रतिवादीले बयान गर्ने क्रममा बुझ्नुपर्ने प्रमाण भनी उल्लेख गरेको कुनै सम्बद्ध कुरा भए सो र निजले आफ्नो साक्षी राखेको भए सोसमेत बुझ्ने गरी थुनछेकको आदेश गर्ने क्रममै आदेश गर्नुपर्दछ। कुनै प्रतिवादी फरार रहेको अवस्थामा निजका नाउँमा कानुनबमोजिम रीतपूर्वक म्याद तामेल भै निज उपस्थित हुन आउने म्याद नाघेपश्चात् मात्र प्रमाण बुझ्ने आदेश गर्नुपर्छ।

वादी प्रतिवादीका साक्षी प्रमाण एकैपटक बुझ्नुपर्छ। साक्षी बुझ्ने तारेख तोक्दा प्रतिवादीलाई समेत उसै दिनको तारेख मिलाई तोकिदिनुपर्छ। अलगअलग तारेख तोक्नु हुँदैन। प्रतिवादी थुनामा रहेको अवस्था भए साक्षी प्रमाण बुझ्ने गरी तोकिएको तारेखको लिखित जानकारी सम्बन्धित कारागारमार्फत पठाइदिनुपर्छ। साथै, सम्बन्धित सरकारी वकिल कार्यालयलाई समेत सोको जनाउ दिनुपर्छ।

एउटै मुद्दाका कुनै व्यक्ति थुनामा रहेको र कोही धरौट, जमानी वा तारेखमा रहेको वा फरार रहेको अवस्थामा थुनामा नरहेको प्रतिवादीको हकमा प्रमाण बुझी मुद्दा किनारा गर्ने अङ्ग पुऱ्याउन समय लाग्ने भई सबै प्रतिवादीको एकसाथ कारबाही गर्दा थुनामा परेको मितिले कानुनका म्यादभित्र किनारा हुन नसक्ने भएमा अदालतले थुनामा रहेको प्रतिवादीको हकमा मात्र जो-जे प्रमाण बुझी मुद्दा फैसला गर्न हुन्छ।

**(ख) प्रमाण बुझ्ने कार्यको समय निर्धारण**

प्रतिवादी मुक्त भएको मितिले र तोकिएको तारेखसम्ममा प्रतिवादी मुक्त नभई एक्तर्फी हुने भएकोमा एक्तर्फी प्रमाण बुझ्नलाई सो म्याद तारेख गुज्रेको मितिले मनासिब माफिकको कारणले बाहेक सात दिनभन्दा बढ्ता ढिला गर्न हुँदैन। वादी, प्रतिवादीले पेश गर्न खोजेको प्रमाण अदालतमा आई पुग्न वा ल्याउन लाग्ने समयलाई ध्यानमा राखेर प्रमाण पेस गर्ने मनासिब माफिकको समय प्रदान गर्नुपर्दछ। *(अ.बं. १४० नं.)*

**(ग) प्रमाण लिन हुने र नहुने कुराहरू**

मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजकाविरुद्ध प्रमाणमा लिन हुन्छ तर फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगका सम्बन्धमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुराका सम्बन्धमा भने निश्चित अवस्थामा मात्र प्रमाणमा लिन हुन्छ। त्यसै गरी मौकामा व्यक्त गरेको कुरा, मरेको व्यक्तिले मृत्युपूर्व होश छँदै व्यक्त गरेको कुरा, खास अवस्थामा व्यक्तिले व्यक्त गरेको खास कुरा, सार्वजनिक लिखतमा उल्लेखित कुरा, नियमित रूपमा राखिएका खाता बहीमा जनिएका कुरा, पुस्तक वा लेखमा लेखिएका कुरा, खास प्रकारका तथ्याङ्क सूचीपत्र विवरण, अन्य मुद्दामा साक्षीले बकेका कुरा, दशी प्रमाण, व्यक्तिगत राय इत्यादि प्रमाणमा लिन हुन्छ। *प्रमाण ऐन २०३१ दफा ८ देखि २३ सम्म*

**(घ) साक्षी परीक्षणसम्बन्धी व्यवस्था**

**साक्षी परीक्षण प्रक्रियामा सरकारी वकिलको जिम्मेदारी**

मानव बेचबिखन तथा ओसारपसारअन्तर्गत पर्ने मुद्दाहरू अदालतमा दायर भएपछि अदालतले खोजेका दिन सरकारी साक्षीहरू अदालतमा उपस्थित गराई सरकारी वकिलले

साक्षी बकाउने कार्य गर्नु पर्दछ । सरकारी साक्षीहरू सरकारी खर्चमा सरकारी वकिल मार्फत् अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हो । *स.मु.स. ऐन, २०४९ को दफा ३० को उपदफा १ र २*

प्रमाण बुझ्न तोकिएको तारेखमा हाजिर नभएका साक्षीलाई बातिल गर्नुपर्छ । तर नेपाल सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुन्छ । मनासिब कारण भएमा बाहेक सोबमोजिम समाह्वान जारी गर्दा पनि हाजिर नहुने साक्षीलाई पचास रूपैयाँ जरिवाना गरी पक्राउ गर्न पठाई ल्याई बकाउनु पर्छ । पक्रन पठाउँदा पनि फेला परेन भने बाटाका म्याद बाहेक सात दिनको फेरि समाह्वान जारी गर्नुपर्छ । सो समाह्वान बमोजिम तोकिएको तारेखमा पनि हाजिर हुन आएन भने पक्राउ गर्न पठाई, ल्याई, बकाई पन्ध्र दिनदेखि पैंतालीस दिनसम्म कैद गर्न सक्नेछ । त्यति गर्दा पनि पक्रिएन भने त्यस्तालाई सो बमोजिम सजाय गर्ने गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गरिदिनुपर्छ । *(अ.बं. ११५)*

### ८.१.४ साक्षी बकाउने प्रक्रिया

साक्षी बकाउँदा इमानधर्म सम्झी साँचो बयान गरूला भन्ने बेहोराको शपथ लिन लगाउनुपर्छ । साक्षी बकपत्रको नमुनामा सो बेहोरा उल्लेख गर्नुपर्ने गरी मुलुकी ऐन, अदालत बन्दोबस्तको १५२ नं. मा व्यवस्था गरिएको छ ।

(१) साक्षी बकाउँदा आफूले देखेजाने वा सुनेको कुरा इमानधर्म सम्झी साँचो बयान गरूँला भन्ने बेहोराको शपथ लिन लगाई बकाउनुपर्छ ।

(२) साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहबरमा बकाउनुपर्छ ।

तर, अदालतद्वारा साक्षी बकाउन तोकिएको तारेख र समयमा कुनै पक्ष अदालतमा उपस्थित नभए भएसम्मका पक्षको रोहवरमा साक्षी बकाउन हुन्छ ।

(३) साक्षी बकाउँदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनुपर्छ ।

(४) एक पटक बकाइसकेको साक्षीलाई कुनै मनासिब कारणबाट फेरि नबकाई नहुने देखिएमा अघि स्पष्ट नभएका कुराहरूका सम्बन्धमा मात्र ततिम्बा गरी बकाउनु हुन्छ ।

(५) साक्षीको बकपत्रमा मुद्दाका पक्षहरूको पनि सहीछाप गराउनु पर्छ । कुनै पक्षले सहीछाप नगरे न्यायाधीशले सो व्यहोरा जनाई आफ्नो सहीछाप गर्नुपर्छ ।

*प्रमाण ऐन, २०३१ को दफा ४९*

तोकिएको दिनमा साक्षी बकाउन नभ्याइएमा भोलिपल्टकै तारेख तोकी बकाउनुपर्दछ । साक्षीको बकपत्र न्यायाधीशको इजलासमा गराउनुपर्दछ ।

साक्षी बकाउँदा भरसक तोकिएका तारेखका दिनैमा साक्षी बकाउन तारेख तोकिएको सबै मुद्दाको साक्षी बकाइसक्नुपर्छ । त्यस्तो सबै मुद्दाको साक्षी बकाउन नभ्याउने भएमा जुन मुद्दाको उसै दिन सकिन्छ सो मुद्दाको त्यसै दिन बकाई अरू मुद्दाको साक्षीलाई भोलिपल्टैको तारेख तोकिदिनुपर्छ । नभ्याउने भएमा बाहेक एकै मुद्दाको साक्षीहरूलाई पनि कोही आज, कोही भोलि, पर्सि गरी बकाउन हुँदैन । *(अ.बं. १४६ नं.)*

बयान बकपत्र गराउँदा जसको इजलास हो उसैले गराउनुपर्छ र सो गराउँदा निजले आफ्नो अड्डाको कम्तिमा मुखिया विचारी दर्जासम्मका कर्मचारीको आवश्यक सहायता लिन हुन्छ। *(अ.बं. १४७ नं.)*

### ८.१.५ सोधपुछ र जिरह

सरकारी वकिलले सरकारी साक्षीहरूसँग सोधपुछ गर्ने र प्रतिवादीका साक्षीहरूसँग जिरह गर्नुपर्दछ। जिरहसँग सम्बन्धित विषयमा पुनः सोधपुछ गर्न सकिन्छ। अदालतको अनुमतिमा र विपक्षले आपत्ति नगरेमा मात्र सोधपुछ र पुनः सोधपुछमा सूचक प्रश्न सोध्न सकिन्छ। *(प्रमाण ऐन, २०३१ को दफा ५०)*

साक्षीहरूको बकपत्र गराउँदा सरकारी वकिल कार्यालयका अन्य कर्मचारी खटिने गरेकोमा सो नगर्न र सरकारी वकिल स्वयम् उपस्थित हुनुपर्ने गरी परिपत्र जारी गरिएको छ। *(२०४८/८/२९ को परिपत्र)*

### ८.१.५ साक्षी परीक्षण प्रक्रियामा कानुन व्यवसायीको भूमिका

कानुन व्यवसायीले आफ्नो पक्षले दिएको जानकारी प्रकट गर्न नहुने

(१) कानुन व्यवसायीले आफूलाई नियुक्त गर्ने पक्षको लिखित अनुमति नलिई आफ्नो नियुक्तिको अवस्थामा वा सो गर्ने उद्देश्यले आफ्नो पक्ष वा निजको वारेसले दिएको कुनै जानकारी वा आफूलाई थाहा भएको कुनै लिखतको बेहोरा वा आफूले दिएको कुनै सल्लाह प्रकट गर्न हुँदैन।

तर,

(क) कुनै गैरकानुनी काम गर्ने अभिप्रायले कुनै कानुन व्यवसायीलाई दिएको कुनै जानकारी निजले प्रकट गर्न हुन्छ।

(ख) कानुन व्यवसायीको नियुक्ति भइसकेपछि कुनै अपराध भई निजले थाहा पाएमा सो कुरा निजले प्रकट गर्न हुन्छ।

### ८.१.६ अदालतमा मुद्दा दायर भएपछि सरकारी वकिलले पालना गर्नुपर्ने जिम्मेवारीसम्बन्धी कानुनी व्यवस्था

अदालतमा अभियुक्तसहित अभियोगपत्र दायर गरेको अवस्थामा सरकारी वकिलले उक्त मुद्दामा थुनछेकसम्बन्धी बहस गर्नुपर्दछ। साथै, फरार अभियुक्त अदालतमा उपस्थित भएमा अदालतबाट सूचना प्राप्त गरेपछि मिसिल अध्ययन गरी बहस पैरवीका लागि तयार हुनुपर्दछ।

(१) अनुसूची १ वा २ मा लेखिएको मुद्दा र नेपाल सरकार वादी हुने भनी कुनै कानुनमा लेखिएको मुद्दामा सरकारी वकिलले बहसपैरवी र प्रतिरक्षा गर्नेछ। सोबाहेक नेपाल सरकारलाई विपक्षी बनाएको वा नेपाल सरकारले वादी भई चलाएको मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकिलले बहसपैरवी वा प्रतिरक्षा गरिदिन सक्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक नेपाल सरकारलाई सरोकार पर्ने जुनसुकै मुद्दामा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले महान्यायाधिवक्तालाई सोझै अनुरोध गरी पठाएमा त्यस्तो मुद्दामा महान्यायाधिवक्ताले सरकारी वकिललाई बहसपैरवी वा प्रतिरक्षाको लागि खटाउन सक्नेछ। *( स.मु.स. ऐन, २०४९ को दफा ३३)*

अदालतले सरकारी पक्षको गवाहलाई उपस्थित गराउने दिनको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्ने र त्यस्तो सूचना पाएपछि निर्धारित मिति र समयमा सरकारी वकिलमार्फत् त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ। अदालतले प्रमाण बुझ्न मुकरर गरेको

समयसम्ममा विदेश गई सक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझी नहुने किसिमका साक्षी, गवाहलाई अदालत समक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ। *(स.मु.स. नियमावली, २०५५ को नियम १५(१))*

साक्षीका बकपत्र गर्दा सरकारी वकिल आफैं उपस्थित भई बकपत्र गराउनु पर्दछ। वादी पक्षका साक्षीलाई प्रतिपक्षी कानुन व्यवसायीले अनावश्यकरूपले प्रश्न सोधमा आपत्ति जनाई इजलासको ध्यानाकर्षण गराउनुपर्दछ। *(सरकारी वकिलले मात्र साक्षी परीक्षण गर्ने भन्ने म.न्या.का. को परिपत्र समेत रहेको छ।)*

**८.१.७ सङ्क्षेपमा मानव बेचबिखन तथा ओसरपसार मुद्दाको पुपर्क्षका चरणका चुनौतीहरू यसप्रकार छन्।**

१. बन्द इजलासमा अदालती कारबाही हुने भए तापनि गोपनीयताको रक्षा प्रभावकारी ढङ्गले प्रत्याभूत गर्न नसकिने।

२. पीडित र साक्षीको सुरक्षा प्रभावकारी ढङ्गले लागू नहुनु।

३. अभियुक्तहरूमाथि न्यूनतम मापदण्डअनुसारको व्यवहार नगरिनु (जस्तै एउटै सिक्रीमा धेरैजनालाई बाँधिनु)

४. थुनछेकको बहसलाई गम्भीरतापूर्वक नलिइनु।

५. म्याद थप गर्दा वा नगर्दा वैज्ञानिक दृष्टिले विश्लेषण नगरिनु।

६. न्यायाधीश, अदालतका कर्मचारी र वकिलहरूमा लैङ्गिक र भाषिक चेतना पर्याप्त नहुनु।

७. पीडितप्रति संवेदनशील नहुनु।

८. निःशुल्क कानुनी सहयोगको बारेमा थाहा नहुनु वा उक्त सहयोग प्रभावकारी नहुनु।

९. साक्षी बकाउने, सोधपुछ र जिरह जस्ता अदालती प्रक्रियामा न्यायाधीश संवेदनशील नहुने र इजलास छोडेर हिड्ने परिपाटी।

१०. निःशुल्क कानुनी सहायता भने तापनि विभिन्न नाममा पैसा माग्ने परिपाटी।

११. अदालतका कर्मचारीले कागज कलम जस्ता कुरा देखाउँदै पैसा माग्ने परिपाटी ।

१२. अदालती प्रक्रिया लामो हुने, पटकपटक पेसी स्थगित हुने।

१३. लगातार बहसको व्यवस्था नहुनु।

१४. बहसपैरवीको क्रममा पीडितको भूमिका नहुने।

१५. पीडित र साक्षीलाई पनि अपराधी जस्तो व्यवहार गरिनु।

१६. अदालत आउँदा-जाँदा लाग्ने खर्च दिने व्यवस्था नहुनु।

१७. नेपाली भाषा नबुझ्नेहरूको हकमा दोभाषेको व्यवस्था गर्न नसकिनु।

१८. भ्रष्टाचार र अख्तियार दुरूपयोगको व्यापकता।

१९. कानुनी कारबाहीको टुङ्गो नलागेसम्म पीडितलाई पुनर्स्थापना गर्न तथा सम्मानित जीवन जीउन आवश्यक कार्यमा सहयोग हुने गरी कुनै व्यवस्था गर्न नसकिनु।

२०. स्वास्थ्य तथा अन्य सामाजिक सेवा प्रदान गर्न नसकिनु।

## ८.२ फैसला र फैसला कार्यान्वयनका चरणका चुनौतीहरू

### ८.२.१ मानव बेचबिखन तथा ओसरपसार मुद्दाको फैसला र फैसला कार्यान्वयनका चरणका चुनौतीहरू

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा गम्भीर प्रकृतिको मुद्दा हो । प्रायजसो यो अपराध महिलाविरुद्ध हुने गर्दछ । निरक्षर, गरीब एवम् असहाय महिला यसको चपेटामा पर्दछन् । त्यसैले नेपालको अन्तरिम संविधानद्वारा परिकल्पित सामाजिक न्यायको सिद्धान्तको आधारमा यस्ता मुद्दालाई प्राथमिकताका साथ कारबाही गरी छिटो अङ्ग पुऱ्याई पेसी चढाउन पर्दछ । पेशी चढिसकेपछि सम्बन्धित इजलासले पनि यस्ता मुद्दालाई गम्भीरताका साथ हेरी अड्डाको पूरा समय प्रयोग गरी सकेसम्म मुद्दा नहटाई फैसला गर्ने न्यायिक सक्रियताको प्रतिबद्धता देखाउनुपर्दछ । यस्ता मुद्दाको फछ्र्यौटमा न्यायाधीशबाट देखाइएको तत्परता न्यायाधीशको मूल्याङ्कनको आधार बन्न सक्दछ ।

### ८.२.२ मुद्दा फैसला गर्नुपर्ने अवधि

मुद्दा फैसला गर्दा देहायमा लेखिएको म्यादभित्र फैसला गर्नुपर्दछ :-

- सुरु मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट १ वर्षभित्र फैसला गर्नुपर्दछ ।
- पुनरावेदन फैसला गर्दा सुरु मिसिल प्राप्त भएको मितिबाट ६ महिनाभित्र फैसला गर्नु पर्दछ ।
- बुझ्नु पर्ने प्रमाण बुझिसकेपछि फैसला गर्ने म्याद बाँकी भए पनि मुद्दा फैसला गर्न ३५ दिन भन्दा बढी ढिलाई गर्नु हुँदैन । *(अ.बं. १४ नं.)*

तोकिएको म्याद तारेखमा फैसला गर्न र कारबाही गर्न अड्किने मनासिबमाफिकको कारण परेमा बेहोरा लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डामा म्यादभित्रै जाहेर गर्नुपर्दछ । पुनरावेदन सुन्ने अड्डाले पनि त्यस्तो बेहोरा पर्न आएमा जाँची अड्काउ परेको मनासिब देखेमा १ महिनासम्म म्याद थप दिनुपर्ने देखेमा एक पटकलाई दिई त्यसभन्दा बढी समय थप दिनु परेमा आफूभन्दा माथिल्लो तहमा जाहेर गर्नुपर्छ । *(अ.बं. १५ नं.)*

मानव बेचबिखन अपराधमा फैसला गर्नुपर्ने अवधि र फैसला तयार गर्नुपर्ने अवधि अरू सामान्य मुद्दामा भन्दा फरक नरहे पनि फैसला गर्ने अदालतले यस्ता संवेदनशील अपराध जहाँ प्रायः महिला र असहाय व्यक्ति पीडित हुन्छन्, विशेष जिम्मेवारी बोध गरी समयमा नै मुद्दा किनारा लगाई कानुनले तोकेको ७ दिनको म्यादभित्र नै फैसला तयार गरिसक्नुपर्दछ ।

### ८.२.३ मुद्दा हेर्न नरोकिने

दैनिक मुद्दा पेसी सूचीमा चढेको कुनै पनि मुद्दामा तारेख थाम्ने म्याद बाँकी भएको भन्नेसमेत कुनै आधारमा मुद्दा पेसी सूचीबाट हटाउन मिल्दैन । इजलासबाट खोजी भएका बखत पक्ष, वारेस वा कानुन व्यवसायी हाजिर नभएपनि मुद्दा स्थगित वा डिसमिस गर्न मिल्दैन । ठहरेबमोजिम फैसला हुन्छ ।

### ८.२.४ पेसी स्थगित हुन सक्ने अवस्था

मुद्दाको सुनुवाइ सुरु नहुँदैमा आफ्नो काबुबाहिरको परिस्थिति देखाई वारेस वा कानुन व्यवसायी अदालतमा उपस्थित हुन नसक्ने कुराको इजलासलाई सन्तोष हुने कारणसहितको निवेदन दिएमा

इजलासले बढीमा २ पटकसम्म अर्को पेसीको तारेख दिने आदेश दिन सक्दछ। मुद्दाको सुनुवाइ सुरु भइसकेपछि प्राप्त निवेदन उपर कुनै विचार गरिरहनु पर्दैन, सुनुवाई प्रक्रिया अगाडि बढाउनुपर्दछ।

जीउ मास्नेबेच्ने मुद्दामा अदालतले सकेसम्म पेसी हटाउने प्रवृत्तिलाई हतोत्साहित गर्नुपर्दछ। यसले बिलम्ब मात्र नगर्ने भई न्यायको प्रभावकारितामा समेत असर पर्ने भएकोले पेशी स्थगितलाई नियमको रूपमा नराखी अपवादको रूपमा हेर्नुपर्दछ।

### ८.२.५ समय पालनसम्बन्धी व्यवस्था

न्याय प्रशासनलाई अनुशासित, मर्यादित र जनविश्वासमूलक बनाउन न्यायाधीश तथा अन्य कर्मचारीले समयको विशेष ख्याल गर्नुपर्दछ। उचित समयमा न्याय दिनको लागि समयको पालना र नियमितताले विशेष भूमिका खेल्ने भएबाट यस सम्बन्धमा जिल्ला अदालत नियमावलीमा स्पष्ट व्यवस्था गरिएको छ। समयको पालनासम्बन्धमा कानुनमा निम्न व्यवस्था गरिएको छ :-

१. न्यायाधीशलगायत सबै कर्मचारीले आएको र गएको समय जनाई हाजिर गर्नुपर्दछ।

२. अदालत खुलेको दिन न्यायाधीशको इजलास साधारणतः अदालत खुलेको १ घण्टापछि देखि अदालत बन्द नभएसम्म बीचमा एक घण्टाको विश्रामको लागि इजलास उठ्ने बाहेक अन्य समय चालु रहन्छ। *(जि.अ. नियमावलीको नियम ९९)*

### ८.२.६ कानुनी सहायतासम्बन्धी व्यवस्था

असमर्थ एवम् असहाय व्यक्तिलाई निःशुल्क कानुनी सहायताको व्यवस्था गर्न राज्यको प्राथमिक दायित्व हो। सामाजिक एवम् आर्थिक न्यायको सिद्धान्तले पनि यस मान्यतालाई आत्मसात् गरेको छ। नेपाल अधिराज्यको संविधानमा व्यवस्थित राज्यका नीति निर्देशक सिद्धान्तमा समेत यस कुरालाई आत्मसात् गरिएको छ।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ९६, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १९ र कानुनी सहायताकासम्बन्धी ऐन, २०५४ तथा ऐ. को नियमावली २०५५ मा यस सम्बन्धमा व्यवस्था गरिएको छ। मानव बेचबिखनसम्बन्धी मुद्दामा समेत सोही कानुनी व्यवस्था लागू हुन्छ। उक्त कानुनहरूमा भएको व्यवस्था निम्नबमोजिम छ।

(ख) कानुनी सहायतासम्बन्धी ऐन, २०५४ तथा नियमावली, २०५५ मा निम्नानुसार कानुनी सहायता उपलब्ध गराउने व्यवस्था गरिएको छ।

१. कानुनी सहायता प्राप्त गर्न चाहने नेपाली नागरिकले तोकिएको ढाँचामा समिति समक्ष दरखास्त दिनुपर्छ।

२. उक्त दरखास्तमा गा.वि.स. अध्यक्ष वा सदस्य वा सचिवले र नगरपालिकाको वडा अध्यक्षले सिफारिस गरेको हुनुपर्छ।

३. दरखास्त भर्न नसक्नेको हकमा अर्को व्यक्तिले दरखास्त दिन सक्नेछ।

४. वार्षिक ४० हजार रूपैयाँभन्दा बढी आय हुने व्यक्तिलाई कानुनी सहायता उपलब्ध हुने छैन।

५. कानुनी सहायता प्राप्त हुने व्यक्तिले सो सहायता प्राप्त भएको कारणबाट पछि सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यसरी प्राप्त कूल सम्पत्ति वा आर्थिक लाभको दश प्रतिशतका दरले हुन आउने रकम सोधभर्ना गराउने व्यवस्था रहेको छ।

६. असमर्थ व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराउनको लागि नेपाल बार एसोसिएसनका सदस्यहरूबाट समितिले कानुन व्यवसायीहरूको सूची तयार गरी कानुनी सहायता उपलब्ध गराउनेछ ।

७. यो ऐन नेपाल सरकारले तोकेको क्षेत्रमा लागू हुनेछ ।

*(कानुन सहायतासम्बन्धी ऐन २०५४ कानुनी सहायतासम्बन्धी नियमावली २०५५)*

मानव बेचबिखन तथा ओसारपसार कसुरबाट पीडित व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराउनु राज्यको दायित्वभित्र पर्दछ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतको मुद्दाको कसुरदारलाई पनि कानुनी सहायता प्रदान गर्ने व्यवस्था छ ।

## ८.२.७ बहस व्यवस्थापनसम्बन्धी व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन अन्तर्गतको मुद्दामा पनि अरू सामान्य मुद्दामा जस्तै बहसका नियमहरू लागू हुन्छन् । बहस व्यवस्थापन सम्बन्धमा जिल्ला अदालत नियमावली २०५२ को नियम ३३ का प्रावधानहरू आकर्षित हुन्छन् । जो यसप्रकार छन् :

१. मुद्दाको बहस सुनुवाइको प्रारम्भमा इजलासले त्यस मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरूमा सीमित रही बहस गर्न दुबै पक्षका कानुन व्यवसायीलाई निर्देशन दिन सक्दछ।

२. मुद्दाको प्रकृति र विषयवस्तु हेरी इजलासले बहसको समय तोक्न सक्दछ। यसरी समय तोकिएकोमा तोकिएको समयभित्र सीमित भई कानुन व्यवसायीले बहस गर्नुपर्दछ।

३. सुनुवाइको लागि पेसी तोकिएको मुद्दामा पक्षले वा पक्षको कानुन व्यवसायीले बहस नोट पेस गर्न चाहेमा इजलासले बहसनोट पेस गर्नु पर्ने समय तोकिदिनुपर्दछ।

४. कुनै मुद्दामा एकभन्दा बढी कानुन व्यवसायीहरूको वकालतनामा पेस भएकोमा इजलासले कानुन व्यवसायीहरूमध्येबाट एकजना कानुन व्यवसायीले प्रमुख कानुन व्यवसायीको रूपमा बहस गर्ने तथा अन्य कानुन व्यवसायीहरूले अलगअलग तथ्यगत र कानुनी प्रश्नमा बहस गर्ने गरी बहस व्यवस्थापन गर्न निर्देशन दिनसक्दछ।

५. इजलासले माथि लेखिएबमोजिम निर्देशन दिएमा वा समय तोकेमा सो समयमा सोअनुसार गर्नु कानुन व्यवसायीको कर्तव्य हुन आउँछ। *(जि.अ. नियमावली, २०५२ को नियम ३३)*

## ८.२.८ मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको निर्णय

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अन्तर्गत सजाय हुने मुद्दा नेपाल राजपत्र भाग ३, खण्ड ५०, सङ्ख्या ३६ मिति २०५७/९/१० को राजपत्रमा प्रकाशित सूचनाअनुसार विशेष अदालतले हेरी कारबाही र किनारा गर्ने व्यवस्था छ। उक्त मुद्दाको निर्णय पनि अरू फौजदारी मुद्दासरह बुझ्नुपर्ने सबै प्रमाण बुझिसकेपछि पेसी तोकी, तोकिएको पेसीको तारेखका दिन पक्ष-विपक्षका कानुन व्यवसायी भए निजहरूको बहस सुनी आवश्यकतानुसार पीडितले समेत केही कुरा भन्न चाहेमा सोसमेत सुनी निर्णय गरिन्छ।

### (क) डिसमिस

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा नेपाल सरकार वादी हुने मुद्दा भएकाले डिसमिस हुँदैन। *(अ.बं. १७९ र १८५ (क))*

**(ख) खारेजी फैसला**

(१) अख्तियार प्राप्त निकाय वा अधिकारीबाट मुद्दा दायर नभएको वा लाग्नै नसक्ने अभियोगपत्र दायर हुन आएको वा हदम्याद नाघेपछि मुद्दा दायर भएको, अधिकारक्षेत्रविहीन अदालतमा मुद्दा दायर हुन आएको वा एउटै विषयमा उही प्रतिवादी उपर उसै कसुरमा दोहोरो अभियोगपत्र दायर गरिएको अवस्थामा अभियोगपत्र नै खारेज हुन्छ ।

**(ग) एकतर्फी फैसला**

अदालतबाट प्रतिवादीका नाउँमा जारी भएको वारेन्ट, म्यादी पुर्जी तथा समाह्वान बमोजिम पक्राउ पनि नपरेको, आफैं हाजिर हुन पनि नआएको भई सुरु म्याद नै गुजारी बस्ने प्रतिवादीका हकमा मुद्दा एकतर्फी फैसला गर्नुपर्छ । यसरी फैसला गर्दा देहायको रीत पुऱ्याउनु आवश्यक हुन्छ :

(१) वारेन्ट जारी हुने मुद्दाका अभियुक्तमध्ये मुद्दा हेर्ने अड्डामा प्रतिवादी वा बयान दिइसकेको अभियुक्तको वा एकफेर सो अड्डामा हाजिर भई भागेकोमा प्रतिवादी वा बयान नदिएको भए पनि त्यस्तो अभियुक्तको हकमा जो बुझ्नुपर्ने बुझी ठहरेमाफिक फैसला गरिदिनुपर्छ ।

(२) वारेन्ट जारी हुने मुद्दामा अड्डामा हाजिर नै नभएको अभियुक्तको हकमा भने भएसम्मको साक्षी प्रमाण सर्जमिन बुझी, राखी वारेन्ट जारी भएको ६ महिनासम्ममा पनि हाजिर भएन वा पक्रिएन भने हाजिर भएका वा पक्रिएका बखतमा मुद्दा खडा गरी, बुझी कानुनबमोजिम गर्ने भनी मुद्दा मुल्तबीमा राख्नुपर्छ । यसरी मुल्तबी रहेका मुद्दाका अभियुक्त फेला परेन वा हाजिर भएन भने पनि सो अभियुक्तको अंश रोक्का भएको ६ वर्ष पुगेपछि मुद्दा खडा गरी बुझेसम्मको प्रमाणबाट ठहरेबमोजिम फैसला गरिदिनुपर्छ । *(अ.ब. १९०)*

अड्डाबाट जारी भएको म्यादमा बयान दिन नआई म्याद गुजारी बसेका मानिसको हकमा एकतर्फी फैसला भएउपर पुनरावेदन लाग्न सक्तैन ।

एकतर्फी फैसला भएको अवस्थामा पनि प्रतिवादीका नाउँमा जारी भएको म्याद अ. बं. ११० नं. को रीत पुगी तामेल भएको नभई बेरीतसँग तामेल भएकोले थाहा पाउन नसकेको कारणबाट उपस्थित हुन नसकेको उजुरीसहित फैसला भएको ६ महिनाभित्रमा थाहा पाएको पैंतीस दिनभित्र हाजिर हुन आएमा मिसिल संलग्न तामेली म्याद हेर्दा रीतपूर्वक तामेल भएको देखिन आएन भने सोही बेहोराको पर्चा खडा गरी मुद्दा पुनः दर्ता गरी जे जो बुझ्नु पर्ने बुझी फैसला गर्नुपर्छ । पहिले तामेल भएको म्याद रीतपूर्वककै देखिन आयो भने थप कारबाही गर्नु हुँदैन । *(अ.ब. २०८)*

**(घ) सामान्य फैसला (हारजित फैसला)**

(१) मुद्दामा वादी प्रतिवादी दुवैको मुख मिलेको देखिन आएमा तुरुन्त निर्णय सुनाउनुपर्छ । *(अ.बं. १८४(क) नं.)*

(२) वादी प्रतिवादीका बीच मुख नमिली बुझ्नुपर्ने भनी ठहराएका प्रमाणहरू बुझिसकेपछि मुद्दाको छलफल गर्नका लागि तोकिएको तारेखमा हाजिर रहेसम्मका पक्षहरूलाई राखी मुद्दाका पक्ष वा कानुन व्यवसायीले कुनै बहस प्रस्तुत गरे सोसमेतलाई ध्यान राखी फैसला गर्नुपर्छ । *(अ.बं. १८५ नं.)*

(३) फैसला गर्दा उसै दिन राय लेख्ने किताबमा लेखी निर्णय गर्ने अधिकारीले सहीछाप गर्नुपर्छ र उपस्थित रहेका प्रतिवादीहरूको समेत सहीछाप गराउनु पर्छ । उपस्थित प्रतिवादीले

सहीछाप गर्न नमानेमा सो बेहोरा जनाई प्रमाणित गरी राख्नुपर्छ । राय कायम भैसकेपछि मनासिब कारणले बाहेक फैसला लेख्न सात दिनभन्दा बढी ढिला गर्नु हुँदैन । तर इजलाससमक्ष पेस भई छलफल भएका कुनै मुद्दामा मुद्दाको जटिलतासमेतको कारणले उसै दिन निर्णय सुनाउन नसकिने अवस्था परेमा लिखितरूपमै फैसला सुनाउनका लागि इजलासले पन्ध्र दिनसम्मको तारेख तोक्न सक्तछ । *(जि.अ. नियमावली २०५२, को नियम ४६)*

(ज) **फैसलामा खुलाउनुपर्ने कुरा**

फैसलामा यथासम्भव आवश्यक सबै कुरा स्पष्ट रूपमा खुलाउनुपर्दछ । सामान्यतः फौजदारी मुद्दाको फैसलामा देहायका कुराहरू खुलाउनुपर्दछः

- पक्ष-विपक्षको दाबी तथा जिकिर ।
- निर्णय गर्नुपर्ने विषय ।
- दुवै पक्षका प्रमाणका कुरा ।
- कानुनी प्रश्न भएकोमा त्यसको व्याख्या समेतको बेहोरा ।
- साक्षी वा सर्जमिनको बकपत्रको सारांश ।
- दुवै पक्षले तथ्य र कानुन सम्बन्धमा उठाएका प्रश्न ।
- कानुन व्यवसायीको बहसको मुख्यमुख्य बुँदा ।
- वादी वा प्रतिवादीले फिरादपत्र, अभियोगपत्र वा प्रतिउत्तरपत्रमा अथवा कानुन व्यवसायीले बहसनोटमा उल्लेख गरेका कुनै सान्दर्भिक नजिर वा कानुनी सिद्धान्त प्रस्तुत मुद्दामा लागू हुने, नहुने के हो ? सोको स्पष्ट विश्लेषण ।
- कारण सहितको निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानुनहरू ।
- अभियुक्तले कुन ऐनको कुन दफाअन्तर्गत के अपराध गरेको ठहर्छ भन्ने र निजलाई कुन ऐनको कुन दफाअन्तर्गत के-कति, कस्तो किसिमको सजाय हुने हो, सो कुरा ।
- प्रतिवादीबाट वादीलाई कुनै क्षतिपूर्ति वा घाखर्च भराउनु पर्ने भएमा सो कुरा ।
- जाहेरवालालाई नै सजाय हुने भएमा कारणसहितको बेहोरा ।
- अभियोगपत्रसाथ दाखिल भएका दसीका सामान, रोक्का भएको अंश सर्वस्व वा जेथा जमानत, धरौटलगायतका चल, अचल धनमाल के गर्ने हो सो कुरा ।
- अन्य कुनै आवश्यक देखिएका कुरा ।
- पुनरावेदनको म्याद दिनुपर्ने, नपर्ने कुरा आदि ।

## ८.२.९ पुनरावेदनसम्बन्धी व्यवस्था

१. सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने :

(१) पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ :-

(अ) पुनरावेदन अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दा,

(आ) दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा र

(इ) सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णयमा तात्त्विक भिन्नता भएको मुद्दा

(२) सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्न सक्नेछ। *(न्याय प्रशासन ऐन २०४८ को दफा ९)*

२. पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने :

नेपालको न्याय प्रणालीमा सामान्यतः एक तह पुनरावेदनको सिद्धान्तलाई स्वीकार गरिएको छ। सुरु अड्डाले गरेको फैसला उपर पुनरावेदन सुन्ने अदालतको रूपमा पुनरावेदन अदालतको स्थापना गरिएको छ। न्याय प्रशासन ऐन, २०४८ को दफा ८ अनुसार पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेको अन्य कुनै निकाय वा अधिकारीले गरेको सुरु फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने र कानुन बमोजिम साधक जाँच्ने अधिकार प्राप्त छ।

(१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनअन्तर्गतको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गत समावेश भएको हुँदा पुनरावदेन गर्ने म्याद ७० दिनको हुन्छ।

(३) सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ को मुद्दामा प्रचलित कानुनले दिएको म्यादमा अ.बं. ५९ नं. ले ३० दिन र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(२) ले थप ३० दिन गरी जम्मा ६० दिन म्याद थमाउन पाइने व्यवस्था भएबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनअन्तर्गतको मुद्दामा माथि लेखिएबमोजिम पुनरावेदन गर्न ६० दिन म्याद थमाउन सकिन्छ।

(४) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनअन्तर्गतको मुद्दामा विशेष अदालतबाट भएको फैसला वा अन्तिम आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था विशेष अदालत ऐन, २०३१ को दफा १० ले गरेको छ।

### ८.२.१० मानव बेचबिखन तथा ओसारपसारविरुद्धको मुद्दा निर्णय गर्दा अपनाउनुपर्ने स्थापित मान्यताहरू

- बेचिएका व्यक्तिहरूलाई भेदभावपूर्ण व्यवहार गर्न नहुने (Principle of non-discrimination)
- हेला वा हेलचक्रयाइँ गर्न नहुने,
- शिष्ट भाषा प्रयोग गर्नुपर्ने,
- मानवोचित सम्मान र मर्यादा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी अनुबन्धको आधारमा गर्नुपर्ने,
- समानताको सिद्धान्तको अनुसरण गर्नुपर्ने,
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कार्यमा पीडित व्यक्ति प्रायः महिला हुने भएबाट लैङ्गिक न्यायका समान्य सिद्धान्तहरूको समेत अनुसरण गरी अदालती प्रक्रिया अगाडि बढाउनुपर्ने।

### ८.२.११ भौतिक सुरक्षा र जायज व्यवहार

- बेचिएका व्यक्तिलाई दुर्व्यवहार नगर्नु,
- बदनियत तवरबाट प्रतिशोध गर्न नहुने,
- भौतिक सुरक्षा प्रदान गर्नु,
- जायज व्यवहार गर्नु,
- पीडित पक्षको गोपनीयता र आत्मसम्मानको ख्याल गर्नुपर्ने।

### ८.२.१२ न्यायमा सहज पहुँच

- न्यायालयले बेचबिखन कार्यमा संलग्न व्यक्तिलाई सजाय दिन सकिने प्रणालीको विकास गर्नुपर्ने,
- अनुचित दबाब, मोलाहिजा एवम् प्रलोभनबाट मुक्त हुने वातावरण तयार गर्ने,
- बेचिएका व्यक्तिलाई बेचबिखन कार्यमा संलग्न व्यक्तिहरूबाट आवश्यकतानुसार क्षतिपूर्ति दिलाउने,
- बेचिएका व्यक्तिहरूको सम्बन्धमा कानुनी कारबाही टुङ्गो लागिनसकेको अवस्थामा उनीहरूलाई पुनर्स्थापना गर्न तथा सम्मानित जीवन जीउन आवश्यक कार्यमा सहयोग प्रदान गर्ने,
- स्वास्थ्य तथा अन्य सामाजिक सेवा प्रदान गर्ने,
- प्रत्येक राज्यले आफ्ना नागरिक वा कानुनबमोजिम बसोबास गर्न अधिकार प्राप्त बासिन्दालाई देशभित्र बस्न र बाहिर स्वेच्छाले जान उनीहरू बेचबिखनको शिकार हुन सक्छन् भन्ने आधारमा रोक्ने वा नियन्त्रण गर्न हुँदैन। त्यस्ता कानुन छन् भने संविधान विपरीत हुन्छन्। त्यस्ता प्रावधानको कार्यान्वयनमा रोक लगाउनुपर्दछ।
- महिलालाई हानीबाट बचाउने नाममा निजहरूका हक उपभोग गर्नबाट वञ्चित गर्न मिल्दैन। कानुनको परिपालन वा व्याख्या गर्ने क्रममा अदालतले यस कुरालाई विशेष ध्यान दिनुपर्दछ।
- बेचिएका व्यक्तिहरूलाई उचित सेवा एवम् परामर्श प्राप्त गर्न सक्ने वातावरण सृजना गर्नु न्यायालयको पनि कर्तव्य हो।
- सबै प्रकारका आपराधिक तथा अन्य कानुनी कारबाही चलिरहेका समयमा वा त्यसको अघिपछि पनि बेचिएका व्यक्तिलाई अपमानबाट बचाउन आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिनु पर्दछ। पीडक वा तिनका सहायकबाट हुने प्रतिशोधका धम्की वा कारबाहीबाट पीडितलाई बचाउने प्रतिबद्धता देखाउनुपर्दछ। आवश्यक परेमा पीडितका परिवारलाई यस्तै किसिमको सुविधा प्रदान गर्नुपर्दछ।
- पीडित पक्षको नाम वा परिचय आवश्यकतानुसार लुकाउन वा फरक पार्नुपर्दछ।
- बेचबिखन कार्यमा संलग्न व्यक्तिलाई कानुनबमोजिम पक्राउ गर्न वा थुनामा राख्न अदालत क्रियाशील रहनुपर्ने।
- पीडित व्यक्तिलाई क्षतिपूर्ति, सुधार, पुनर्स्थापना र उपचारको दाबी गर्नको लागि उपलब्ध कार्यविधि, तौर-तरिका र अन्य आवश्यक सूचना प्रदान गर्नुपर्ने।
- कुनै पनि बेचिएका व्यक्तिलाई उनीहरू बेचबिखनको शिकार भएको अपराधमा काम गर्ने अनुमतिपत्रलगायत अन्य अनुमतिपत्र नभएको आधारमा वेश्यावृत्ति अवैध बसोबास वा नक्कली प्रवेशाज्ञा वा नक्कली ट्राभल डकुमेन्ट वा अन्य डकुमेन्टको प्रयोगको आधारमा पक्रन, थुन्न वा सजाय दिन पाइँदैन। साथै सबै प्रकारका आपराधिक लगायतका कानुनी कारबाही भइरहेको समयमा त्यसको अघि वा पछि बेचिएका व्यक्तिलाई थुनामा राख्न, कारागारमा कैद गर्न वा सजाय दिन पाइँदैन।
- बेचिएका व्यक्तिको नाम सार्वजनिक रूपमा प्रयोग गर्न निषेध गर्नुपर्दछ। त्यस्तै कुनै बेचिएका व्यक्तिलाई वा उसको परिवार वा साथीलाई भेदभाव गर्ने वा हानी पुर्‍याउने उद्देश्यले उसको घुमफिर गर्ने स्वतन्त्रताको अधिकार, विवाह गर्ने अधिकार वा रोजगारीको खोजी गर्ने अधिकारबाट वञ्चित गराउन नहुने।
- बेचिएका व्यक्तिका साक्षीको रूपमा रहेका व्यक्ति, जाहेरवाला, प्रतिरक्षा गर्ने व्यक्तिलाई काम कारबाहीको लागि योग्य र सक्षम दोभाषे प्रदान गर्नुपर्दछ। यसै गरी पीडितलाई कानुनी सहायता

पाउन आवश्यक सहयोग प्रदान गर्नुपर्दछ। त्यस प्रकारका कारबाही तथा अन्य अवस्थामा चाहिने कागजात एवम् अभिलेखका नक्कल पीडितले बुझ्ने भाषामा उपलब्ध गराउनुपर्दछ। पीडितको आर्थिक स्थितिले आवश्यक शुल्क लिन नसक्ने अवस्थामा निःशुल्क सेवा तथा सहायता उपलब्ध गराउनुपर्ने।

- बेचबिखनको अपराधमा प्रमाणको भार प्रतिवादी पक्षमा रहन्छ।
- बेचबिखन अपराधको सम्बन्धमा आवश्यकतानुसार विशेषज्ञको सहायता लिनुपर्ने।
- पीडितको पहिलाको इतिहास, उसको चरित्र, उसको हालको वा पहिलेको व्यवसायको कारण देखाई पीडितविरुद्ध उसले दिएको उजुरीलाई निष्क्रिय बनाउन खोज्नु हुँदैन। अपराधीलाई सजायबाट फुर्सद दिलाउन यस्ता कुराको आधार लिन मिल्दैन।
- बन्द इजलासको व्यवस्था हुन आवश्यक छ।
- सामाजिक तथा मनोवैज्ञानिक असरको परीक्षण गर्नुपर्ने।
- बेचबिखन निवारणका लागि गरिने कारबाही शिकार भएकाहरूका विरुद्ध होइन अपराधीका विरुद्ध लक्षित हुनु पर्दछ।
- पीडितको स्वास्थ्य परीक्षण गर्दा निजको नजिकको साक्षीको रोहवरमा गोपनीयताको अधिकारको विचार गरी गर्नुपर्ने।

### ८.२.१३ मानव बेचबिखन तथा ओसारपसार मुद्दाको फैसला कार्यान्वयन

मानव बेचबिखन तथा ओसारपसारको मुद्दामा कसुरदार ठहरेपछि निजलाई कैद वा कैद जरिवाना दुबै सजाय हुने हुँदा यससम्बन्धी फैसलाको कार्यान्वयन भन्नु नै उक्त कैद र जरिवानाको असुल गर्नु गराउनु भन्ने हुन आउँछ। यसरी अन्य फौजदारी मुद्दाहरूमा जस्तै, मानव बेचबिखन तथा ओसारपसार मुद्दाहरूको फैसलाबमोजिम कैद जरिवानाको लगत दुरुस्त राख्ने र सोबमोजिम असुल तहसिल गर्ने जिम्मेवारी मूलरूपमा सम्बन्धित जिल्ला अदालतको तहसिलदारको र सो गराउने अन्तिम जिम्मेवारी सम्बन्धित जिल्ला न्यायाधीशको हुने तथा सो बमोजिमको कार्यमा सहयोग गर्न अन्य कर्मचारी सम्बन्धित प्रहरी कार्यालय र कारागार शाखाको हुने हुँदा ऐनले नै तत्सम्बन्धी कर्तव्य जिम्मेवारी र अधिकार तोकिदिएको पाइन्छ।

### ८.२.१४ फैसला कार्यान्वयन गर्ने गराउने र लगत कस्नेसम्बन्धी व्यवस्था

अन्य मुद्दामा जस्तै, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दामा पनि आफ्नो अदालतको र अरू अदालतबाट आएको फैसलाबमोजिम दण्ड जरिवानाको लगत कसी अरू अदालतमा लगत कस्न पठाउने र आफ्नै अदालतमा लगत कस्न पर्ने जति कसी असुल फछ्र्यौट गर्ने कर्तव्य तहसिलदारको हुन्छ। *(जि.अ.नि. २०५२ को ८(१)(ङ))*

- फैसलाले लागेको दण्ड, जरिवाना र कैदको लगत मूल लगत किताबमा राखी असुल तहसिल गर्ने, लगत कट्टा गराउने, फैसलाबमोजिम बिगो भराउने फैसला कार्यान्वयन गर्ने सिलसिलामा सबै काम तहसिल शाखाले गर्नुपर्छ। *जि.अ.नि. २०५२ ६८ (२)*
- फैसलाबमोजिम दण्ड जरिवाना कैदको असुल तहसिल अन्य अदालतबाट गराउनु पर्ने भए त्यस्तो लगत सम्बन्धित अदालतको तहसिल शाखामा पठाई र सो अदालतबाट लगत कसिएको जनाउ पाएपछि मात्र आफ्नो अड्डाको लगत कट्टा गर्नुपर्छ। *(जि.अ.नि. २०५२ ६८ (३))*

- असुल तहसिल गर्नुपर्ने बाँकीवाला कुनै कामले अदालतमा आएमा पक्राउ गरी तत्काल असुल गर्नुपर्छ । त्यस्तो बाँकीवाला व्यक्तिलाई अदालतको कर्मचारीले जहाँसुकै फेला पारे पनि पक्राउ गरी असुल गर्नसक्छ । *(जि.अ.नि. २०५२ ६८ (६))*
- अन्य जिल्ला अदालत, विशेष अदालत, पुनरावेदन अदालत, सर्वोच्च अदालते गरेको फैसलाबमोजिमको आफ्नो क्षेत्रभित्र कार्यान्वयन गर्नुपर्ने दण्ड, जरिवाना कैद र बिगोको लगत सम्बन्धित जिल्ला अदालतको तहसिल शाखाले बुझी असुल तहसिल गर्नुपर्छ । *(जि.अ.नि. २०५२ ६९)*
- अदालतको फैसलाले लागेको दण्ड, जरिवाना र कैदको लगत दुरुस्त राख्न लगाउने र सोही लगतबमोजिम असुल तहसिल गराउने अन्तिम जिम्मेवारी सम्बन्धित जिल्ला न्यायधीशको हुन्छ । *(जि.अ.नि. २०५२ ६८ (४))*
- ग्रामीण क्षेत्र, नगर क्षेत्र, जिल्ला वा अञ्चलको सीमा हेरफेर भएमा त्यस्तो हेरफेर भएबाट जरिवाना, कैद वा फैसलाबमोजिमको कुनै सरकारी रकम असुल पर्ने व्यक्तिको वतन फरक पर्न गएमा अदालतले पनि सोहीबमोजिम वतन सच्याई दुरुस्त बनाइ राख्नुपर्छ । *(दण्ड सजाय ४१ (ख))*

**प्रतिवादीको मृत्यु भएमा**

अपराधीसँगै अपराध मर्छ भन्ने फौजदारी कानुनको सिद्धान्तबमोजिम फैसलाबमोजिमको कैद भोगिरहेको व्यक्ति मऱ्यो भने तथा कसैले गरेको काममा उसको शेषपछि अरूको नाउँमा नालिस परी मर्नेको कसुर ठहरे पनि सजाय हुँदैन भन्ने कुरा प्रस्तुत मुद्दाका सन्दर्भमा पनि लागू हुने हुँदा मर्नेका नाउँको कैद र जरिवानाको लगत कट्टा गरिदिनुपर्छ ।

### ८.२.१५ कैद म्याद ठेक्ने तरिका

कैद म्याद ठेक्नु पर्दा देहायबमोजिम गरी कैद म्याद ठेक्ने गर्नुपर्छ ।

१. कैदको सजाय तोकिएकोमा कैद ठेक्नुपर्दा जति वर्ष, महिना र दिन तोकिएको छ सोबमोजिम जम्मैमा कैद ठेक्ने गर्नुपर्छ ।

२. महिना नपुगेको दिनको मात्र कैद गर्नु पर्ने हुन आएमा भने हिसाबबाट जति दिन कैद गर्नु पर्ने हुन आउँछ उति जम्मैमा कैद ठेक्ने गर्नुपर्छ ।

*(दण्ड सजाय ४० (१)(२)(३) नं.)*

### ८.२.१६ कैद असुल गर्ने प्रक्रिया

१. फैसलाबमोजिम सजाय पाउने कसुरदार फैसला हुँदाको अवस्थामा हाजिर रहेकोमा सो फैसला गर्ने अड्डाले नै निजलाई पक्री फैसलाबमोजिम निजलाई लागेको दण्ड, जरिवाना, कैद असुल गर्नुपर्छ ।

२.. कैद लागेकोमा पुनरावेदन गर्न अ.बं १९४ नं. बमोजिम धरौट वा जमानत दिएमा लिई छाड्नु पर्छ । सो धरौट वा जमानी नदिए फैसलाले भएको कैद कार्यान्वयन गर्न कारागारमा पठाइदिनु पर्छ ।

३. फैसला हुँदा फैसलाबमोजिम जरिवाना वा कैद लागेको कसुरदार हाजिर नरहेको भए निजलाई गिरफ्तार गर्न अड्डाबाटै सम्बन्धित प्रहरी कार्यालयलाई आदेश गर्नुपर्छ । यसरी आदेश गरेपछि

दण्ड सजायको महलको २५ र २६ नं मा लेखिएको कारबाही फैसला कार्यान्वित गर्ने अड्डाले चलाउनुपर्छ ।

६. फैसलाले कैद जरिवाना लागेको मानिसलाई गिरफ्तार गर्न लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले फैसलाबमोजिम सजाय पाउने कसुरदारलाई खोजी पक्री फैसला कार्यान्वयन गर्ने अड्डामा दाखिल गर्नुपर्छ ।

७. अदालतको फैसलाले कैद जरिवाना लागेको मानिसलाई कुनै पनि मानिसले पक्राउ गरी दाखिल गर्न सक्छ । यसरी पक्राउ भएको व्यक्तिलाई तत्काल अदालतमा बुझाउन अदालत बन्द भएको अवस्था भए वा अदालतमा पुऱ्याउन बढी समय लाग्ने भए त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने व्यक्तिले तत्कालै नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनुपर्छ । सम्बन्धित प्रहरी कार्यालयले पनि त्यस्तो व्यक्तिलाई हिरासतमा राखी अदालत खुल्नासाथ अदालतमा बुझाइदिनुपर्छ ।

*(दण्ड सजायको २३ नं. र जि.अ. नियमावली, २०५२ को नियम १०३)*

### ८.२.१६ फैसला कार्यान्वयनको कार्यमा सहयोग गर्नुपर्ने

मानव बेचबिखनसम्बन्धी मुद्दाको फैसलाबमोजिम लाग्ने ठहरेको कैद जरिवाना आदि असुल गर्ने सन्दर्भमा प्रहरी कार्यालयले पक्राउ तथा कसुरदारसँग सम्बन्धित गा.वि.स., नगरपालिका, स्थानीय भलाद्मी आदिले चिनाई घरबार पत्ता लगाई र मुचुल्कामा रोहबरमा बसी सहयोग गरिदिनुपर्छ । सो नगर्ने तथा रोहबरमा बसी झुट्टा बेहोरा लेखाइदिनेलाई समेत सजायको व्यवस्था गरिएको छ । त्यस्तै कैद ठेकी कारागारमा पठाइएकोमा ठेकिएको अवधिसम्म कैद थुनामा राख्नुपर्ने कर्तव्य सम्बन्धित कारागारका कर्मचारीको हुन आउँछ ।

### ८.२.१७ सङ्क्षेपमा फैसला र फैसला कार्यान्वयनका चुनौतीहरू निम्नानुसार छन्ः

१. कुनै जातिविशेष वा भाषाविशेषका व्यक्तिहरूमाथि पूर्वाग्रही भएर अपराधी हो वा होइन भनी निर्धारण गर्ने वा सोच्ने परिपाटीहरू ।

२. तथ्यगत प्रमाण भन्दा साबितीलाई बढी  आधार मानिनु ।

३. भाषिक तथा लैङ्गिक संवेदनशीलताको कमी ।

४. फैसला गर्न ढिलाई, फैसला समयमा तयार नहुने परिपाटी ।

५. मुद्दा विवेचना र फैसला गर्दा मानव बेचबिखनविरुद्धका सर्वमान्य मापदण्ड र अन्तर्राष्ट्रिय मापदण्डहरूसँगको तुलनात्मक अध्ययनको कमी ।

६. पीडितलाई अपराधमा संलग्न व्यक्तिहरूबाट आवश्यक्तानुसार क्षतिपूर्ति दिलाउन नसकिनु ।

७. फैसला भइसक्दापनि सो बमोजिमको न्याय पाउन कठिनाइ र ढिलाइ हुनु ।

सत्र ९

समय : ९० मि.

# मानव बेचबिखन तथा ओसारपसार मुद्दाका अपराधीहरूको सफल अभियोजनका लागि पीडित तथा साक्षीको भूमिका

## उद्देश्य

- यस सत्रको प्रशिक्षणपछि सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनमा साक्षी तथा पीडितको के-कस्तो भूमिका हुन्छ छलफल र विश्लेषण गर्न सक्नेछन् ।
- साक्षी तथा पीडितको सुरक्षासँग सम्बन्धित के-कस्ता कानुन छन् जानकारी पाउनेछन् ।

## यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू

१) मानव बेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनमा साक्षी तथा पीडितको के-कस्तो भूमिका हुन्छ छलफल र विश्लेषण,

२) साक्षी तथा पीडितको सुरक्षासँग सम्बन्धित के-कस्ता कानुन छन्,

३) मानव बेचबिखन तथा ओसारपसार अपराधको सफल अभियोजनमा साक्षी तथा पीडितको भूमिका के-कस्तो र कसरी हुन्छ, छलफल गर्ने ।

## ९.१ पृष्ठभूमि

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली वृहत शब्दकोशमा 'पीडित' को अर्थ दुःख पाएको, सताइएको, दबाइएको, थिचिएको, सिकिस्त पारिएको भनी दिइएको छ ।

शंकरकुमार श्रेष्ठको कानुनी तथा न्यायसम्बन्धी शब्दकोषमा पीडित व्यक्ति भन्नाले आपराधिक कार्य वा गैरकानुनी कार्य आदिको कारण वा परिणामबाट पीडा भोग्न पुगेको वा बाध्य भएको व्यक्ति, सुविधा वा अधिकारबाट वञ्चित व्यक्ति, पीडामा परेको, दबाइएको, दुःख पाएको वा दिइएको, सताइएको व्यक्ति भनी दिइएको छ ।

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले दफा २ परिभाषा अन्तर्गत पीडित व्यक्तिलाई परिभाषित गरेको छ । तर यो परिभाषा यही ऐनको प्रयोजनका लागि भएकोले पीडित व्यक्ति भन्नाले यातना पाउने व्यक्ति सम्झनुपर्छ भनी उल्लेख गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४ ले 'पीडित' भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनुपर्छ भनी दफा २(ग) मा परिभाषित गरेको छ ।

अपराध तथा अख्तियार दुरूपयोगका पीडितहरूको न्यायसम्बन्धी आधारभूत सिद्धान्तहरूको घोषणापत्र (Declaration of Basic Principles of Justice for victims of crime and Abuse of Power 1985) को धारा १ ले सदस्य राष्ट्रमा लागू फौजदारी कानुनको उल्लङ्घनबाट जो व्यक्तिलाई शारीरिक वा मानसिक चोट, हानी, संवेदनशीलतामाथि चोट, आर्थिक हानी वा मौलिक हकको उपभोगबाट बाहिर करणमा परेका छन्, ती व्यक्ति वा व्यक्तिहरूको समूहलाई 'पीडित' मानिन्छ भनी उल्लेख गरेको छ ।

त्यसैगरी  घोषणापत्रको धारा २ ले 'यो घोषणापत्रअन्तर्गत अपराधी पत्ता लागेपनि नलागेपनि, समातिएपनि वा नसमातिएपनि, मुद्दा चलाएपनि वा नचलाएपनि वा अपराधी साबित भएपनि वा नभएपनि तथा अपराधी र जोमाथि घटना घट्छ उनीहरूको पारिवारिक नातासम्बन्ध भएपनि वा नभएपनि व्यक्तिलाई पीडित मानिन्छ, परिस्थितिजन्य अवस्थामा सबैभन्दा नजिकको पारिवारिक सदस्य वा प्रत्यक्ष क्षति व्यहोरेको पीडितको आश्रित र उक्त पीडितलाई सहयोग गर्ने क्रममा वा पीडित हुनबाट जोगाउने क्रममा क्षति व्यहोरेका व्यक्ति वा व्यक्तिहरूसमेतलाई पीडित मानिन्छ' भनी उल्लेख गरेको छ ।

पीडितहरूको न्यायसम्बन्धी प्रस्तावित मस्यौदा महासन्धिले पनि यिनै परिभाषालाई ग्रहण गरेको छ । नेपालको कुनै पनि ऐन कानुनले 'पीडित' को यति विस्तृत परिभाषा गरेका छैनन् । साथै कुनै पनि ऐनले परिवारका सदस्य र आश्रितलाई 'पीडित' को दायरामा ल्याई परिभाषित गरेका छैनन् ।

## ९.२. छलफल र अभ्यास

**पीडितको पहिचान–**

**मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पीडितको भूमिका**

**आपराधिक समस्या समाधानमा पीडित पक्षको स्थान :**

अपराधमा मुख्यतः तीन पक्ष हुन्छन्- अभियोक्ता, कसुरदार र पीडित पक्ष । आपराधिक समस्या समाधान गर्न अपराध र अपराधीको अध्ययन गर्ने प्रक्रिया अठारौं शताब्दीदेखि नै चल्दै आएको हो । तर त्यही अपराधको अर्को महत्त्वपूर्ण पक्ष पीडित पक्षको अध्ययन भने बीसौं शताब्दीको मध्येदेखि मात्र हुन थालेको पाइन्छ । प्राचीनकालमा अपराधलाई निवारण गर्न पीडित पक्षको महत्त्वपूर्ण स्थान थियो । ऊ आफूमाथि अपराध गर्ने कसुरदारका विरुद्ध बदलाको भावनाले कारबाही गर्न सक्दथ्यो । ज्यानको बदला ज्यान, चोरको हात काट्ने, झुटो साक्षी बक्नेको जिब्रो काट्ने प्रचलन प्राचीन कानुनी संहिताहरूमा भेटिएका पनि छन् । यिनले पीडित पक्षको सन्तुष्टि नै न्यायको तराजु सन्तुलित पार्ने आधार लिएको देखिन्छ ।

राज्य व्यवस्थाको उत्पत्ति सँगसँगै फौजदारी न्याय व्यवस्था राज्यको जिम्मामा सर्न पुगेको देखिन्छ । कानुनबमोजिम न्याय प्रशासन गर्ने परिपाटी हुर्कंदै जाँदा फौजदारी न्याय प्रशासनमा पीडित पक्षको स्थान गौण बन्दै गएको देखिन्छ । आधुनिक न्याय व्यवस्थामा अपराधको सूचना पाएपछि प्रहरी वा अभियोक्ता सक्रिय हुन्छन्, प्रमाण सङ्कलन गरिन्छ, अदालतमा कारबाही

चलाइन्छ र अन्ततोगत्वा कसुरदारलाई दण्ड दिइन्छ। एउटा अध्याय समाप्त हुन्छ। उक्त कारबाही र दण्डप्रति पीडित पक्ष सन्तुष्ट भयो-भएन जान्ने प्रयत्न विरलै गरिन्छ। कसुरदारलाई सुधार गर्ने प्रक्रियाको नाममा प्रोवेशन, प्यारोल, निलम्बित सजाय, जरिवाना जस्ता नरम दण्डात्मक नीति प्रयोग हुन थालेका छन्। कैदमा बस्दा पनि कसुरदारले शिक्षा, तालिम र अरू धेरै सहानुभूतिमूलक सहयोग पाउने गर्दछ। यसरी आधुनिक दण्ड प्राचीन दण्डको तुलनामा धेरै नै नरम र खुकुलो बन्दै गएको छ। कठोर दण्ड दिनु आपराधिक समस्यालाई अरू जटिल बनाउनु हो भन्ने ठानिन थालिएको छ। यस्ता स्थितिमा अपराधलाई प्रत्यक्ष रूपमा व्यहोर्ने पीडित पक्षको दृष्टिकोण एकदम उपेक्षा गर्न कुनै हालतमा पनि सकिदैन।

पीडित पक्षले अपराधद्वारा आफूलाई पुऱ्याइएको पीडा कम गर्ने कुनै साधन पाउँदैन भने र कसुरदारप्रति भने समाज र कानुनको नरम नीति रह्यो भने ऊ कुण्ठित हुन पुग्दछ, ऊ बदलाको भावनाले प्रेरित हुन पुग्दछ, ऊ कानुन आफ्नो हातमा लिएर भएपनि कसुरदारप्रति कारबाही गर्न अग्रसर हुन सक्तछ। यस्तो स्थिति आउन नदिन अब पीडित पक्षको कथा र व्यथाको अध्ययन र अनुसन्धान हुन थालेको छ। उसलाई सन्तुष्ट पार्न पर्याप्त मात्रामा क्षतिपूर्ति दिलाउने भराउने कुरामा सबैको ध्यान जान थालेको छ। यसरी पीडित पक्षका दृष्टिकोणबाट गरिने अपराधको अध्ययनलाई Victimology भनिन्छ।

पीडित पक्ष समाजको त्यस्तो व्यक्ति हो जो आफ्नो तर्फबाट कुनै गल्ती नगरी कानुन सम्मत जीवन यापन गर्दा कसुरदारको दुष्ट्याइँको सिकार बन्न पुगेको हुन्छ। उसले ज्यान गुमाउँछ। उसका स्वास्नी छोराछोरी, विधवा, टुहुरा हुन्छन्। उसले श्री सम्पत्ति गुमाउँछ। ऊ हात खुट्टाविहीन अपाङ्ग बन्न सक्तछ। उनी स्वास्नी मानिस भए सतित्व गुमाउँछिन्। नारी अस्तित्वमा एउटा दाग लाग्न पुग्दछ। के यस्ता पीडित पक्षले आफूमाथि अपराध गर्ने कसुरदार पक्राउ नै पर्न सकेन भन्ने समाचारले सन्तुष्ट भएर बस्न सक्तछन्? पक्राउ परेका कसुरदार पर्याप्त प्रमाणको अभावमा शङ्काको सुविधा पाई अदालतबाट रिहाइ भयो रे भन्ने सुन्दा यिनलाई कस्तो लाग्ला? अदालतबाट दोषी ठहर भएका कसुरदारका हकमा पनि अमूक व्यक्ति यति वर्षको निमित्त जेल गयो रे भन्ने सुनेर पीडित पक्षले सन्तोषको शास फेर्न सक्ला? कसुरदारले आफूलाई नाहकमा दिएको पीडा ऊ जेल गएकै समाचारले निको हुन सक्छ सक्दैन पीडित पक्षकै अध्ययन गरेपछि मात्र जान्न सकिने कुरा हो।

अपराधको पीडामा ज्यान गुमाएका अङ्गभङ्ग हुन पुगेका, सतित्व गुमाएका वा श्रीसम्पत्ति गुमाएका व्यक्तिहरूको दैनिक जीवन कसरी चलिरहेको छ? उनीहरूलाई के-कस्तो सामाजिक वा आर्थिक कठिनाइ परिरहेको छ जान्नु र तिनको उपयुक्त समाधान निकाल्नु आपराधिक समस्या समाधानको निमित्त नितान्त जरुरी भएको छ। आधुनिक समाज यस कुरामा सजग बन्दै गएको देखिन्छ र यस दिशातर्फ आ-आफ्नो सामर्थ्यअनुसार समाधानको बाटो पहिल्याउँदै गएको देख्न सकिन्छ। एसिया, अफ्रिका, ल्याटिन अमेरिका यस दिशातर्फ केही पछि परेका छन्। उनीहरूले पनि विकसित मुलुकको अनुभव र अनुसन्धानको उपयोग गरी आफ्नो कारबाहीमा आधुनिकीकरण गर्नुपर्ने भएको छ।

नेपाल कानुनमा अपराध पीडित पक्षलाई क्षतिपूर्ति दिने व्यवस्था हुँदै नभएको होइन। सम्पत्तिसम्बन्धी अपराधमा बिगो भराई कसुरदारलाई दण्ड जरिवाना गर्ने व्यवस्था छ। कुटपिटमा घा खर्च दिने व्यवस्था छ। जबरजस्ती करणीमा कसुरदारको आधा अंश दिलाउने व्यवस्था छ। त्यस्तै इलाज

गर्नेको, बेरितसँग थुन्दाको महलले क्षतिपूर्तिको प्रावधान राखेका छन् । गाली बेइजती ऐनले पनि क्षतिपूर्ति दिलाउन भराउन सक्दछ । यी सबै प्रावधानमा प्राप्त हुने क्षतिपूर्ति वा बिगोले पीडित पक्षलाई सन्तोष दिन सकेको छ, छैन खोजीको विषय त छँदै छ, त्यसमाथि कसुर ठहर हुन सकेन भने पीडित पक्ष शून्य मनस्थितिमा रहनुपर्ने बाध्यता विद्यमान छ । बदलिदो बजारभाडा सँगसँगै पीडित पक्षले पाउने क्षतिपूर्ति फरक पर्न जाने हुनाले कानुनमा क्षतिपूर्तिको अङ्क कि उच्चत्तम राख्नु आवश्यक छ कि क्षतिपूर्ति मूल्याङ्कन गर्ने पृथक सङ्ख्या हुनु आवश्यक देखिन्छ । ज्यान मुद्दामा क्षतिपूर्तिको प्रावधान छैन । जब कि पीडित पक्षका आश्रितको निमित्त यही अपराध सबभन्दा बढी पीडादायी हुने गर्दछ । कसुरदार पत्ता नलागेका अपराधमा त पीडित पक्षको पीडा प्रारब्धकै फल जानेर कुन्ठित मनस्थिति बोक्नु बाहेक उसलाई अर्को उपाय प्राप्त छैन । के राज्यले आफ्ना नागरिकप्रति यस्तो उदासिन र निरपेक्ष बन्न सुहाउँछ र ?

अर्काको कसुरबाट अपाङ्ग बन्न पुगेका पीडित पक्षलाई त समाजले चाहेर वा नचाहेर पनि सघाउनु नै पर्ने हुन्छ । सोबाहेक अरू व्यक्तिका हकमा पनि पीडित पक्षलाई कसुरदारमार्फत अथवा राज्य स्वयम्ले क्षतिपूर्ति दिने अग्रसरता राख्नु वाञ्छनीय देखिन्छ । कसुरदारले क्षतिपूर्ति तिर्न अग्रसरता देखाएमा राज्यले उसलाई दिने दण्ड कम गर्न सक्तछ । कसुरदार क्षतिपूर्ति दिन तत्पर छैन वा कसुरदार नै पक्राउ हुन सकेको छैन भने राज्य स्वयंले पीडित पक्षलाई राहत दिन, क्षतिपूर्ति भर्न पर्दछ । कसुरदार क्षतिपूर्ति दिन तयार भएर पनि चित्त बुझ्दो मात्रामा रकम दाखिला गर्नसक्ने स्थितिमा छैन भने राज्यले उसबाट किस्ताबन्दीमा जरिवानास्वरूप क्षतिपूर्तिको रकम असुल गर्न सक्दछ । पीडित पक्षलाई आफ्नो कोषबाट एकैमुष्ट क्षतिपूर्ति दिलाउन सक्तछ । यी प्रक्रिया खर्चिलो देखिए तापनि आपराधिक समस्या निवारण गर्ने जिम्मा लिएको राज्यले उपेक्षा गर्न मिल्ने कुरा होइन ।

अपराधका पीडित पक्षलाई जुनसुकै माध्यमबाट क्षतिपूर्ति दिलाउने प्रक्रियालाई Restitution भनिन्छ । Restitution का सन्दर्भमा अपराधशास्त्रीहरूको अभिमत यस्तो छ : "Restitution is said to be punitive and reliabilitative. It is also said to serve the purpose of deterrence and Criminal Therapcutics……. Its benefits are two fold; the offender is made more responsible for the crime and the victim receives attention and benefit directly from the offender. It gives an oppertuity to both the victim and the offender to feel that a wrong is being righted."

Restitution is a positive measure and particularly appropriate for use in respect of Juvenile offenders. The rationate for the restitution programme is that the offender is made to recognize his responsibility to victim, it maintains the dignity of the offender unlike imprisonment, it saves the society and the offender from the deterious effect of incarceration and aboveall, it contributes to a sense of justice.[८]

### राज्यको पीडित पक्षप्रति दायित्व

१) राज्य एक संगठित संस्था हो । यसले आन्तरिक सुरक्षाको निमित्त प्रहरी र वाह्य सुरक्षाको निमित्त सेना तैनाथ गरेको हुन्छ । राज्य नागरिकहरूकै शक्ति र सहयोगले चलेको हुन्छ ।

---

८ V.N. Rajan, Victimology in India An Introductory Study P. 79

सामाजिक सम्झौताको सिद्धान्तको हिमायतिहरू राज्यलाई नागरिकहरूले आफ्नो मौलिक हकको केही अंश सुम्पेर यो संस्था संगठित हुन पुगेको बताउँछन् । प्रत्येक नागरिकले सुम्पेको शक्ति नै संगठनात्मक रूपमा संप्रभु हो । अतः राज्यको प्रमुख कर्तव्य नागरिकलाई शान्ति सुव्यवस्था प्रदान गर्नु हो । अपराध हुन गएका अवस्थामा राज्यको सुरक्षा प्रबन्ध नै दोषी ठहरिने भएकोले राज्यले पीडित पक्षलाई राहत दिनु उसको नैतिक जिम्मेवारीभित्र पर्दछ ।

२) आधुनिक राज्यलाई लोक कल्याणकारी संस्था पनि मानिन्छ । अर्थात्, राज्यले गरिब, अनाथ, अपाङ्ग, पिछडिएका व्यक्तिको उत्थान गर्ने लक्ष्य राखेको हुन्छ । सामाजिक उन्नतिको निमित्त हुनेबाट लिएर नहुनेमाथि वितरण गर्नु उसको अर्को प्रमुख कार्यपद्धति हुन आउँछ । अपराधमा कसुरदारले कानुन पालना गरी बसेका निर्दोष नागरिकमाथि अत्याचार गर्न पुगेको हुन्छ । यस्तो स्थितिमा कसुरदारलाई दण्डका अतिरिक्त क्षतिपूर्ति गर्न बाध्य गराउनु र कसुरदारले क्षतिपूर्ति दिन नसकेमा आफ्नो तर्फबाट क्षतिपूर्ति दिलाउनु राज्यको जिम्मेवारीभित्रै पर्न जाने कुरा हुन् ।

३) नागरिकले राज्यलाई कर तिरेको हुन्छ । राज्यको खर्च त्यही करका माध्यमबाट चलेको हुन्छ । राज्यबाट शान्ति-सुरक्षाकै अपेक्षामा नागरिकले राज्यलाई आफ्नो मिहिनेतको केही अंश करको रूपमा तिर्ने प्रक्रियामा बिमा कम्पनीलाई आफ्नो जीउ-ज्यानको सुरक्षाको निमित्त तिरिने प्रिमियम भन्दा कुनै रूपमा फरक छैन । अतः अपराध भएपछि राज्यबाट पीडित पक्षले क्षतिपूर्ति या राहतको अपेक्षा गर्नु स्वाभाविक देखिन्छ ।

४) आधुनिक राज्यले कसुरदारलाई दण्ड दिँदा उसको सुधारलाई प्रमुख लक्ष्य मान्न थालेको छ । दण्डमा काठोरताले मात्र अपराध नघट्ने र कसुरदारको सुधार प्रक्रिया अरू जटील हुने अनुभव आधुनिक राज्यले गर्न थालेको छ । अतः आधुनिक दण्ड प्रणाली नरम, लचिलो र सहयोगात्मक बन्दै गएको छ । यो प्रक्रियालाई प्रभावशाली र भययोग्य बनाउन पीडित पक्षलाई राहत दिने प्रक्रिया सँगसँगै जोडेर हेर्नुपर्ने भएको छ ।

उपर्युक्त अवधारणालाई इन्कार गर्न सकिने कुनै ठाउँ छैन । सिङ्गो समाजको हितको परिकल्पना गर्दा कसुरदारप्रति नरम नीति र पीडित पक्षप्रति उपेक्षाको भावना लिन मिल्ने पनि देखिदैन । यसमा जति राम्रो सन्तुलन कायम गर्न सक्यो उति नै राम्रो नागरिकको राज्यप्रति र राज्यको नागरिकप्रति जिम्मेवारी कायम हुन सक्ला ।

नेपाली फौजदारी न्यायप्रणालीमा पीडितको भूमिका मुद्दाको जाहेरीसम्म मात्रै हुने गरेको छ । आवश्यक्तानुसार प्रहरी र अदालतले बयान, सर्जमिन र अभियुक्तको पहिचानको लागि बोलाउने गर्दछ । त्योभन्दा बाहेक मुद्दाको पुर्पक्षको क्रममा पीडितको भूमिका न्यून छ । अझै केही समय अघिसम्म फौजदारी मुद्दाको प्रतिनिधित्व सरकारी वकिलबाट हुने र पीडितको तर्फबाट आफ्नै वकिल राख्न पाउने वा नपाइने कुनै स्पष्टता थिएन । जाहेरवालाले गैरसरकारी वकिल राख्न पाउने सम्बन्धमा 'ज्यान मुद्दामा जाहेरवालाले गैरसरकारी वकिल राखी बहस गराउन पाउने' भनी सर्वोच्च अदालतबाट बाटो खुलाइदिएको कारणले प्रतिनिधित्व सम्बन्धमा एक नयाँ आयाम थपिएको पाइन्छ । यसै प्रतिपादित मार्ग निर्देशनले गर्दा आजसम्म पीडितको तर्फबाट बेग्लै गैरसरकारी कानुन व्यवसायी मुकरार गर्न पाउने कानुनी सुविधा प्राप्त हुँदै आएको छ ।[९]

[९] शंकर कुमार श्रेष्ठले पीडित विधिशास्त्रमा उल्लेख गरे बमोजिम 'लबदेव भट्टको सर्वोच्च अदालत निर्णयानुसार संग्रह पृष्ठ १०२' बाट उद्धृत

यस सम्बन्धमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनले स्पष्ट रूपमा व्यवस्था गरेको छ। शंकरकुमार श्रेष्ठ आफ्नो पुस्तक पीडित विधिशास्त्रमा पीडितले आफुले जाहेरी दिएबमोजिम अभियुक्तमाथि अभियोग लागेको छ कि छैन भन्ने जान्न पाउनुपर्छ भनी लेखेका छन् ।

संसार भरिकै प्रचलन हेर्ने हो भने पहिला-पहिला अपराधका पीडितहरूले अपराधीसँग बलदा लिनसक्थ्यो । अझ कतिपय अपराधमा त अपराधीको पूरै परिवार र समुदायसँग पनि बदला लिन पाइन्थ्यो । पछि कानुनी प्रणालीको विकाससँगै अपराधको अनुसन्धान, मुद्दा निरोपण र सजाय निर्धारणमा प्रहरी र अदालतको भूमिका प्रमुख भएर आयो । फौजदारी न्यायमा पीडितको हक सिर्फ क्षतिपूर्ति पाउनेसम्म हुन गयो ।[१०]

वि.सं. १९१० को मुलुकी ऐनअन्तर्गत नेपालमा अन्वेषणत्मक फौजदारी न्याय प्रणाली थियो, जसअनुसार न्यायाधीश पीडितसँगको सहकार्यमा मुद्दाको निचोडसम्म पुग्ने सम्भावना थियो । सरकारी मुद्दासम्बन्धी ऐनको लागू सँगसँगै फौजदारी मुद्दामा प्रहरी र सरकारी वकिलको भूमिका प्रमुख हुन आयो र मुद्दाको अनुसन्धान र निचोडमा पुग्न पीडितको भूमिका गौण हुन पुग्यो ।

अपराध तथा अख्तियार दुरूपयोगका पीडितहरूको न्यायसम्बन्धी आधारभूत सिद्धान्तहरूको घोषणापत्र १९८५ को धारा ६(बी) ले न्यायिक कारबाहीको सिलसिलामा पीडितहरूका सरोकार र विचारलाई उपर्युक्त चरणहरूमा व्यक्त गर्ने अवसर दिइनुपर्छ भनी उल्लेख गरेको छ ।

कतिपय विज्ञहरूले फौजदारी न्यायिक कारबाहीको सिलसिलामा पीडितलाई सहभागी गराउँदा अभियुक्त वा शङ्कितको अधिकार खतरामा पर्नसक्ने कुरालाई औंल्याउँदा स्वच्छ र छरितो न्यायमा खलल नपर्ने गरी पीडितलाई सामेल गराउन कुने कुरा व्यक्त गरेका छन् ।[११]

### छलफल

मानव बेचबिखन तथा ओसारपसार अपराधको सफल अभियोजनमा पीडित र साक्षीको भूमिका

- मुद्दा अनुसन्धान र अभियोजनमा पीडितलाई सामेल गराउन हुने वा नहुने ?
- हुन्छ भने किन हुन्छ ? हुँदैन भने किन हुँदैन ?
- सामेल गराउँदाका खतरा र चुनौतीहरू

---

[१०] Katherine S. Williams, Textbook in Criminology 3rd ed. Delhi University Law Publishing 1997 P. 115
[११] ऐ. ऐ.

सत्र १०

समय : ६० मि.

# पीडित तथा साक्षीको सुरक्षाको वर्तमान अवस्था

## उद्देश्य

यस सत्रको प्रशिक्षणपछि सहभागीहरूले नेपालमा मानव बेचबिखन तथा ओसारपासर मुद्दामा साक्षी र पीडितको सुरक्षा किन आवश्यकता पर्दछ, पीडित तथा साक्षीको सुरक्षासम्बन्धी कानुनी व्यवस्था कस्तो छ र सुरक्षाको वर्तमान अवस्था कस्तो छ भन्ने जानकारी पाउनेछन् ।

## यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू

१) मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पीडित तथा साक्षीको सुरक्षा किन आवश्यकता पर्दछ,

२) मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पीडित तथा साक्षीको सुरक्षासम्बन्धी कानुनी व्यवस्था,

३) मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पीडित तथा साक्षीको सुरक्षाको अवस्था कस्तो छ ।

पीडित-न्यायसम्बन्धी सिद्धान्तहरूमध्ये पीडितको सुरक्षाको सिद्धान्त एउटा महत्त्वपूर्ण सिद्धान्त हो । जब पीडित र साक्षीमाथि सुरक्षाको प्रत्याभूति गर्न सकिँदैन स्वाभाविकै रूपमा ती व्यक्तिहरू प्रहरीसमक्ष आउन हिचकिचाउँछन् । पीडित असहाय, कमजोर र एक्लै हुन सक्छ भने अभियुक्तहरू सङ्गठित रूपमा हुन्छन् । नेपालको भौगोलिक विकटताका कारण पनि प्रहरी र अदालत आउने क्रममा वा आफ्नै घरमा पनि पीडितहरूमाथि सधै खतरा भइरहन्छ ।

अपराध तथा अख्तियार दुरूपयोगका पीडितहरूका न्यायसम्बन्धी आधारभूत सिद्धान्तहरूको घोषणापत्र १९८५ को धारा ६ ले न्यायिक तथा प्रशासकीय कारबाही र कार्यविधिको क्रममा पीडितहरूलाई न्यायमा पहुँच पुऱ्याउन र स्वच्छ पुर्पक्षका लागि राष्ट्रहरूले पूरा गर्नुपर्ने दायित्वहरू उल्लेख गरेको छ । जसअन्तर्गत धारा ६(डी) मा राष्ट्रहरूले - पीडितलाई हुने असुविधालाई सकेसम्म न्यून गर्न पहल गर्नुपर्ने, गापनीयताको रक्षा गर्नुपर्ने अवाश्यकताअनुसार सुरक्षा गर्नुपर्ने त्यसैगरी पीडितको परिवार र साक्षीमाथि हुने आक्रमण र दुर्व्यवहारलाई न्यून गर्नुपर्ने व्यवस्था गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४ को दफा २५ ले सुरक्षाको व्यवस्था शीर्षकमा “.... उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रूपमा  गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई

देहाय बमोजिम कुनै वा सबै व्यवस्था गरिदिनुपर्नेछः

(क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने,

(ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने

(ग) केन्द्रमा राख्ने

त्यस्तै गरी उक्त ऐनले पीडितको गोपनीयताको सुरक्षाका लागि दफा २५(१) मा "कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्नुहुँदैन" भनी व्यवस्था गरेको छ। दफा २७ मा यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गर्नुपर्ने व्यवस्था गरेको छ।

यस ऐनले पीडितको सुरक्षाका लागि गरेको व्यवस्थाहरूमध्ये दफा १६ पनि महत्त्वपूर्ण छ। जसअन्तर्गत "आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा लगेको वा किनेको वा बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नुपर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन, भाग्न मद्दत माग्दा मद्दत प्राप्त नभएको र उम्कन भाग्न खोज्दा कसैले बाधा विरोध गरेमा वा रोकेमा वा पक्रेमा वा जोरजुलुम गरेमा बल प्रयोग नगरी त्यस्तो बाधा विरोध वा जोरजुलुमबाट वा पक्राउबाट भाग्न उम्कन सकिँदैन भन्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने वा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन।" भनी व्यवस्था गरेको छ।

**नेपालमा पीडित तथा साक्षीको सुरक्षाको वर्तमान अवस्था :**

- नेपालमा पीडित तथा साक्षीको सुरक्षाको वर्तमान अवस्थाको बारेमा सहभागीहरू सँग छलफल गर्ने।
- सहभागीहरूलाई साना साना समूहमा बाँडेर छलफल गराउने।
- छलफल गर्दा के, किन, कसरी, कसलाई, कसले, कहाँ, कहिले, जस्ता प्रश्नहरूको उत्तर खोज्न लगाउने।

# भाग ३

**लक्ष्य :**

- मनोसामाजिक सुस्वास्थ्य बारे जानकारी गराउनु
- बेचबिखन तथा ओसारपसारमा परेका पीडित व्यक्तिको मनोसामाजिक सु-स्वास्थ्य बनाउन गर्नुपर्ने कुराहरूबारे जानकारी गराउनु
- मानव बेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजन तथा पीडित र सक्षीको सुरक्षाका लागि सरोकारवालाहरू को-को हुन् पहिचान गर्नु
- कुन-कुन सरोकारवालाको भूमिका के-कस्तो हुन्छ, पहिचान गर्नु

**परिच्छेदको खाका**

**परिच्छेदको खाका**

| सत्र | विषय | प्रशिक्षण विधि | प्रशिक्षण स्रोतहरू | समय |
|---|---|---|---|---|
| ११. | मानव बेचबिखन तथा ओसार पसार अपराधको पीडित तथा साक्षीलाई मनोसामाजिक परामर्श | - प्रवचन<br>- मस्तिष्क मन्थन<br>- छलफल | क. Egan, G 1994. The skilled Helper. A problem management approach to helping (Fifth Edition) . Brooks/ Cole, California.<br>ख. Jordans, M.J.D 2001. Internship on Psychosocial counseling for children. Center for Victims of Vorture (CVICT), Kathmandu<br>ग. Poudyal, B.N, Van Ommeren M. 2000. CVICT Psychosocial Counseling Internship Progarmme Proceedings, Centre for Victim of Torture (CVICT) Kathmandu | १८० मि |
| १२. | मानव बेचबिखन तथा ओसारपसारका अपराधीहरूको सफल अभियोजन तथा साक्षी र पीडितहरूको सुरक्षाका लागि सरोकारवालाहरूको दायित्व र भूमिका | - प्रवचन<br>- मस्तिष्क मन्थन<br>- छलफल | क. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन र नियमावली<br>ख. मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अधिकारमा आधारित उपायबारे दिग्दर्शन<br>ग. अपराधशास्त्र, माधवप्रसाद आचार्य, रत्न पुस्तक भण्डार, २०५७, पेज १९२-२०२ | १२० मि |

सत्र ११

समय : १८० मि.

# मानव बेचबिखन तथा ओसारपसार अपराधको पीडित तथा साक्षीलाई मनोसामाजिक परामर्श

## उद्देश्य

- मनोसामाजिक सुस्वास्थ्य बारे जानकारी गराउनु
- बेचबिखन तथा ओसारपसारमा परेका पीडित व्यक्तिको मनोसामाजिक सु-स्वास्थ्य बनाउन गर्नुपर्ने कुराहरूबारे जानकारी गराउनु

## यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू

१) मनोसामाजिक सु-स्वास्थ्य भनेको के हो

२) बेचबिखन तथा ओसारपसारमा परेका पीडित व्यक्तिको मनोसामाजिक सु-स्वास्थ्य बनाउन गर्नुपर्ने कुराहरू

यस पाठअन्तर्गत विशेष गरी बेचबिखन तथा ओसारपसारमा परेका पीडित व्यक्तिको मनोसामाजिक सु-स्वास्थ्यसम्बन्धी जान्नुपर्ने आवश्यक जानकारीको बारेमा प्रस्टचाइएको छ। अरू कुनै समूहभन्दा पनि बेचबिखन तथा ओसारपसारमा परेका पीडितको मनोसामाजिक स्वास्थ्यमा अत्यन्तै गम्भीर असर परेको पाइन्छ। यस्ता व्यक्तिलाई परिवार तथा समाजमा समायोजन हुन अति नै कठिन हुन जान्छ र यसको परिणामस्वरूप ती व्यक्तिहरूमा जटिल खालका मनोसामाजिक समस्या उत्पन्न हुन जान्छ।

यदि यस्ता समस्यालाई समयमा नै ध्यान पुऱ्याउन सकिएन भने बेचबिखन तथा ओसारपसारमा परेका पीडित व्यक्तिमा सामान्यदेखि जटिल खालका मानसिक समस्याहरू हुन सक्ने सम्भावना अत्यधिक हुन जान्छ। यस्ता मनोसामाजिक तथा भावनात्मक समस्याहरू कम गर्नमा समाजको महत्त्वपूर्ण भूमिका हुन सक्दछ।

जसरी परालमा आगो लागेपछि थप पराल राख्दा खेरी आगो झन्झन् बढी सल्कने सम्भावना हुन्छ भने पानीले तुरुन्त निभाउने काम गर्न सक्दछ त्यसरी नै बेचबिखन तथा ओसारपसारपश्चात् फर्केका पीडितहरूको लागि समाजले निश्चित रूपमा थप पराल भन्दा पनि पानीको भूमिका गर्नुपर्ने हुन्छ। जसले गर्दा ती पीडित व्यक्ति त्यस समाजमा सजिलैसँग मनोसामाजिक तवरबाट समायोजन गर्न, पुनर्स्थापन गर्न सक्दछन्।

## ११.१ मनोसामाजिक सुस्वास्थ्य भनेको के हो ?

मनको बिमारी मानव जातिको समाजमा समायोजनसँग सम्बन्धित कुरा हो। हृदयमा चोट लाग्नाले व्यक्ति मनको बिमारी हुन पुग्दछ। मनको बिमारीले बिस्तारै शरीरलाई पनि नाश गर्छ। शरीर र मन अन्तरसम्बन्धित भएका हुनाले एउटामा समस्या आउँदा दुवै प्रभावित हुन्छन्। मुख्यतः मन मस्तिष्क, संवेग, परिकल्पना तथा स्मरणसँग सम्बन्धित हुन्छ। बेचबिखन तथा ओसारपसारमा परेको पीडित व्यक्तिको हृदयमा चोट लागेको हुन्छ र उनीहरूलाई बितेका दिनका कष्टदायी सम्झनाहरूले दुःख दिइराखेका हुन्छन्। जसले गर्दा पीडित व्यक्ति वर्तमान जीवनप्रति सशङ्कित, कलङ्कित, असुरक्षित, अत्यधिक डर/क्रोध भावना, दोषीपना तथा भविष्यप्रति निराश हुन पुग्दछ। उसले चारैतिर प्रतिकूल परिस्थितिहरू मात्र देख्दछ। यसकारण पीडित व्यक्ति मनोसामाजिक/मनोवैज्ञानिकरूपमा स्वस्थ रहन उसको मनमस्तिष्क, संवेग, परिकल्पना स्मरण पूर्ण र स्वस्थ हुनुपर्दछ। शारीरिक उपचारले मनोवैज्ञानिक/मनोसामाजिक समस्या समाधान हुन सक्दैन। जसरी रुखको हाँगा अथवा फलमा औषधि छर्किनु भन्दा जरालाई स्वस्थ बनाउनुपर्छ ठीक त्यसरी नै यो कुरा मनोवैज्ञानिक स्वास्थ्यमा लागू हुन्छ। अर्थात्, समस्याको मुल करणलाई जरैबाट निर्मूल पार्न मनोसामाजिक मनोविमर्श आवश्यकता पर्दछ।

मुख्य बुँदा :

- व्यक्तिको मन/आत्माले त्यसलाई बिरामी अवस्थामा सहारा दिन्छ, तर मन/आत्मामा चोट लागेको छ भने कसले त्यसलाई निको तुल्याउन सक्छ
- प्रशन्न मन/आत्मा/हृदयले औषधीको काम गर्दछ तर घायल/आघातमा परेका हृदय/मन/आत्माद् हड्डी गलाउँछ।

## ११.२ मनोसामाजिक रूपले स्वस्थ्य

क) प्राप्त गर्न सक्ने खालको लक्ष्य राख्दछ, गर्दछ।
ख) आफ्नो दायित्व र जिम्मा पूरा गर्न सक्छ।
ग) आफ्नो मनको कुरा गुम्स्याउने गर्दैन।
घ) आफ्नो मनको कुरा राम्ररी अरूसँग व्यक्त गर्न सक्छ।
ङ) अरूसँग धुलमिल हुन सक्छ।
च) आफ्ना र अरूका कुरा स्वीकार गर्दछ।
छ) बितेका कुराको चिन्तामा डुब्दैन
ज) विश्वास तथा अविश्वास समय अनुकूल गर्न सक्छ।
झ) दोष र निर्दोष भन्ने छुट्याउन सक्छ।

## ११.३ मनोसामाजिक रुपले अस्वस्थ्य

क) प्राप्त गर्न नसक्ने खालका लक्ष्य निर्धारण गर्दछ ।
ख) आफ्नो दायित्व र जिम्मा पूरा गर्न सक्दैन ।
ग) आफ्नो मनको कुरा गुम्स्याएर राख्दछ ।
घ) प्रायजसो आफ्नो मनको कुरो व्यक्त गर्न सक्दैन ।
ङ) डर, लाजको कारणले अरूसँग घुलमिल हुन सक्दैन ।
च) प्रायजसो अरूको कुरा स्वीकार गर्न खोज्दैन
छ) बितेका कुरालाई लिएर चिन्ता मै डुबिरहन्छ ।
ज) अविश्वास मै डुबिरहन्छ । कसैलाई पनि विश्वास गर्दैन ।
झ) जे कुरामा पनि आफूलाई दोषी ठान्छ ।

## ११.४ बेचबिखन तथा ओसारपसारमा परेका पीडित व्यक्तिको मनोसामाजिक सु-स्वास्थ्य बनाउन गर्नुपर्ने कुराहरू

क) संवेगात्मक तथा सामाजिक प्रतिस्पर्धाका लागि उसको आत्मबल बढाउन सहयोग गर्ने ।

ख) उसका डर, रिस, चिन्ता, लाज, असुरक्षाको भावना, नैराश्यतालाई सन्तुलन बनाइराख्न उसका कुरा राम्ररी सुनिदिएर आवश्यक जानकारी दिने ।

ग) उसको आफ्नो व्यक्तित्व कदर भएको, सामाजिक दायित्व वहन भएको, तथा समाजका अन्य व्यक्तिबाट राम्ररी समझदारी हुन सक्ने भावनाको बोध गराउन आफू रुचि राखेको भनी बोध गराउने ।

घ) स्वमूल्याङ्कन तथा अन्तरज्ञानको भावनाको विकास गर्न उसले विगत गरेका राम्रा कामबारे आवश्यक छलफल गर्ने र उसका राम्रा कुरालाई पटक-पटक दोहोऱ्याएर मानिदिने ।

ङ) आफूलाई ग्रहण गर्ने र स्वनिर्भरता हुने खलाको कुरा गर्ने । जस्तै : मानसिक रूपमा स्वस्थ्य व्यक्ति आफ्ना कमजोर पक्षहरूदेखि डराउँदैन र निराश पनि हुँदैन बरु ती कुरालाई स्वस्थ्य प्रकारले समाधान गर्नेतिर समर्पित हुन्छ । धेरै व्यक्तिले आफुलाई कमजोर, अयोग्य, अभागी र दुःखी ठान्दछन्, जसले मनोवैज्ञानिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्छ तर स्वास्थ व्यक्तिले आफूलाई यथोचितरूपमा (जान्ने सुन्ने अहम् पनि होइन दुःखी पनि होइन) ग्रहण गर्दछ भन्ने कुराको पटक-पटक जानकारी दिने ।

च) युक्तिपूर्ण ढङ्गले समस्याहरू समाधान गर्न जानकारी/हौसला प्रदान गर्नुहोस् । समस्याहरूदेखि लुक्नु, भाग्नु, लजाउनु, गनगन गर्नु, बहाना गर्नु, चिन्तित भएर समाधान नगर्नु मनोसामाजिक स्वस्थ जीवनका लक्ष्यणहरू होइनन् । एउटा स्वस्थ व्यक्तिले आफ्ना समस्याहरू जति नै दुःखदायी भए तापनि त्यसलाई सन्तुलन र युक्तिपूर्ण ढङ्गले जुद्धै समाधान गर्दछ र तपाईले पनि त्यसरी अगाडि बढ्नुपर्दछ । भन्ने कुराको ढाडस दिनुस् ।

घ) आन्तरिक दुविधा र असुरक्षाको भावनाबाट मुक्त रहन प्रोत्साहन गर्नुहोस् । मनोसामाजिक रूपमा स्वस्थ्य व्यक्तिको हृदयमा दुविधाहरूले राज्य गरेका हुँदैनन् । आफ्ना काम कर्तव्य र निर्णयहरूमा दुविधा भएको व्यक्ति बतासले हुतिएर उचाल्दै-पछार्दै गरेका समुन्द्रका बालुवाको लहरी समान हुन्छ । यस्तो दुविधा र असुरक्षित भावनाको मात्रा बढ्दै गएको खण्डमा व्यक्ति जटिल मनोवैज्ञानिक समस्यामा फस्दै जान्छ । तर मनोवैज्ञानिक रूपमा स्वस्थ व्यक्ति आन्तरिक दुविधाको साथै वास्तविक र काल्पनिक दुवै प्रकारका असुरक्षाबाट मुक्त हुन्छ भन्ने भावनाको विकास गराउन ऊसँग पटक-पटक भेटी कुराकानी गर्नुहोस् ।

सत्र १२

समय : १२० मि.

# मानव बेचबिखन तथा ओसारपसारका अपराधीहरूको सफल अभियोजन तथा साक्षी र पीडितहरूको सुरक्षाका लागि सरोकारवालाहरूको दायित्व र भूमिका

**उद्देश्य**

- मानव बेचबिखन तथा ओसारपसार अपराधका अपराधीहरूको सफल अभियोजन तथा पीडित र सक्षीको सुरक्षाका लागि सरोकारवालाहरू को-को हुन् पहिचान गर्ने ।
- कुन-कुन सरोकारवालाको भूमिका के-कस्तो हुन्छ, पहिचान गर्ने ।

**यस सत्रमा छलफल गर्नुपर्ने मुख्य बुँदाहरू**

१) मानव बेचबिखन तथा ओसारपसारका अपराधीहरूको सफल अभियोजन तथा साक्षी र पीडितहरूको दायित्व र भूमिका के-के हुनसक्छन् छलफल गर्ने ।

## १२.१ साक्षी र पीडितहरूको सुरक्षाका लागि सरोकारवालाहरूको दायित्व र भूमिका

सहभागीहरूबीच सानासाना समूहमा छलफल गराउने। तलको तालिका भर्न र प्रस्तुत गर्न कार्याशाला गराउने ।

| सि.नं. | चरण | सरोकारवाला | भूमिका |
|---|---|---|---|
| १ | स्वेच्छिक उद्धार | | |
| २ | अस्थायी शिविर | | |
| ३ | गन्तव्य वा स्रोत राष्ट्रको सुरक्षित वासस्थान | | |
| ४. | सामाजिक मनोविज्ञ | | |
| ५ | कानुनी सहायता | | |
| ६ | जाहेरी दरखास्त | | |
| ७ | अनुसन्धान प्रक्रिया | | |
| ८ | अभियोजन | | |
| ९ | अदालतसमक्ष बयान | | |
| १० | उचित आदेश | | |

## १२.२ अपराधीहरुको सफल अभियोजनका लागि सरोकारवाला र भूमिका पहिचान

सहभागीहरूबीच सानासाना समूहमा छलफल गराउने । तलको तालिका भर्न र प्रस्तुत गर्न कार्यशाला गराउने ।

| सि.नं. | चरण | सरोकारवाला | भूमिका |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

**तलका सामग्रीलाई सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ**

मानव बेचबखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ ले राष्ट्रिय समिति र जिल्ला समितिको व्यवस्था गरेको छ ।

- **नियम ३ मा निम्न व्यवस्था गरेको छ ।**

  **राष्ट्रिय समितिको गठन :**

  (१) ऐनको दफा २३ बमोजिमको राष्ट्रिय समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन् :

  | | | |
  |---|---|---|
  | (क) | सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अध्यक्ष |
  | (ख) | सहसचिव, श्रम मन्त्रालय | सदस्य |
  | (ग) | सहसचिव, गृह मन्त्रालय | सदस्य |
  | (घ) | सहसचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
  | (ङ) | सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
  | (च) | प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
  | (छ) | मानव बेचविखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरु मध्येबाट यथासम्भव समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनीत गरेको तीन जना महिला | सदस्य |
  | (ज) | मानव बेचविखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको दुई जना महिला | सदस्य |
  | (झ) | सह सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य सचिव |

- **त्यसैगरी नियम ४ मा निम्न व्यवस्था गरेको छ ।**

**राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार :**

(१) राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मानव बेचविखन तथा ओसारपसार विरुद्ध आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख) स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ग) विदेशमा अलपत्र परेका पीडितको उद्वार गर्ने तथा निजको सहमतिमा स्वदेश फर्काउने,

(घ) नेपाल सरकारले दिएको निर्देशन बमोजिम केन्द्रले गरेको काम कारवाहीको अनुगमन गर्ने गराउने तथा आवश्यक निर्देशन दिने,

(ङ) जिल्ला समितिको काम कारवाहीको समन्वय तथा अनुगमन गर्ने,

(च) मानव बेचविखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने,

(छ) नेपाल पक्ष भएका मानव बेचविखन तथा ओसारपसारसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रिय सन्धि सम्झौता अन्तर्गतका दायित्वहरु कार्यान्वयनको अनुगमन गर्ने,

(ज) सीपमूलक तालिम लिएका व्यक्ति मध्ये बीउ पूँजी (सिडमनी) उपलब्ध गराउने सम्बन्धी मापदण्ड बनाई लागू गर्ने,

(झ) केन्द्र सञ्चालन निर्देशिका बनाई जारी गर्ने ।

(२) राष्ट्रिय समितिले उपनियम (१) को खण्ड (ग) बमोजिम उद्वार कार्य गर्दा संघ संस्थाहरुसँग समन्वय गरी गर्नेछ ।

(३) ऐन तथा यस नियमावली बमोजिम गरिने उद्धारसँग सम्बन्धित सम्पूर्ण कार्यको अभिलेख राखिनेछ । यसरी अभिलेख राख्दा उद्धार गरिएका व्यक्तिको पहिचान र विवरण गोप्य रहनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकार प्राप्त निकायबाट माग गरेका अवस्थामा त्यस्तो अभिलेख उपलब्ध गराउन सकिनेछ ।

(५) राष्ट्रिय समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

- **नियम ६. जिल्ला समिति गठन**

(१) ऐनको दफा २३ बमोजिमको जिल्ला समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन् :

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (ख) | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय | सदस्य |
| (ग) | जिल्ला प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| (घ) | मानव बेचविखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा जिल्लामा कार्यरत व्यक्ति वा संस्थाहरुमध्येबाट समावेशी सिद्धान्तका आधारमा प्रमुख जिल्ला अधिकारीद्वारा मनोनीत तीन जना महिला | सदस्य |
| (ङ) | प्रतिनिधि, नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति | सदस्य |
| (च) | महिला विकास अधिकृत | सदस्य सचिव |

- **नियम ७. जिल्ला समितिको काम, कर्तव्य र अधिकार :**
  - (१) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
    - (क) ऐन तथा यस नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारीक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,
    - (ख) स्थानीय स्तरमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरुको गठन गरी परिचालन गर्ने,
    - (ग) राष्ट्रिय समितिले दिएको निर्देशन बमोजिम जिल्लास्थित पुर्नस्थापना केन्द्रको अनुगमन गर्ने,
    - (घ) मानव बेचविखन तथा ओसारपसार विरुद्ध जनचेतना अभिबृद्धि गराउने,
    - (ङ) राष्ट्रिय समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने,
    - (च) जिल्लाभित्र मानव बेचविखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने,
    - (छ) मानव बेचविखन तथा ओसारपसारका विरुद्ध जिल्लामा कार्यरत संघसंस्थाहरु बीच समन्वय गर्ने,
    - (ज) मानव बेचविखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक तीन महिनामा सो सम्बन्धी प्रतिवेदन राष्ट्रिय समितिमा पठाउने ।
  - (२) जिल्ला समितिको सदस्य सचिवले ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारवाहीको विवरण समितिको बेठकमा पेश गर्नुपर्नेछ ।

## १२.२.१. पीडितको अधिकार संरक्षणमा प्रहरी एवं सरकारी वकिलको भूमिका[१२] :

- प्रहरी कर्मचारी तथा सरकारी वकिलले पीडितसँग व्यवहार गर्दा सरल, शिष्ट, सभ्य तथा हौसलापूर्ण व्यवहार गर्ने,
- कुनै पनि अपराध वा घटनाबारे सूचना प्राप्त भएपछि अनुसन्धान अधिकारीले सर्वप्रथम पीडितको विवरण अर्थात नाम, थर, ठेगाना, शारीरिक तथा मानसिक स्थितिका बारेमा जानकारी लिने,
- वारदातको सूचना प्राप्त भएपछि प्रहरी कर्मचारीहरु वारदात स्थलमा तत्कालै पुगेर पीडितलाई के कस्तो सहयोग पुऱ्याउनुपर्ने हो सो कुराको यकिन गरी आवश्यक सहयोग तत्कालै पुराउने,
- अनुसन्धान अधिकारीले पीडितलाई उद्धार र अन्य सेवा पुऱ्याउनको लागि सरकारी निकाय, गैर सरकारी संस्थाहरु तथा समाजसेवीहरुसँग सम्पर्क एवं समन्वय कायम गरी आवश्यक सेवा उपलब्ध गराउने,
- वारदात स्थलमा पुग्नासाथ पीडितको शारीरिक अवस्थालाई ध्यानमा राखी तत्काल उपचारको आवश्यकता भएमा नजिकको स्वास्थ्य चौकी वा अस्पतालसम्म पुऱ्याउने व्यवस्था मिलाउने,
- पीडित व्यक्ति महिला भएमा उपलब्ध भएसम्म महिला प्रहरी कर्मचारी समेतको अनुसन्धान

[१२] Cited from Standard Operating Procedure prepared by Daywalka Foundation and National Judicial Academy

समुहले पीडितको राहतको लागि सहकार्य गर्ने,

- पीडित व्यक्ति महिला, अपाङ्ग तथा बालबालिका भएमा यस्ता व्यक्तिको हित संरक्षण गर्न स्थापित सामाजिक संस्थाका प्रतिनिधिलाई समेत पीडितको हितकार्यमा लाग्न अनुरोध गर्ने,
- पीडित भोको नाङ्गो अवस्थामा रहेको पाइएमा साधन श्रोतले भ्याएसम्म शरीर ढाक्ने लुगा कपडा तथा खानेकुरा उपलब्ध गराउने,
- पीडितको परिवार, नातेदार तथा आफन्त व्यक्तिलाई तत्काल खवर गरी दिने,
- पीडितलाई थप पीडा हुनबाट बचाउने र पीडितको परिवार, नातेदार तथा आफन्तलाई असुरक्षाबाट बचाउन सुरक्षाको प्रत्याभूति गर्ने,
- पीडितलाई तत्कालै वारदात स्थल एवं भीडभाडबाट अलग सुविधाजनक स्थलमा राखी मानसिक तनावबाट मुक्त गर्न प्रयास गर्ने,
- वारदातको बारेमा पीडितको भनाई अभिलेख गरेपछि बयान प्रमाणित गर्न अदालतमा उपस्थित हुन पीडितलाई अनुरोध गर्ने,
- पीडितको अवस्था एवं अपराधको प्रकृति हेरी पीडितलाई सम्बन्धित सामाजिक संघ संस्थामा राख्न सहयोग पुऱ्याउने सम्बन्धमा समन्वय गर्ने,
- प्रत्येक प्रहरी कार्यालयले पीडित तथा साक्षीको हकहित संरक्षण गर्न Victim Witness Protection Officer को व्यवस्था गर्नुपर्ने,
- सरकारी वकिलले मुद्दाको स्थिति एवं कार्यविधिबारे आवश्यक जानकारी पीडितलाई जानकारी गराउने, (Notification of Case Status and Court Proceeding)
- पीडितलाई कानुनी परामर्श सेवा (Legal Consultation Service) उपलब्ध गराउने,
- पीडितलाई अदालती कार्यमा सहयोग पुऱ्याउने (Support and Assistance During Court Proceeding) कार्य गर्ने,
- पीडित तथा साक्षीलाई बकपत्रको लागि अदालत समक्ष प्रस्तुत गर्नु पर्दा अवस्था अनुसार उपयुक्त यातायातको सुविधा उपलब्ध गराउने प्रयास गर्ने,
- अनुसन्धान अधिकारीले पीडितलाई स्वास्थ्य उपचारको सुविधा उपलब्ध गराउन पहल गर्ने,
- अनुसन्धान अधिकारीले पीडित तथा साक्षीको सुरक्षाको व्यवस्था गर्ने,
- प्रहरी कार्यालय तथा सरकारव वकिल कार्यालयमा पीडित तथा साक्षी उपस्थित हुँदा प्रतिक्षा गर्ने प्रयोजनको लागि छुट्टै प्रतिक्षालय (Separate Waiting space) को व्यवस्था गर्नुपर्दछ ।
- पीडितको सम्पत्तिको सुरक्षाको व्यवस्था गर्ने तर्फ पहल गर्ने ।

### १२.२.२. पीडितको अधिकार संरक्षण सम्बन्धमा नागरिक समाजको भूमिका[१३] :

- मानव बेचविखन सम्बन्धी कसुरको नियन्त्रण गर्न, कसुरमा परेका व्यक्तिहरुको उद्धार गर्न, पीडितहरुको संरक्षण एवं पुनर्स्थापना गर्न, पीडितलाई आवश्यक क्षतिपूर्ति दिलाउन, कसुरदारलाई न्यायको कठघरामा ल्याई दण्ड सजाय दिलाउन सामाजिक संस्था एवं नागरिक समाजको पनि

[१३] Ibid.

महत्वपूर्ण भूमिका रहेको हुन्छ । अतः यसतर्फ नागरिक समाज बढी सजग रहने ।

- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूर हुन दिन नागरिकमा सामाजिक चेतना ल्याउने कार्य गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूर हुनाको सामाजिक, आर्थिक तथा अन्य कारणहरु पहिल्याई त्यसतो समस्या समाधान गर्न प्रयास गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूर भएको जानकारी प्रापत भएमा तत्काल पीडितलाई उद्धार गर्ने, स्वास्थ्य उपचार गर्ने, मानसिक उपचार गर्ने लगायत अन्य सहयोग पुऱ्याउन अग्रसर रहने ।
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरको जानकारी आफ्नै पहलमा नजिकको प्रहरी कार्यालयमा दिन लगाई कसूरजन्य वारदातलाई कानूनी दायरामा ल्याउने ।
- कसूरको अनुसन्धान प्रक्रिया, भौतिक सबूद प्रमाण संकलन प्रक्रियामा अनुसन्धान अधिकारीलाई आवश्यक सहयोग पुऱ्याउने,
- अभियुक्तको पहिचान गर्न, पक्राउ गर्न र निजलाई न्यायको दायराभित्र ल्याउन हरदम प्रयासरत रहने,
- मुद्दाको सुनवाइको क्रममा अदालतलाई सहयोग पुऱ्याउने,
- आवश्यकता अनुसार पीडितको तर्फबाट कानून व्यवसायीको सेवा उपलब्ध गराउन प्रयास गर्ने,
- पीडितको तर्फबाट अदालती प्रक्रियामा आवश्यक पर्ने सहयोग पुऱ्याउने, मुद्दाको फैसला कार्यान्वयनमा अदालतलाई आवश्यक सहयोग पुऱ्याउने ।

## १२.२.३. विदेशी दूतावास/नियोगका कर्मचारीको भूमिका

**अन्य मुद्दाहरू**

१ **सम्बन्धित निकायहरूलाई झक्झकाउने**

मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई प्रभावकारी ढङ्गले नियन्त्रण गर्न ध्यान दिनुपर्ने एउटा महत्त्वपूर्ण मुद्दा भनेको यससँग सम्बन्धित सरोकारवालाहरू जस्तै प्रहरी ( अनुसन्धान र संयोजन गर्ने निकाय), अभियोजनकर्ता र न्यायालयलाई झक्झकाउनु हो । यस प्रकारको झक्झकाउने कार्य वा सचेतनाको अभावमा पुर्पक्षको समयमा पीडितहरूले धेरै अप्ठ्यारा र लाजमर्दो प्रश्नहरू सामना गर्नुपर्दछ । जबसम्म विभिन्न निकायहरू मानव बेचबिखन तथा ओसारपसारका प्रकृति, कारण तथा परिणामहरूबारे सचेत हुँदैनन्, तबसम्म गर्नुपर्ने ढङ्गले कारबाही गर्न उनीहरू सक्षम हुँदैनन् । अधिकांश मानिसहरू अवधारणागत स्पष्टताको अभावले मानव बेचबिखन तथा ओसारपसारलाई वेश्यावृत्तिकै पङ्क्तिमा राख्दछन् । हाल त्यस्ता निकायहरूलाई झक्झकाउनेबारे कुनै उपाय अवलम्बन गरेको पाइँदैन ।

२ **पर्याप्त प्रशिक्षणको अभाव**

त्यसैगरी दोस्रो मुद्दा भनेको अनुसन्धान र संयोजनका लागि उपयुक्त प्रशिक्षण प्राप्त निकायहरूको

अभाव हो । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अनुसन्धानका लागि आवश्यक सीप, चेतना र तालिम सहितका छुट्टै निकायहरू पनि छैनन् । धेरै अख्तियारप्राप्त निकायहरूका परम्परागत सोचमा बिस्तारै परिवर्तन आउँदैछ । तथापि भारतमा अझै पीडितहरूलाई समेत अनैतिक मानव बेचबिखन तथा ओसारपसार निरोध ऐन, १९५६ अन्तर्गत अपराधीकै रूपमा मुद्दा चलाइन्छ ।

## ३ पीडितलाई सल्लाह र सुझाव

पीडितको सहायताको लागि यो महत्त्वपूर्ण उपाय हो । अपराधीको विरुद्ध बयान दिने क्रममा पीडितले धेरै अप्ठ्यारा प्रश्नहरूको सामना गर्नुपर्ने हुनसक्छ । उचित सल्लाह र सुझावले उनीहरूलाई यस्ता अप्ठ्यारा अग्निपरीक्षाको सामना गर्न बल प्रदान गर्छ । यस सन्दर्भमा अनुभवी तथा तालिम प्राप्त कर्मचारीसहितका गैरसरकारी सङ्घसंस्थाहरूको अत्यन्त महत्त्वपूर्ण भूमिका रहन्छ । तथापि जबसम्म राज्य मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दामा अस्पष्ट रहन्छ तबसम्म यस्ता गैरसरकारी सङ्घसंस्थाबाट सबैप्रकारका मानव बेचबिखन तथा ओसारपसारका समस्यामा नियमित सहायता लिन गाह्रो पर्दछ ।

## ४ फिर्ता पठाउने कार्य

सीमा पारी हुने मानव बेचबिखन तथा ओसारपसारको सन्दर्भमा कानुनी व्यवस्थाले ध्यान दिन नसकेको अर्को पाटो भनेको पीडितलाई उसको सम्बन्धित वासस्थानमा फिर्ता पठाउने कार्य हो । राज्यले कुनै ध्यान नदिएको र केही गैरसरकारी संस्थाहरू मात्र यस कार्यमा संलग्न रहेको अवस्थामा पीडितलाई फिर्ता पठाउने उपायहरू अवलम्बन गर्नु जरुरी छ ।

## ५ सम्मिलन

अर्को महत्त्वपूर्ण मुद्दा भनेको पीडितको सम्मिलन हो । कानुनका विद्यमान प्रावधानहरू अपर्याप्त भएको र त्यही पनि प्रभावकारी ढङ्गले कार्यान्वयन नभएको अवस्थामा, पीडितहरूले उद्धारपश्चात् सामान्य जीवन जीउन सहायता नपाएको अवस्था छ । सहायता गैरसरकारी सङ्घसंस्थाको माध्यमबाट व्यवसायिक तालिमको रूपमा उपलब्ध गराउन सकिन्छ जसले उनीहरूको जिवीकोपार्जनका लागि सहायता पुऱ्याओस् । सम्मिलनसम्बन्धी व्यवस्था नभएको कारण उद्धार गरिएका पीडितहरू फेरि पनि मानव बेचबिखन तथा ओसारपसारका दलालको सिकार हुन पुग्दछन् ।

•